# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०२/२२

छैटौं अधिवेशन

(नवौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको नवौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय ग्याल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय, दार्चुला जिल्ला ब्यास गाउँपालिका वडा नं.७ बस्ने अन्दाजी ३७ बर्षको धनसिंह खाती डडेल्धुरा कारागारमा कैदी जीवनयापन गरिरहेको अवस्थामा १५ गते विरामी भै निज धन सिंह खातीलाइ १६ गते धनगढी रिफर गरिएको र धनगढी अस्पतालले १७ गते कोहलपुरका लागि रिफर गरिएकोमा फेरी त्यो एम्बुलेन्सलाइ १७ गते नै डडेल्धुरा फिर्ता लगि निज धन सिंह खातिको १९ गते दुखद निधन हुन पुगेको छ र जुन प्रकारले त्यहाको जेलर लगायत प्रशासनलाइ हामीले पटक पटक भन्दा खेरि उपचार गर्न पाउने अधिकारका लागि रिफर गिएको ठाउँमा नलगिकन फिर्ता जुन हिसाबले डडेल्धुरा लगिएको छ त्यस प्रति घोर आपत्ती जनाउदै जो मृत धन सिंह खातिको जुन असमायिक निधन भएको छ त्यो मृत्यू के कारणले भएको छ त्यसको लागि माननीय सभामुखज्यू मार्फत प्रदेश सरकारलाई ध्यानाकर्षण गराउदै निजको मृत्यु सम्बन्धी एउटा छानविन समिति गठन गरियोस भन्ने कुरा राख्न चाहान्छु र निज मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतक परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु धन्यवाद ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय **वीरमान चौधरी** लाई समय दिन्छु (समय १२ मिनेट)

**माननीय वीरमान चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारले १९ गते ल्याएको प्रदेश सरकारको नीति तथा कार्यक्रम मलाई लाग्छ आज दोस्रो दिन यसको छलफलको सुरुवाद भएको छ र यो प्रदेश सरकारको अथक प्रयास र मेहनत द्धारा आएको नीति तथा कार्यक्रम यसलाई लिपिवद्ध तरिकाले विगतमा गरिएका कामको समिक्षा सहित के गर्न सकियो के गर्न सकिएन भनेर ४३ बुदामा यसलाइ अलि विवक्त तरिकाले ल्याएको छ र कैयौ कार्यक्रमहरु मैले सरसरती मात्रै होइन राम्रैसँग

हेर्दा कैयौ त्यस्तो कार्यक्रम छ अहिले जुन कार्यक्रम नल्याइ नहुने कार्यक्रम पनि यहाँ जो ल्याएको छ एकदम राम्रो र ठिक छ र यसलाइ केहि कुराहरु छुटाउन प्राथमिकताको क्रममा केहि कुराहरु अझ यसमा समावेश गर्न पनि आवश्यक मैले देख्दछु । यदपी यो ४३ वटा बुदामा सरकारको समिक्षा मात्रै गरिएको छ र बाँकी बुदाहरुमा नीति कार्यक्रमको कुरा भनेर २५३ वटा बुदामा जुन ४३ बुदा छोडेर २१० बुदामा सरकारको नीति तथा कार्यक्रम सम्बन्धी आफ्नो धेरै कुरा राख्ने कोसिस गरेको छ । यद्यपी यो कोसिसको बावजुत पनि मैले कैयौ कुरा छुटेको पनि देखेको छु । कैयौ कुरा राख्नु पर्ने र अहिले टार्गेट गरेर कोभिड-१९ र उत्पादन र रोजगारको कुरा तीन वटालाई प्राथमिकताको क्रममा भनेर सरकारले भनेको छ किन की त्यो प्राथमिकताको क्रममा चाहिने संरचनाहरु, चाहिने मेकानिजमहरु नबनाइकन हामीले चाहे त्यो स्वरोजगार जनतालाई बनाउने कुरा, चाहे त्यो कृषिमा हामी आत्मनिर्भर हुने व्यवसायिक कृषि गर्ने कुरा त्यसको सबै कुराको संरचना भएन भने हामी नीति कार्यक्रममा कृषिमा राम्रो गर्ने र अनुदान दिने र हामीले त्यसलाई ऋण दिने भनेर क्याटागोराइज गरेका छौ तर मैले देखेको अरु यसमा थप गर्नु पर्दछ । हामीले त्यो गरिरहदा हामीले बीउ प्रशोधन गर्यौं, उन्नत बीउको कुरा गर्यौं त यसमा दुइवटा कुरा नीति कार्यक्रममा छुटेको मैले देखेको छु । किन की त्यसको अनुसन्धान केन्द्र खोइ त प्रदेश स्तरको अनुसन्धान केन्द्र स्थापना गर्न जरुरी छ । पशुपंक्षि सम्बन्धी, कृषि सम्बन्धी जसले हामीले आफ्नो उत्पादन हामीले यदी बनाउन चाहान्छौ भने त्यो हामीले गराएनौ भने प्रदेश सरकारलाई यो सुझाव छ कि यसलाई नीति कार्यक्रममा ल्याइयोस नीति कार्यक्रममा समावेश गरियोस भनेर मेरो सुझाव छ यसमा त्यसको सँग सँगै अझ हाम्रो प्रदेश सरकारले सुशासन सम्बन्धी ८२ नं. बुदामा सुशासन सम्बन्धी कुरा हालेको पनि छ तर यसले मैले देखेको नीति कार्यक्रममा यो अपुग्त छ है भनेर मैले देख्दै छु किन भने मैले यहा एकदम कोडै गरेर यहा हेरिराखेको थिए किन कि हामी यो कुरा मैले किन गरिराखेको छु भने जो कुराहरु सदनमा सम्मानीत सदनमा सभामुख महोदय धेरै सांसदहरुले माननीय सदस्यहरुले उठाउँनु भएको सुशासन सँग सम्बन्धी एथेष्ट कुराहरु उठेको छ यसले गर्दा खेरी त्यो एथेष्ट उठेका कुराहरुलाई सरकारले यदी फेरी पनि समिक्षाको दायरामा मात्रै ल्यायो भने हामी कहि न कहि अल्झि राछौ भन्ने कुरा देखिन्छ । त्यसलाइ नअल्झिकन देखिने गरी सरसरती जान जरुरी छ र सुशासन सम्बन्धी ल्याएको कुरा प्रयाप्त छैन त्यो प्रयाप्तताको लागि सरकारले यसमा थप्नु पर्छ । किन की सुशासन सँग सम्बनधीत धेरै कुराहरु जो प्रत्यक्ष जनतासँग सरोकार राख्दछ, शान्तिसुरक्षा सँग सरोकार राख्दछ र यहाँको विकास निर्माणको कुरा देखि लिएर यहाँको सबै कुरा सँग सरोकार राख्दछ धेरै सरोकार राख्ने विषयलाई एउटा लाइनमा राखेर हुदैन यसले अलिकति प्रदेश सरकारले थप यसलाई बढावस भन्ने मेरो सुझाव छ । यसको सँगसँगै महिलाहरु सम्बन्धीको कुरा पनि यहा उठाइएको छ । एउटै सृष्टी सँग दृष्टी भनेर मुल नारा भनेर महिला सम्बन्धी गरिएको छ यस सम्बन्धी यसमा घालमेल गरेको देख्दछु । महिला सम्बन्धी पनि गर्छ त्यसैमा अपाङ्गता सम्बन्धी पनि गर्छ । त्यसैमा दलित गर्छ । त्यसैमा लोउन्मुख त्यस्तो हुदैन त्यसको बर्गिकरण गर्न त खोज्दै छ यसले तर यत्तीको बर्गिकरणले पुग्दैन है महिला र दलितहरु

अझ दलितहरुको विशिष्ट समस्या हो । समाजमा हामी एउटै ठाउँमा एउटै थलोमा छौ तर हाम्रो समाज यित अप्ठ्यारो समाज छ अब भनी नसक्नु सहनै नसक्नु समाज छ । मानवले गर्नुपर्ने व्यवहार नहुने कति चर्को कुरा छ के अल्पसंख्यक लोपउन्मुखलाई हामीले तालिम प्रशिक्षण र जनचेतनाको कुरा मात्रै गरेर हुदैन रोजगारको अलि अलि कुरा गर्दै छौ हामीले तीनलाई विशेष कार्यक्रम ल्याउनुस जसले गर्दा खेरि हामीले चाहेको समाजवाद उन्मुख कार्यक्रम के हो भने हामीले चाहेको समाजवाद उन्मुख कार्यक्रम भनेको प्रत्येक जनताले खान पाउने र भोको नरहने जुन सरकारको नारा छ त्यो रोजगार सँग सम्बन्धीत छ र त्यत्ती मात्रै होइन खाद्य सरोकारसँग पनि यहा कुरा उठाइएको छ । त्यो खाद्य सुरक्षाले मात्र पुग्छ कि पुग्दैन यो खाद्य भण्डारणको कुरा यो सबै कुराहरुलाई यसलाई अलिकति तपाइको जोड दिनुस है किन की समाजवाद उन्मुख भनेको हामी सरहको चेतनाको विकासमा अर्थ राख्दछ र सबै कुरामा हामी सँगको पहुच राख्ने कुरा गर्दछ । सीमान्तकृत, लोपउन्मुख र अल्पसंख्यक समुदाय यो हाउसमा आउने यो नीति कार्यक्रमले ल्याउनु पर्दछ । संविधानले त्यो कल्पना गरेको छ र हामीले यो कुराहरु कहि न कहि हामी संकुचित किन हुदैछौ त्यसको नाममा कहि न कहि गडबडी त हुदै छैन हाम्रो सोचमा हाम्रो चिन्तनमा होइन हाम्रो व्यवहारमा हामी जादा खेरि हाम्रो छुटी राख्या छ कि जस्तो मैले देखेको छु त्यसैले गर्दा खेरी मेरो सुझाव ल्यावस सरकारले त्यस्तो ल्याएकोमा नराम्रो छैन यसमा राम्रो छ तर ठिक छ तर यसमा थप्नु पर्छ यो कुरा यो हामी थप्न सकेनौ भने यसमा के हुन्छ भन्दा खेरि त्यो समुदाय राज्य प्रति उत्तरदायि हुदैन यसले गर्दा यो राज्य प्रतिको उहाहरुलाई पनि उत्तरदायि बनाउन जरुरी छ भन्ने ठान्दछु म सभामुख महोदय यहा धेरै ठाउँमा मैले देखे हो हाम्रो कानून हाम्रो संविधान नेपाल सरकारको संघीय सरकार, स्थानीय तह र प्रदेश सरकारको समन्वय आवश्यक छ यो कुरा म मान्दछु संविधान त प्रदत्त कुरा हो यो तर पनि यसमा चाहि सबै कुरा लेख्दा लेख्दै कहि न कहि मैले भित्रै देखि मैले यसलाई चार पटक पल्टाएर हेरे चार पटक दोहोर्याए हेरे प्रदेश सरकारको अस्थित्व हुने गरिकन संरचना खडा गर्ने कुरा सिरिफ एउटा मन्त्रालयको मात्र भन्या छ पिलिज त्यसो नगर्नुस प्रदेशको आफ्नो संरचना भएन तब तपाइले प्रदेश सरकारको अस्थित्व हराउछ । यो अस्थित्व हरायो भने जो संघीयता माथिको प्रस्न उठ्दै छ सभामुख महोदय त्यो प्रश्न गम्भिर रुपमा उठ्या छ यसलाई व्यक्त गर्ने भन्ने कुरा हरेक ठाउँमा कानूनले दिएको हामीले हाम्रो क्षमता योग्यताले भ्याए सम्म हामीले त्यसलाई स्थापना गर्नुहोस मैले यहा हेरे कहि छ कि कतै छ कि भनेर पल्टाए मैले एउटै मन्त्रालयको मात्रै भेटाए सभामुख महोदय, त्यसैले सभामुख महोदय मार्फत म अनुरोध के गर्न चाहान्छु भने हाम्रो प्रदेश सरकारले सक्दो सम्म यसलाई एथेष्ट प्रयास गरोस सकिन्छ समावेश गरोस मेरो सुझाव छ यसमा अब यहा अरु कुरा पनि मैले यहा देखिराखेको छु धेरै पटक मैले यहा धेरै पटक पल्टाए धेरै पटक हेरे कहि केहि छ कि भनेर तर प्रदेश सभा सम्बन्धी हाम्रो सरकार बोल्दैन के भा को हो हामीले धेरै पटक सांसदहरुले समितिहरुले हामी कराइराख्या छौ तर प्रदेश यो गत बर्ष पनि मैले भेटाएन गत बर्षको पनि सरर मैले एकचोटी हेरे र यो बर्षको पनि मैले कहि चाहि तपाइको प्रदेश सभा सँग सम्बन्धीत कुरा मैले एउटा पनि बुदा

भेटाएन मैले एउटा पनि हो प्रदेश सरकारले बजेट छुट्याएको छ सबै कुरा गरेको छ तर प्रदेश सभा सँग सम्बन्धीत न प्रदेशको माननीयको बारेमा बोल्दछ न यहाँको कर्मचारीको वृती विकासको बारेमा बोल्दछ न यहा प्रविधि युक्त बारे बोल्दछ के कारणले छुट्न गयो के कति कारणले हामीले ध्यान दिन सकेनौ त्यो कुरा यसमा समावेश हुन जरुरी छ । किन की यो कुरा हामी समावेश गरेनौ भने जो यो गरिमामय सभामुख महोदय यो संस्था हो यो गरिमामय संस्थामा प्रदेश सरकारले नीति कार्यक्रममा बोल्नु पर्दछ र बोलेर र यसलाई अझ थप्नु पर्दछ म भन्दछु । प्रदेश सभाको सचिवालयको बारेमा र प्रदेश सभाको सदस्यको बारेमा यहा कार्यरत कर्मचारीको बारेमा हिजो भर्खर म स्मरण गर्न चाहान्छु सभामुख महोदय हिजो भर्खर म अलि ढीला गए केहि कर्मचारी साथिहरुले मलाई अनुरोध गर्नु भयो हामी ८ बजे आउछौ माननीयज्यू हामी ८ बजे देखि बेलुकाको ६ बजे सम्म बस्छौ तर सबै ठाउँमा कर्मचारीको भत्ताको थप व्यवस्था हुन्छ तर हामीलाई दिइदैन तपाईहरुले यो कुरा उठाइदिनु पर्यो मलाई ५-७ जना कर्मचारी साथिहरुले अनुरोध गर्नु भो मैले हेरे त्यो पनि देख्दैन कहि भनेको हामीले प्रदेश सभा त एउटा संरचना हो नि त्यसले गर्दा खेरी यो कुरालाई राम्रो सँग मेरो सुझाव के छ भने प्रदेश सरकारलाई अझ पनि केहि बिग्रिया छैन यसलाई हाम्रो माननीय सभामुख महोदय मार्फत माननीय मुख्यमन्त्रीजी यही हुनुहुन्छ प्रदेश सरकारको प्रमुख त्यसैले गर्दा खेरी यसलाई उहाहरुले समावेश गराउनुस मेरो विशेष अनुरोध छ यसमा र यसको सँगसँगै त्यत्ती मात्रै होइन यो हामीले एउटा राम्रो नारा ४ वटा नारा राम्रो देखे एउटा स्वस्थ नरहौ र भोकै नरहौ भन्ने एउटा नारा, महिला सम्बन्धी आर्को नारा, स्वास्थ्य सम्बन्धी अर्को नारा त्यस पछि गएर कृषि सम्बन्धी नारा यो जो छ यो कुरालाई पनि हामीले यदी यो कुरालाई भएको कुरा हामीले राम्रो सँग समिक्षा गरेर यसलाई कार्यान्वयन गर्ने दिशातिर हामी गयौ भने मलाई लाग्छ यो पनि धेरै राम्रो छ नराम्रो होइन म यसको समर्थन गर्दछु त्यो छदै छ तर पनि फेरी यसले गर्न खोजेको मैले देखेको केहि कुरा जो छुट्न गएको छ यो कुरालाई हाम्रो प्रदेश सरकारले एथेष्ट समावेश गर्ने कोसिस गर्ने छ म अनुरोध गर्न चाहान्छु । उद्योग सम्बन्धी नीति उद्योग सम्बन्धी नीति यहा सानो र मझौला उद्योग आएको छ र हामी हो हाम्रो कार्यक्षेत्र भित्र भएर केहि कानूनी बाध्यता पनि होला त्यो मान्दछु म तर हामी हाम्रो प्रदेशको लेण्ड दिदा खेरि जमिन दिदा खेरी हामी के सहुलियत दिन्छौ हाम्रो नीति कार्यक्रममा आउन जरुरी छ । जस्तै मान्नुस हामीले यहा ठुलठुलो उद्योग स्थापना हुने हामीले कर छुट दिन्छौ कि तीनलाइ हामीले दिएको जमिन बापतको हामीले छुट दिन्छौ कि कसरी हामी लगानी भित्राउन सक्छौ यही नीति कार्यक्रममा बोल्नु पर्छ । हामीले साना, मझौला उद्योगहरु दिने भन्यौ ठिक छ त्यो कुरा स्थानीय तह सँग समन्वय गर्ने त्यो ठाउँमा जाने कुरा ८८ वटा स्थानीय तहमा त्यसमा मेरो विमती होइन तर हाम्रो प्रदेश सरकारको पहलमा लगानी भित्राउदा खेरी हामी यहा उद्योग रोजगार स्थापना गर्दा खेरी हामी व्यापारीहरुलाइ र लगानीकर्तालाइ हामीले के सहुलियत दिन्छौ हाम्रो नीति कार्यक्रमले बोलेन भने भोली तपाइहरुले न ऐन बनाउन सक्नु हुन्छ न कुनै कार्यविधी बनाउन सक्नु हुन्छ न कुनै निर्देशिका बनाउन सक्नु हुन्छ त्यस कारणले गर्दा खेरी यो नीति कार्यक्रममा यो पर्न जरुरी छ यदी यो परेन भने हामी भोली

फेरी हामी गोलचक्करमा फस्छौ कि हामी कहा फस्यौ फेरी कहा अडक्यौ भनेर हामी फेरी गोलचक्करमा फस्न थाल्छौ त्यसैले गर्दा खेरी यो कुरा मेरो प्रदेश सरकारलाई सुझाव छ यो समावेश गरियोस भनेर अब अर्को कुरा संविधानले दिइसकेको संघीय सरकारले दिइसकेको कहानिर विद्युत उत्पादनमा हामीलाई कसले बन्देज लगाइराछ मलाइ थाहा छैन हाम्रो प्रदेश यति महत्वपूर्ण प्रदेश हो कि जनविद्युतमा मेरो सुझाव के छ भने यहा भन्न त भनिएको छ सरकारी, नीजि, साझेदारीको कुरा पनि उठाइएको छ त्यस पछि स्थानीय तह सँग र संघ सरकारसँग मिलेर गरेने कुरा पनि उठाइएको छ तर हामि ३ बर्ष नीति कार्यक्रम भैसक्यो मेरो यसमा सभामुख महोदय अनुरोध के छ भने यसमा प्रदेश सरकारको लगानीमा कति मेघावाट विद्युत हामीले उत्पादन गर्ने क्षमता राख्दछौ ३ बर्ष तेस्रो बर्षको नीति कार्यक्रम आइसक्यो सभामुख महोदय तर हाम्रो प्रदेश सरकारलाइ १ मेघावाट विद्युतको सम्भावेता अध्ययन डिपिआर र डिटेल प्रोजेक्ट एउटाको पनि बनाउन सक्दैनौ डिपिआरको नाममा हामी करोडौ खर्च हुन्छ र यो कुरा कुनै पनि कुरालाई टार्गेट गरेर गयो भने सम्भव हुन्छ भन्ने म ठान्दछु यही कुरा सुझाव दिदै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदयज्यू आज हामी प्रदेश सरकारको नीति तथा कार्यक्रमको छलफलको दोस्रो दिनमा हामी गैराखेका छौ । यो हाम्रो संवैधानिक प्रक्रिया भित्र पर्छ । अब नीति तथा कार्यक्रमका बारेमा पूर्ववक्ता साथिहरुले धेरै कुरा बोलीसकेका छन् यसमा एउटा गम्भिर कुराहरु नीति तथा कार्यक्रमको ८४ बुदामा संविधानले एभाइड गरेको कुराहरु जनयुद्ध भन्ने शब्द राखेको छ म यहाँ स्मरण के गर्न चाहान्छु भने त्यो बेला राख्ने कि नराख्ने भनेर धेरै कुराहरु चलेको थियो । त्यो बार्तामा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, बाबुराम भट्टराई, देव गुरुङ्ग, कृष्ण महरा हुनुहुन्थ्यो । नेपाली कांग्रेसका तर्फबाट कृष्ण सिटौला लगायत तत्कालिन एमालेबाट पनि नेताहरु हुनुहुन्थ्यो । यो कुरा संविधानमा राख्न उपयुक्त नभएको हुनाले सशस्त्र संघर्ष राख्नु पर्छ भनेर सहमति भएर यि कुराहरु राखि सकेका कुराहरु छन् त्यसैले आज यो प्रदेशमा बुदा नं.८४ मा जनयुद्ध भनेर ल्यायो त्यो संविधानको मुल मर्म र भावना विपरित भएको हुनाले म यसमा दुख व्यक्त गर्न चाहान्छु नेपाली कांग्रेसले यसलाई गम्भिरताका साथ लिएको छ । संविधानको मुल स्प्रिडका आधारमा हरेक सरकारले त्यो हाम्रो गाइडलाइन हो त्यो आधारमा चल्नु पर्छ यति पनि हेक्का नराख्नु भनेको यो गैरजिम्मेवारी कुरा हो भन्ने मलाई लाग्छ । र अर्को कुरा अहिले कोरोनाको कहर धान्नै नसक्ने अवस्थामा आयो जब लकडान भयो मुख्यमन्त्री लगायत सबै साथिहरु सँग हामीले कुरा गर्यौ संस्थागत ढंगले गर्यौ, व्यक्तिगत ढंगले गर्यौ साहेद हामीले सुझाव दिएको कुरा ग्रहण गर्दा उहाहरुको कद घट्दो रहेछ जस्तो लाग्यो । हामीले यो अवस्था आउछ यसमा सतर्क बनौ यसलाई व्यवस्थापन गरौ भनेर भन्दा अवस्था अब भयाभव आइसक्यो सुदूरपश्चिमका ९ वटै जिल्लाका कुनै स्कुल बाँकी रहेन अब गोठ पनि बाँकी नरहने अवस्थामा छन् । संक्रमितको संख्या ज्यादै बढेको छ अहिले अझ परिक्षणै नभएको धेरै छ अब ती स्कुलमा त क्वारेन्टाइनमा राख्यौ

अब तिनको परिक्षणै हामी गर्न नसक्ने अवस्थामा थपिदै छन् । हजारको संख्यामा थपिदै छन् । त्यसैले गर्दा खेरी म सभामुखज्यू मार्फत हामी यो परिक्षणको दायरालाइ बढाऔ आवश्यक चिकित्सक र किडको व्यवस्था गरौ अब यसलाई सुझाव मान्नु हुन्छ चुनौति मान्नु हुन्छ ५ र ७ दिन भित्रै यो कुरा भएन भने नेपाली कांग्रेस कडा भन्दा कडा कदम चाल्न हामिलाई बाध्य नबनाउनु होला यो सुझाव पनि हो चुनौति पनि हो । हामी सरकारलाई मद्दत गर्न चाहान्छौ यो हाम्रो साझ दायित्व हो तर यो भूमिका त सरकारले निर्वाह गर्नु पर्छ जो सँग स्रोत र साधन छ त्यस कारण म सभामुख मार्फत आग्रह गर्न चाहान्छु । यहा धेरै बुदा २५३ वटा बुदा छन् अब धेरै बुदा केलाएर समय पनि छैन साहेद मलाई लाग्छ नीति तथा कार्यक्रममा बाँकी ५, ७, र १० बर्षको लागि पनि लेख्न बाँकी छैन साहेद मलाई यो १० बर्षको लागि हो की यो सरकार कोरोनाको कहर बढ्दै गए पनि म्याद थपिने हो कि त्यो पनि थाहा छैन त्यसैले यहा राख्नु पर्ने कुरा राखेको छैन यो नीति तथा कार्यक्रमलाई मैले हेर्दा खेरी संघीय बजेट हाल्दा पनि यो पुग्दैन । त्यस्ता क्रियाकलाहरु यहा राखिएका छन् जहासम्म सुदूरपश्चिमको सन्दर्भमा हाम्रो आधार के हो त यहाको आर्थिक प्रगतिका कुराहरमा र यहाको गरिबी न्यूनीकरण गर्ने सवालमा, यहाको बास्तविक स्रोत के हो त हाम्रो त्यसको सम्भावना के हो । मैले बारम्बार भन्ने  गरेको छु हाम्रो यो युनिक प्रदेश हो दुइवटा तराइका जिल्लाहरु छन् ७ वटा पहाडी छन् । तराईका जिल्लालाई कृषि क्षेत्रको व्यवसायिकरण आधुनिकिकरण, पहाडका जिल्लाहरुलाई जलस्रोत देखि लिएर फलपुल तरकारी जडिबुटी देखि लिएर सबै कुराहरुको सम्भावना छन् । त्यसैले एउटा व्यवस्थित त्यो जगमा बसेर त्यो सम्भावनाको जगमा बसेर व्यवस्थित प्लानिङ गरौ जसका लागि योजना आयोग चाहिन्छ यो भन्दा खेरि पनि हामी अहिले सम्म गर्न सकेनौ नीति तथा कार्यक्रमलाई म हेर्छु यो तीन चोटीको बजेट ल्याएको हेर्छु नीति तथा कार्यक्रम कै मेल खादैन अहिले पनि मेल खादैन म दावाका साथ भन्छु । नीति तथा कार्यक्रममा ल्याएका कुराहरु र आउने बजेटको तादम्य मिल्दैन त्यो भोलीको बजेटले देखाउला मलाइ झुट बनाको खण्डमा म खुशी हुला त्यसैले गर्दा खेरी योजना भनेको कुरा व्यवस्थित हुनु पर्छ जसरी खाडि मुलुकमा मुलुकलाई हामी कुन दृष्टिकोणले हेर्छौ यो त तेलका भण्डार हुन यिनिसँग स्थायी स्रोत छ त्यसको व्यवस्थापन गरे धनी बने ए हामी सँग पनि जलका भण्डार छन् । कृषि क्षेत्र उर्वर भूमी छ । जडिबुटी प्रसस्त मात्रामा पाइन्छ यसलाई सही ढंगले व्यवस्थापन गर्न सक्यौ भने मलाई लाग्छ बेरोजगारीलाई पनि न्यूनीकरण गर्न सक्छौ सुदूरपश्चिम प्रदेशलाई आर्थिक प्रगति तिर हामी अगाडी बढाउन सक्छौ त्यो आट गरौ जहा सम्म हाम्रो जलस्रोतको कुरा छ । म करिब करिब ३३-३४ बर्ष अगाडी सभापति बनेको र त्यसै बेला देखि सेती परियोजना बनाउनु पर्छ भनेर बाल पनि फुलि सक्यो बन्दैन म त के भन्न चाहान्छु भने यो सम्मानीत सदनले संकल्प प्रस्ताव पास गरौ नेपाल बनाउन सक्छ त्यसलाइ अब म बढी महत्वकांक्षि हु कि आशावादी हु थाहा छैन हामी संकल्प प्रस्ताव पास गरौ सेती परियोजना बनाउने सवालमा र केन्द्रीय सरकारलाई अनुरोध गरौ बार्षिक १५ अरब रुपैया केन्द्रीय सरकारले हालोस ५ अरब हामी हालौ र बाँकी शेयर खोलौ शेयर चाहिने ओपन गरिदियौ ढाईतीन खरबमा त्यो परियोजना ८-१० बर्षमा हामी बनाउन सक्छौ यदी

त्यो परियोजना बनाउन सक्यौ भने त्यसको रोयल्टीले नै प्रदेशलाई धान्न सक्छ र अरु परियोजना बनाउन हामीलाई सहयोग गर्न सक्छ किन आट नगर्ने हामी आत्म निर्भर बन्न सक्छौ जो राष्ट्रिय गौरवको परियोजना हो । त्यसैले आट गरौ हामी हाम्रो यो साझा कुरा हो साझा संकल्प गरौ र आट गरौ म त्यो आग्रह गर्न चाहान्छु । अब जहा सम्म मुख्यमन्त्री एउटा सम्मानीत पद हो संस्था हो मुख्यमन्त्री स्वंयमसेवक पद देखि लिएर ५-७ ठाउँमा मुख्यमन्त्री कै कार्यक्रम छ अब त्यो यती ५-७ ठाउँ १० ठाउँ राख्न भन्दा मुख्यमन्त्री नीति तथा कार्यक्रमै राखिदिए पनि हुन्थ्यो हामी मान्ने थियौ । अब यो स्वंयमसेवकका कुराहरु यसका मापदण्डहरु के हुन, कसरी परिचालन हुन्छ । कसले पाउँछ त्यो कुरा त आउदैन त यहा त्यसैले यो दुरुपयोग भएको छ । त्यसैले यसलाई संस्थागत ढंगले कुनै अर्को निकायले गर्ने कुराहरु गरेन भने यो खाली आफु खुशीका मान्छेलाई भत्ता खुवाउने र दुरुपयोग गर्ने काम बाहेक केहि हुन सक्दैन यो हुनाले हामी गम्भिर विचार गरौ । अर्को तिर आर्थिक अनुशासन शुन्य भ्रष्टाचारका कुराहरु पनि आएका छन् अब यहि तरिकाले आर्थिक अनुशासन रहन्छ । शुन्य भ्रष्टाचारको कुरा गर्दा खेरी आज शुन्य भ्रष्टाचार होइन लुटतन्त्र चलेको छ । हामीले सुन्ने गरेका छौ योजनामा सेटिङ भएको छ योजना बेचिदै छन् अलिकति केहि प्रभावकारी भएका नेताका ठाउँमा बजेट फ्रिज जादै छ किन भने त्यहा पाउदैनन योजना सेटिङ नभएका कुराहरु अगाढी बढ्दैनन चाहे ती सत्तापक्षका हुन चाहे ती प्रतिपक्षका हुन मैले हिजो सुने सत्तापक्षका साथिहरुका कुरा कति राम्रा कुरा गर्यो कति उत्साहित कुरा गर्यो यो सरकार कमजोर हुन्छ कि भनेर एउटा मनोबैज्ञानिक रुपमा सरकारलाई चाहिने ताकत बन्ने कुरा पनि उहाहरुले गर्यो हामी १२ जना १४ जनाले सरकार ढलाउन सक्दैनौ तपाइहरुसँग ३ तिहाइ छ तर उहाहरुले उत्साहित भएर जव कवज बन्नु भो सरकारको उहाहरुलाई पनि निरास नगर्नुहोला मेरो आग्रह छ सभामुख महोदय त्यसैले गत बर्ष अपार्दशि ढंगले असमान ढंगले सदनलाई अपमान गर्ने ढंगले बजेट आयो हामी प्रतिपक्षले त्यसलाई असहमत जनायौ त्यो सदनलाई प्रयेग गर्ने मात्र काम थियो अपारदर्शि ढंगले असन्तुलित ढंगले ल्याएको बजेटको हामीले गर्यौ विरोध गर्यौ असहमति जनायौ तर बार्ताबाट त्यसलाई टुङ्गो लगाउ भनेर ५३नै जना सांसदहरुलाई विकासमा समावेश गरेर जिम्मेवारी पूर्वक लियौ सदनलाई कन्फिडेन्समा लियौ भनेर हामीले बार्ता गर्यौ । जेन्टलम्यान एग्रिमेन्टको कुरा भयो । हामीलाई आरोप पनि लाग्यो कम्बल ओडेर घीउ खाने भनेर हामी त्यो कम्बल ओडेर ५३ नै जनाले घीउ खाउ भनेका हौ तर लाग्यो अगाडी सर्दा लाग्छ मैले त्यसलाई कुनै गुनासो मानेको होइन । त्यो जिम्मेवारी पनि हो भन्ने जस्तो लाग्छ र हामीले जेन्टलम्यान एग्रीमेन्ट गर्यौ मुख्यमन्त्री भनेको संस्था हो सम्मानीत हो तर पदले त्यो कुरा दिदो रहेनछ । जेन्टलम्यान एग्रीमेन्ट भनेको संस्कार हो प्रवृति हो इमान्दारीता हो नैतिकता हो हामीले हाम्रै साथिभाइ सँग आलोचित बन्यौ ३ महिना सम्म हामीले गरेको एग्रीमेन्ट हामी भन्ने छैनौ भनेर हाम्रै दलमा पनि हाम्रो ठुलो आलोचना भयो । विरोध भयो लिखित एग्रीमेन्ट गरेका छौ उहाहरु सँग छ त्यो कपि हाम्रो आखा सँग आखा जुजाएर कुरा गरुन न लिखित छ । मुख्यमन्त्री सँग छ त्यो कपि हामीले त्यो भनेका थिएनौ । ५३ जनालाइ सहभागि बनाऔ जिम्मेवार बनाऔ सदन तपाइहरुको कपज हो सदनलाइ अर्को

तरिकाले हेर्नु हुन्न भनेर हामीले भनेका थियौ तर आज जेन्टलम्यान एग्रीमेन्ट कहा गयौ । के हामीले गलत कुरा गरेका थियौ । बजेटलाई सन्तुलित गरौ न्यायोचित गरौ सम्पूर्ण माननीय ज्यूहरुलाई जवाफदेही बनाऔ सक्यो त सरकारले के भयो कोभिड के हुदैछ अहिले केहि भा को छैन अब हुदै छ । कस्तो स्थिति आउछ त्यसैले सभालाई नियन्तित नगरौ सम्मान गर्न त जान्नु हुन्न अपमान पनि नगरौ आज संसदहरुलाई १-२, १-२ वटा योजना ल्याउ भनेर मन्त्रालय घुमाउनु हुन्छ जेष्ठ १ गते आएको बजेटको अहिले सम्म अख्तियारी गएको छैन हामी मन्त्रालय जान्छौ मन्त्रालयमा सचिव मान्दैन लास्टमा पिउन मान्दैन भन्छन किन मन्त्रालय चलाउनु पर्यो निकास दिदिनुस पुलिस टेडदैन, पिउन टेडदैन, सिडियो टेडदैन अनि किन ओगटी रहनु हुन्छ त्यो बुढो गोरुले त्यो गौडो ओगटे जस्तो नगर्नुहोस एक सय एक साथिभाइहरु पढे लेखेका केही गरौ भन्ने छन् हाम्रो होइन हामी त छुदै पनि नछुने भन्ने अवस्थामा पुग्या छौ नेकपालाई दिएको हो यो म्यान्डेट निकास गरिदिनुहोस न मान्छे थाकि सके तपाइहरुको अनुहार देख्दा भोट हाल्ने मान्छे वकाइ सके कति चाडो निर्वाचन होला भन्ने अवस्थामा पुगेका छन् त्यसैले सुदूरपश्चिमको लागि अविसाव नबन्नुहोस यो अविसाव हुन्छ बाटो खोलिदिनुहोस नैतिक रुपमा पनितपाइहरुले गुमाइ सक्नु भो सत्ता चलाउने बहुमत भएर के गर्नुहुन्छ । राजा सँग त शत प्रतिशत बहुमत थियो नि गए त राजा यो त आवधिक निर्वाचन हो चलि रहन्छ त्यसैले गर्दा खेरी मेरो आग्रह छ यो अर्गानीक मलको कुरा उठायो ...... यि कुराहरु आउनु पर्यो त्यसैले गर्दा खेरी यो सरकारसँग हामीले बारम्बार आग्रह गर्यौ विकासमा सांसदहरुलाई सहभागि गराऔ यहा कुरा के उठ्छ कतै कतैबाट भने सांसदहरुका यति योजना हाले हुन्छ नि किन हाल्नु पर्यो कस्का योजना हाल्ने योजना आयोग छैन कस्का योजना हाल्ने आम जनताको हाल्ने ती सांसदहरु ५३ जना सांसदले योजना दिदा खेरी ९ वटै जिल्लाका छन् अनि सांसदका योजना नहाल्ने समयमा बजेट नजाने र अर्को कुरा हामीले दिएका योजनाको यो पटक काम हुन सक्ने सम्भावना छैन त्यसको बजेटको सुनिश्चित भएन भने त्यसको परिणाम पनि भोग्नु पर्ला । काम नगर्ने चैत्रका महिना सम्म कोरोना लागेकै छैन असार १ गते त बजेट आको छ अनि ११ गते कोरोना आइसकेपछि अनि त्यो प्रभाव कसरी पर्यो यो किसिमको हल्का कुरा नगरौ र अर्को कुरा मलाई के लाग्छ भन्दा खेरी हामीले तपाईलाई बारम्बार भन्यौ अल्पकालिन ३ महिनाको बजेट ल्याउदा खेरि पनि आग्रह गर्यौ के बजेट ल्याउन उचित छ तपाइहरु कार्यान्वियन गर्न सक्नुहुन्छ भन्यौ जिल्ला समन्वय समिति मार्फत अख्तियारी दियौ प्राविधिक कार्यालयको सहयोग लियौ यो गरे काम हुन्छ शुरुमा प्रदेश सरकारको कमजोरी हुन्छ भनेर हामीले आग्रह गर्यौ अब हामीले दिएका कुरा उल्टो हुदो रहेछ हामी उल्टो दिदा खेरी सुल्टो हुन्छ भने त्यही गरौला मानेनन अब अहिले काहि संयन्त्र छैन ३ वटा जिल्लाको एउटा प्राविधिक छ अब बजेट विनियोजन गरेको कुराहरु खर्चै हुदैन त त्यसैले मलाई के लाग्छ भन्दा खेरी बजेट विनियोजन एउटा पाटो हो उहाहरुको विरोधको समिक्षाको मुल्यांकन गर्ने हो भने यो बजेट पनि २५ प्रतिशत खर्च हुन सक्ने अवस्थामा छैन नीति तथा कार्यक्रममा गरिने छ गरिने छ भाग लिइने छ बजेट हो अरु केहि छैन गरिने छ यो पर्यटनको ओभरसेर डडेल्धुरा, डोटी पठाको छ आज

पर्यटन मन्त्रीज्यूकोमा गए बडा अब हरेक क्षेत्रमा त्यस्तो अवस्था छ मलाई त यती पिडा भएको छ सबै सँग मेरो व्यक्तिगत राम्रो सम्बन्ध छ । म धेरै झगडा गरेर गाली गरेर हिड्ने मान्छे होइन । नगिज्याउनुहोस अपमान नगर्नुहोस मान्छेको स्वाभिमानमा चोट लाग्ने काम तपाइहरु नगर्नुहोस हामी स्वाभिमानका लागि राजनिति गरेका छौ त्यही हाम्रो त्यसैले गर्दा खेरी आफै कोड गरेर माननीय ज्यू कुन योजना हाल्ने भन्छन उता उनिहरुलाइ दिए पछि हामीले योजना हाल्या छौ त भन्नै पर्यो माग्दा पनि यति सम्म हालि हाल्यौ अब त्यो योजनै छैन कालोमोसो लाउनु सिवाय केहि छैन अपमान नगर्नुहोस स्वाभिमानमा चोट लाग्ने काम नगर्नुहोस म कसैको व्यक्तिगत कुरा यहा गर्न चाहादैन हामी एक अर्कासँग राम्रो सँग परिचित छौ । हाम्रो शुभकामना छ हामीलाई इर्स्या छैन तपाइहरु ढंगले काम गर्नुहोस तपाइहरुको जिम्मेवारीमा जवाफदेहिता आवस कांग्रेस तपाइको साथमा छ हाम्रो गन्तव्य एउटै छ । उद्देश्य एउटै छ हामी झगडा गर्न आएका होइनौ हामी त गलत कुरालाई सचेत गराउने हो । सुदूरपश्चिमको आफ्नै किसिमको बेदना र पिडा पनि छ गरीबी छ, अशिक्षा छ यसलाई कसरी चाहि न्यूनीकरण गर्न सकिन्छ सुदूरपश्चिमलाई सुन्दर पश्चिम समृद्ध प्रदेश र सुशासन दिएर सुदूरपश्चिमवासिलाई हामी कसरी शान्ति सुरक्षाको अनुभूति दिलाएर हामी एउटा सुदूरपश्चिमलाई एउटा समृद्ध प्रदेश बनाएर युनिकको रुपमा अगाडी बढाऔ हामी यो रचनात्मक कुरामा सरकारका साथमा कांग्रेस छ प्रतिपक्ष छ कति शालिन तरिकाको प्रतिपक्ष छ कति सालिन तरिकाका सत्तापक्षका सांसदहरु छन् उर्जा छ केही गरौ केही झगडा छैन हामीमा त्यो किसिमको भावनालाई ग्रहण गर्नुहोस सभामुख महोदय म मुख्यमन्त्री लगायतका साथिहरुलाई भन्न चाहान्छु हामी अपमान सदनलाई नगर्नुहोस सदनलाई सदन तपाईहरुको कवज हो सदनलाई कन्फिडेन्सवादी र सांसदलाई कन्फिडेन्समा लिनुहोस सांसदहरुलाई जवाफदेही बनाउनुहोस पठाउनुहोस फिल्ड फिल्डमा यो कोरोनाको कहरमा पनि जवाफदेही दिनुहोस पठाउनुहोस लडेका छन् भिडेका छन् खाली एक-दुइवटा विधेयक तपाईको यो नीति तथा कार्यक्रम पास गर्नु शिवाय सदनको कुनै यसलाई चलायमान बनाऔ त्यसैले गर्दा खेरी म आग्रह गर्न चाहान्छु हाम्रो कुनै झगडा छैन उद्देश्य र गन्तव्य एउटै भएका कारणले त्यसलाई परिपूर्ति गर्ने संयन्त्र बनाउनुहोस । प्राविधिक हिसाबले सत्तापक्ष र प्रतिपक्ष होला हामी एउटै उद्देश्यका साथ अगाडी बढ्न सहकार्य गरेर अगाडी बढौ प्रतिपक्षा दुइवटा दल छौ तपाइका साथमा रचनात्मक कुरामा हामी सहयोग गर्छौं अन्यथा यि भावनालाई तपाईले ग्रहण गर्न सकेन भने जटिलता चाहि आउछ त्यो नआउन दिन तपाईहरुको भूमिका अहम हुन्छ भन्दै यो सदनको शुभकामना व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय प्रेमप्रकाश भट्ट**

माननीय सभामुख महोदय, हाम्रो बैतडी जिल्लाको पुरचुडि नगरपालिका वडा नं.४ मालिका मा.वि.मा रहेको क्वारेन्टाइनमा २० गते ५ बजेतिर सुनिता लुहारको मृत्यु हुन गएको छ उहाप्रति श्रद्धाञ्जली र उहाको परिवार प्रति समवेदना प्रकट गर्दछु । खास गरेर जुन अहिले क्वारेन्टाइनहरुको व्यवस्थापन त्रिपालमा बस्नु पर्ने र विद्यालयका कोठाहरु पनि कम पर्ने जो अवस्था छ यसलाई

क्वारेन्टाइन सम्बन्धी नयाँ एउटा कार्यविधी पेश गर्नु पर्दछ र त्यो अनुसारले म हाम्रो प्रदेश सरकार र संघीय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र अबको यदी इण्डियाबाट आउने चाप बढीराखेको छ यसलाई हामीले धान्न सक्दैनौ र अर्को कुरा हाम्रो किडहरुमा पोजेटिभ देखाएका पिसिआर गर्नुपर्ने थुप्रै मान्छे ७ दिन हुदा पनि अहिले सम्म रिपोर्ट सेती प्रादेशिक हस्पिटलबाट गएको छैन र त्यो धेरै दिन रहयो भने उसै पनि त्यो एउटा नेगेटीभ देखिने भा हुनाले त्यसको पनि कसरी व्यवस्था हुन्छ बढी भन्दा बढी ल्याव टेष्ट गराउने तिर जास भन्ने कुरा पनि म ध्यानाकर्षण गराउन चाहान्छु र हाम्रो अब म यो नीति तथा कार्यक्रम २०७७/०७८ को हाम्रो प्रदेश सरकारले ल्याएको जुन नीति तथा कार्यक्रम छ यो नीति तथा कार्यक्रम सुदूरपश्चिमका जनताको पक्षमा छ यो नीति तथा कार्यक्रम विकट भूगोल जो अहिले सम्म राज्यले चिनेको थिएन त्यो भूगोलको बारेमा पनि बोलेको छ । नहेरिएको भूगोल, लैङ्गिक, जातिय र आर्थिक विभेद गरिएकाको पक्षमा यस किसिमबाट बोलेको छ र यो नीति तथा कार्यक्रम सुदूरपश्चिममा आत्मनिर्भर कसरी बनाउने र समृद्ध सुदूरपश्चिम बनाउने तिर र स्वावलम्बी बनाउने तिर उददत छ । साथै अहिलेको महामारीबाट कसरी बचाउने र यसको कसरी न्यूनीकरण गर्ने भन्ने बारेमा पनि यो नीति कार्यक्रम बनेको छ भन्ने लाग्छ र त्यसैले यो नीति कार्यक्रमको म समर्थन गर्दै यसमा खास गरेर १८-१९ वटा बुदा र नाराहरुमा यसले एउटा आफ्नो कार्यक्रमलाई कसरी अगाडी समेट्ने भन्ने कुरा ल्याएको छ भन्ने लाग्छ । जस अनुसार एक घर एक तालिम प्राप्त व्यक्ति यो नारा पनि एक किसिमबाट यो कार्यक्रम राखेको छ । मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम, लिम्पियाधुरा, लिपुलेक लगायतको राष्ट्रियताको पक्षमा पनि अहिलेको यो नीति कार्यक्रम बोलेको छ यो कालापानी यो क्षेत्र जो एउटा नेपालले चिनेको थिएन जहाका मान्छे जानका लागि भारतको बाटो प्रयोग गर्दै आएका थिए र त्यसलाई पनि कसरी एउटा विशेष क्षेत्रमा राखेर कार्यक्रममा त्यसलाई ल्याउने भन्ने खालले ब्यास पालिकाको ती क्षेत्रहरुलाई पनि यसले बोलेको छ । एक निर्वाचन क्षेत्रमा दुइवटा नवीन उद्योग भन्ने यो गत बर्षकै कार्यक्रम हो त्यसका साथ साथै नयाँ जन्मने बालिका प्रदेश नं.२ ले बेटी बचाउ अभियान गरे जस्तै हाम्रो यहा पनि यसलाई अहिले जुन किसिमबाट राखेको छ यसलाई चेली बचाउ अभियान हाम्रो यहाँको भाषामा हाम्रो चेली भन्छन हाम्रो त्यो किसिमबाट समेटिएको छ । बालिकाको बीमा गर्ने नीतिका कुरा, नमूना गाउँ आफै बनाऔ भन्ने यो कार्यक्रम पनि अगाडी ल्याएको छ र कृषकसँग कृषि विद्यार्थी भन्ने र विद्यार्थी पढ्नेले एउटा प्राक्टीकल गर्नका लागि कृषकसँग गएर गर्ने भन्ने कुरा जो सिकेका कुरालाई त्यहा सीप लगायतका कुराहरु त्यसै गरेर एम्बुलेन्स हामीले अहिले सम्म स्वास्थ्यको मात्र हुन्छ भन्ने सुनेका थियौ तर यसले एउटा पशु र कृषि क्षेत्रमा एम्बुलेन्सको एउटा स्थापना गर्ने । ठाउँ ठाउँमा गएर त्यही उपचार गर्ने भन्ने बाली तथा पशु विज्ञानका लागि पनि यो नयाँ कार्यक्रम हो जस्तो लाग्छ र त्यस्तै गरी मेरो विशेषज्ञता मेरै प्रदेशका लागि भन्ने छात्रवृत्ती र चिकित्सा सम्बन्धमा भन्ने हामीलेयहा अहिले डक्टरको अभावका कारणले गर्दा खेरी हामीले ३३ वटा डक्टरहरु प्लेनमा चढाएर ल्यायौ र तीनी १०-१५ दिनमा केहि मेहमान बनेर १०-१५ दिन पछि फेरी केहि फिर्ता गएका छन् बैतडी जिल्लामा आएका ३

वटा डक्टरहरु त १५-२० दिन पछि सबै फिर्ता गएका छन् त्यो कारणले यही पढाएर यही एउटा विशेषज्ञतामा एउटा डक्टर उत्पादन गर्ने अथवा चिकित्सा शास्त्रबाट अगाडी बढ्ने भन्ने कुरा यो पनि एउटा नयाँ कार्यक्रम आएको छ र स्वास्थ्य सेवा सुदृढीका कार्यक्रम सेती र महाकाली प्रादेशिक अस्पताललाई विशिष्टिकरण गर्ने मुख्यमन्त्री जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, एक विद्यालय एक नर्स एक योग गुरु भन्ने यो कार्यक्रम पनि एउटा नयाँ कार्यक्रम हो र यसले जसले एउटा प्रत्यक्ष विद्यार्थी सँग र विद्यार्थीको एउटा स्वास्थ्यसँग त्यसले उ गर्ने छ । स्वस्थ युवा प्रदेशको खम्बा भन्ने यो खेलकुद सम्बन्धी कार्यक्रम छ यो पनि नयाँ कार्यक्रम आएको छ । प्रदेश गाउँ उज्यालो बनाऔ भन्ने कुरा, प्रत्येक जिल्लामा एक-एक ओटा आधुनिक शहर भन्ने एउटा यो यसको पनि सर्वेक्षण गर्ने भन्ने खाले यसको नयाँ कार्यक्रम नै आएको छ यसलाई पनि एउटा स्वागत योग्य कुरा छ । एक स्थानीय तह एक औद्योगिक ग्राम जलस्रोतको लगानी र नागरिकको आम्दानी भन्ने खास गरेर हाम्रो यसलाई कसरी आत्मनिर्भर बनाउने पछाडि सम्मका लागि जो कुरा अगाडी पनि आए र खास गरेर हाम्रो यो क्षेत्र अथवा प्रदेश भनेको जलविद्युतको लागि सबै भन्दा धनी प्रदेशको रुपमा चिनिन्छ किन भने ७ हजार मेघावाटको हामीसँग पन्चेश्वर प्रोजेक्ट, ७ सय मेघावाटको पश्चिम सेती त्यस्तै गरेर कर्णाली र अन्य पनि हामीले सानसाना नदीहरुमा थुप्रै ३० मेघावाट अहिले चमेलिया चलि राखेको छ र ९ मेघावाट अपी हाइड्रो त्यसै गरी अपर चमेलिया, लोयर चमेलिया लगायतका बनाउन सक्ने थुप्रै छन त्यो कारणले गर्दा खेरी त्यसमा यदी हामीले जनताको लगानी र प्रदेश सरकारको लगानी लाएर हामीले शुरु गर्यौ भने यो प्रदेशलाई एउटा आत्मनिर्भर प्रदेशको रुपमा अगाडी बढाउन सक्छौ र त्यसका साथ साथै नविन उद्योगहरुका लागि जुन किसिमबाट भएका स्रोत साधनहरु ढुंगाहरु बनजंगलहरु यसलाई कसरी प्रयोग गर्ने अब हामीले मार्वलको कुरा गरिराखेका छौ इण्डियाबाट त्यहाबाट मार्वल ल्याउने गर्छौं यो मार्वल बनाउने ढुंगा प्रशोधन गर्ने भन्ने कुरा त्यस्ता मसिनहरु हामीले ल्याउनु पर्यो र त्यस्ता उद्योगहरुलाई कम लगानीमा बढी एउटा खालको त्यस्तै खालको चिप्लो मार्वल नहोला तर मार्वलको प्रयोग हुन सक्ने खालका हाम्रा पहाडका ढुंगाहरुलाई त्यसरी एउटा खालबाट कसारी प्रशोधित गर्ने भन्ने कुरातिर त्यसलाई पनि एउटा आत्मनिर्भर एउटा उद्योगको रुपमा गर्नु पर्छ जुन हाम्रो मुख्यमन्त्रीले पहिले भन्नु भएको थियो भारतमा भएका सबै मजदुरलाई अब यहा ल्याएर नेपालमा ल्याएर रोजगारी दिन्छौ अब त्यो एउटा अवसर आएको छ कोरोनाका कारणले गर्दा खेरी राष्ट्रियताका कारणले गर्दा खेरी मान्छे त्यहा लडाइ भो भने त्यहाबाट लखेट्ने हुन कि भन्ने डरले र यो कोरोनाको कारणले मान्छेहरु गाउँघरतिर आएकाछन् र त्यसको रोजगारको व्यवस्था कसरी गर्ने भन्ने कुरा यी उद्योगहरु र मान्छेहरुले आफै पनि खोलेर त्यहा गर्न सक्ने उद्योगहरुलाई कसरी बढावा दिने र भोलीको आत्मनिर्भर अर्थतन्त्र भोलीको प्रदेशलाई जुन किसिमबाट अहिले आइराखेको सहयोग छ त्यो सहयोग नआउन सक्छ केन्द्र सरकारले नदिन सक्छ त्यो कारणले गर्दाखेरी हामीले हाम्रो प्रदेशलाई आत्मनिर्भर कसरी बनाउने भन्ने खालका प्लानहरुतिर त्यसबाट अगाडी बढ्नु पर्छ भन्ने लाग्छ र थुप्रै कुराहरु यो नीति तथा कार्यक्रममा समेटिएका छन् । प्रदेश अनुसन्धान व्यूरोका कुराहरु, प्रदेश प्रहरीको संगठन

निर्माण गर्ने कुराहरु जुन खालले अहिले थुप्रे हत्याहरु भैराख्याछन् प्रदेश सरकारले त्यसलाई सहयोग र समन्वय मात्रै गर्न पाइराखेको छ र प्रत्यक्ष परिचालन गर्न सकेको छैन त्यो संघीय कानूनले त्यसलाई छिटो भन्दा छिटो कानून आइसकेपछि हामीले त्यसलाई यहाको प्रहरी संगठन देखि लिएर यहाँको हामीले प्रशासनलाई कसरी बनाउने भन्ने कुराहरु जुन यो नीति तथा कार्यक्रममा ल्याएको छ यो अहिलेको कार्यक्रम लागु हुने खालका र गर्न सक्ने खालको यो नीति कार्यक्रम आएको छ भन्ने लाग्छ थुप्रै महत्वकांक्षि योजनाहरु जुन हामीले राखेका छौ यो नीति कार्यक्रम यस सालका लागि मात्रै हो यसको यो एउटा १०-१५ साल सम्म पनि पुरा गर्ने खालबाट जानु पर्छ एक बर्षिय खालको बनाएर मात्र होइन ती कार्यक्रमहरु निरन्तरमा जाने र पछाडिको भविष्य सोचेर पनि गर्नु पर्ने भा को हुनाले यी नीति तथा कार्यक्रमलाई हामीले यस किसिमबाट बुझ्नु पर्छ र त्यस किसिमबाट लग्नु पर्छ भन्ने लाग्छ र त्यसका साथ साथै अहिले यसको समिक्षा पनि जुन गरिएको छ त्यो समिक्षामा प्रदेश सरकारले केही गरेन भन्ने कुरा जुन छ ४३ बुदामा समिक्षा छ के के गर्यो प्रदेश सरकारले भन्ने कुरा २१० कुरामा नीति कार्यक्रम छ र थुप्रै गरेका पोजेटिभ कामहरु पनि यहा लेखिएका छन् । र थुप्रै पुराना कार्यक्रमहरु छुटेकी भन्ने यहा लागेको छ र ती छुटेका कार्यक्रमहरु बजेटमा त्यस किसिमबाट गर्ने छ जस्तो स्वंयम सेविकाका भत्ताका कुरा देखि लिएर तिनि पनि निरन्तर कार्यक्रमको रुपमा अगाडी बढ्ने छन् भन्ने म विश्वास गर्न चाहान्छु र यी थुप्रै पोजेटिभ कार्यक्रमहरु र यो नीति कार्यक्रमले साच्चीकै यसलाई बजेटमा ढाल्ने कसरी मुख्यकुरा त यो अघिल्लो बर्षमा नीति तथा कार्यक्रममा आएका कतिपय विषयबस्तु बजेटमा ढालीएको थिएन त्यसैले गर्दा खेरी घाइते, अपांग, जनयुद्धका घाइते अपांगहरु जो छ त्यो समेटिएको छ र त्यो घाइते अपांग अहिले पनि पिडामा छन् पोरसाल पनि त्यो कार्यक्रममा समेटिएन अहिलेको बजेटमा त्यस किसिमबाट राख्नु पर्छ जसले एउटा आमुल परिवर्त गर्छ जो एउटा यो राजतन्त्र अन्तको लागि एक किसिमबाट लड्यो ती योद्धाहरुका लागि हामीले त्यस किसिमबाट सोच्नु पर्छ र यो कार्यक्रम तथा बजेटमा त्यसको व्यवस्था होस भन्ने कुरा राख्दै यो नीति तथा कार्यक्रमको शुभकामना दिदै यसको पक्षमा सबैलाई यो पास गर्नका लागि प्रतिपक्ष पनि उनिहरुले पनि यसको प्रसंशा गरेका छन् यसको लागि धन्यवाद दिदै म बिदा हुन्छ हवस त ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत भएको छ प्रदेश सरकारका मुख्यमन्त्री लगायत प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहान्छु । २५३ वटा बुदामा प्रस्तुत चालु आर्थिक बर्षको समिक्षा र आउदो आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु कार्यक्रमका रुपमा प्रस्तुत भएको छ । विगत बर्षहरु भन्दा यो बर्ष अलि परिस्कृत ढंगले र अलिकति परिपक्क ढंगले नीति तथा कार्यक्रम आएको महसुस भएको छ । विशेष गरिकन पराधिनताको अन्त्य स्वाधिनताको शुरुवात गर्ने ढंगले नीति तथा कार्यक्रम प्रस्तुत भएको हुनाले अब हाम्रो प्रदेश विगतका बर्षहरुको एउटा रियलाइज गरेर अगाडी बढ्छ कि भन्ने किसिमको कुरामा मलाई विश्वास लागेको छ । रोगबाट बचाऔ भोकबाट जोगाउ भन्ने

खालको महत्वपूर्ण कार्यक्रम यो कोभिड-१९ कोरोना भाइरसको आतंक भैरहेको बेलामा यो एउटा आशाको दियो बन्न सक्छ कि भन्ने कुराहरु यद्यपी यसका कार्यक्रम आउन जरुरी छ । एउटै सृष्ट समदृष्ट भन्ने नारा भनेको समाजमा पछाडि परेका महिला, दलित लगायतको सम्पूर्ण अपांगता भएका मान्छेहरुलाई संरक्षण गर्नको लागि यो पनि क्रमिक रुपले आयो भने अत्यन्त महत्वपूर्ण दुरदृष्टी वा कार्यक्रम छ जस्तो लाग्छ मलाई जस्तो नमूना गाउँ आफै बनाऔ, कृषक सँग कृषि विद्यार्थी लगायतका कार्यक्रमहरु केही लोकप्रिय कार्यक्रमहरु अगाडी सारिएका छन् र केही कार्यक्रमहरु मुख्यमन्त्रीज्यू सँग जोडिएर आएका छन् मैले अनुरोध गर्न चाहान्छु कार्यक्रमहरु आउदा व्यक्ति संस्थासँग जोडिएर आयो भने त्यसको कार्यान्वयन भएन भने स्वंय व्यक्ति र संस्था बदनाम हुने किसिमका कुराहरु हुन्छन त्यसैले गर्दा खेरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेशका मुल कार्यक्रमहरुबाट त्यो कार्यक्रम संचालन गर्ने गरिकन आउनु पर्छ भन्ने कुरा म राख्न चाहान्छु । त्यस्तै गरिकन मैले केहि सुझाव पनि दिन चाहान्छु यो नीति तथा कार्यक्रमको निमित्त नीति तथा कार्यक्रममा गत आर्थिक बर्षमा शुरु भएका र रिजल्ट दिन नसकेका र यस बर्ष कार्यक्रम मै नआएका कार्यक्रमहरु पनि छन् जस्तो द्वारिका देवी महिला सशक्तिकरण कार्यक्रम गत बर्ष २ बर्ष अघिल्लो बर्ष द्वारिका देवी ठकुरानी कार्यक्रम भनेर आयो दोस्रो बर्ष महिला सशक्तिकरण भनियो र यो बर्ष त्यो कार्यक्रम छुटे जस्तो हामीलाई महसुस भएको छ प्रदेशमा ५० प्रतिशत भन्दा बढी करिब ५२ प्रतिशत महिलाहरु रहेको र महिलाहरुको निमित्त ठोस काम यो २ बर्षमा केही पनि नहुन सकेको कारणले यो कार्यक्रमको कन्टीनीटीका लागि म अनुरोध गर्न चाहान्छु । त्यसै गरिकन संविधानले समाजवादमा जाने कल्पना गरेको छ त्यसले विकासको नतिजा कसरी दिने भन्ने खालका कुराहरु पनि विकासका दृष्टिकोण पनि समाजवाद बन्न जरुरी छ भन्ने मलाई लाग्दछ त्यसैले हरेक कार्यक्रमहरु समाजवादी दृष्टिकोण सहितका आउनु पर्छ भन्ने म अनुरोध गर्न चाहान्छु । प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भरतर्फ डोर्याउने कृषि, स्वरोजगार, साना तथा घरेलु उद्योगमा लाग्न प्रेरित गर्ने गरि अनुदान ऋणको व्यवस्था कसरी गर्ने हो र कति युवाहरुलाई कति यहाँका बेरोजगारहरुलाई रोजगार दिने हो भन्ने कुराहरु किटानी भयो भने यो प्रदेशको जनसंख्या कति हो, रोजगारीमा कति आवद्ध छन् स्वरोजगारी कति भए र अब कति बाँकी छन् भन्ने खालको कुराहरु पनि आकलन गर्न सकिन्छ त्यसैले ठोस रुपमा कार्यक्रम आवस भन्ने कुरा म अनुरोध गर्न चाहान्छु । देशको गुरुयोजना अहिले सम्म बनेको छैन त्यस कारणले न योजना आयोग छ न गुरुयोजना बनेको छ त्यसैले कता हिड्ने भन्ने खालको कुराहरुमा पनि अघिल्लो बर्ष एउटा नीति आउने यो बर्ष एउटा नीति आउने भन्ने खालको कुराहरुमा दुवीदा हुन गएको छ यो प्रदेशको गुरुयोजना तत्काल बनोस र योजना आयोग गठन होस भन्ने कुराहरु राख्न चाहान्छु । त्यस्तै गरिकन व्यवसायिक तथा प्राविधिक सीप र शिक्षामा लगानी वृद्धि गरेर यो बर्ष दुइ हजार जना महिलाहरुलाई हामी प्राविधिक एउटा अर्धदक्ष जनशक्तिका रुपमा तयार गर्छौं यो बर्ष यो निर्माण काममा चाहिने यति जना मजदुरहरुलाई हामी यो ट्रेनिङ दिएर दक्ष बनाउछौ भन्ने खालको कुराहरु पनि ठोस रुपमा आउनु पर्छ भन्ने कुरा राख्न चाहान्छु । त्यस्तै गरिकन यो कोरोना भाइरसबाट

बच्न मात्रै होइन सबै प्रकारका रोगहरु हामीले विगतमा अनुमान गर्या छैनौ कति रोगले चाहि पाठेघर खसेका कारणले गर्दा खेरि महिलाहरु मरे कति चाहि स्वास्थ्य रक्त अल्पताको कारणले कुपोषणले मरे भन्ने खालको कुराहरुमा पनि हामीले अनुमान गरेका छैनौ त्यसैले कोभिड सँगसँगै सबै प्रकारका रोगहरु सँग लड्नको लागि पब्लिक हेल्थलाई बलियो बनाउनको लागि पब्लिक हेल्थमा लगानी गर्नु पर्छ र यो नीति कार्यक्रममा ल्याउनु पर्छ भन्ने कुरा म राख्न चाहान्छु । त्यसैले विदेशबाट विशेष गरि अहिले भारतबाट मात्रै आएकाछन् र यतिधेरै हामीले संक्रमित मात्र देखेका छौ यति मान्छेहरुलाई व्यवस्थापन गर्छौ भन्ने खालको कुराहरु गर्या छौ तेस्रो मुलुकबाट मान्छे आउन बाँकी छ त्यसैले यी सबै आउने मान्छेहरुलाई हामीले एउटा आशा भरोसा अब तिम्रो प्रदेशले मात्रै तिम्रो सुरक्षा गर्छ र तिम्रो प्रदेश तिमिले बनाउनु पर्छ भन्ने खालको एउटा जागरुपता ल्याउने र आशा दिने खालका कार्यक्रम पनि ल्याउनु पर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । त्यसै गरिकन यो २०७५ असोज मैले गम्भिर रुपमा ध्यानाकर्षण गर्न खोजे २०७५ असोज १२ गते सम्मानीत प्रदेश सभाबाट निर्णय भएको प्रदेशको नाम र राजधानी राख्ने निर्णय सँगसँगै दोस्रो निर्णय पनि २ नं.बुदाको निर्णय तर्फ म ध्यानाकर्षण गराउन चाहान्छु तत्कालिन सुदूरपश्चिमाञ्चलको प्रदेशको सदरमुकाम दिपायलमा रहेका संरचनाहरुलाई प्रदेश निर्देशनालयका रुपमा प्रयोग गर्ने डिभिजन कार्यालयका रुपमा प्रयोग गर्ने र हाल भैरहेका कार्यालयहरुलाई त्यहाबाट अन्त नसार्ने भन्ने खालको निर्णय भएको थियो तर पछिल्लो समय पृतना हेडक्वाटर, प्रहरी तालिम केन्द्र लगायतका प्रदेशका निर्देशनालयहरु सम्पर्क कार्यालय राखेर धनगढीमा बसेको अवस्था छ त्यसैले स्वास्थ्य निर्देशनालयको हकमा स्वास्थ्य निर्देशक यहा हुनुहुन्छ यस्तो विशम परिस्थिति छ मैले यसमा अन्यथा मानिन तरपनि यि कार्यालयहरु सोही ठाउँमा राख्नको लागि मैले यो प्रदेश सभा मार्फत यो प्रदेश सरकारको पुनः ध्यानाकर्षण गर्न चाहान्छु त्यसैले बैकल्पिक शहरको निर्माणको लागि ठोस कार्यक्रमहरु आएको छैन हामीले तराईमा जनसंख्या केन्द्रीत गर्ने तराइको उब्जाउयोग्य जमिनहरुलाई अतिक्रमित हुने किसिमको अवस्था आउने र पहाडका जनताहरु निरास हुने किसिमका कार्यक्रमहरु हामीले ल्याउनु हुदैन वैकल्पिक सहर तोक्ने कति ठाउँमा हामीले यति ठाउँमा बनाउन सक्छौ त्यो खालको कार्यक्रमहरु आउन जरुरी छ । र पहाडको जनसंख्यालाई पहाडकै डाडापाखाहरुलाई उर्भर बनाउनको लागि उत्प्रेरित गर्न जरुरी छ । त्यसको साथ साथै त्यस्तो ठाउँहरुमा स्वास्थ्य शिक्षाको पनि अपरिहार्यता मान्छेले ठान्छन तब मात्रै जनसंख्या त्यहा रोकिन्छ त्यसको लागि प्रदेशका जिल्लाहरुमा रहेका अस्पतालहरु ९ वटै जिल्लामा रहेका जिल्लाका अस्पतालहरुलाई थप सुविधा सम्पन्न बनाउनु पर्छ । दरबन्दी सहितको डक्टर उपकरण सहितका अस्पतालहरु बनाउनु पर्छ भने शिक्षालाई गुणस्तरिय अस्पताल मैले बिगतमा पनि भनेको थिए बुडानिलकण्ड स्तरका ठुला विद्यालयहरुको संरचना निर्माण गर्नको लागि प्रदेश सरकारले पहल गरोस भन्या छु त्यसको लागि दिपायलमा कर्मचारी एउटा निजामति कर्मचारी विद्यालय भनेर गत बर्ष माननीय मुख्यमन्त्रीज्यूले शुरुवाद गर्नु भएको कार्यक्रम प्रारम्भ भएको छ त्यसको निरन्तरताको निमितत्त अनुरोध गर्न चाहान्छु । त्यस्तै खुटीया दिपायल र दिपायल चैनपुर हुदै उरैभन्ज्याङ जाने

बाटोको निमित्त हामीले खुटीया दिपायल फास्टट्राक एउटा केन्द्र सरकारबाट पनि कार्यक्रम परेको छ त्यो सुरुङ मार्गको लागि भनेर परेको छ वा हामीले दिपायलबाट पनि त्यसको संरचना त्यसको ट्राक खोल्ने कामहरु यतासँग जोड्ने र यहाँबाट पनि त्यो काम गतिका साथ अगाडी बढ्ने हो भने पहाडका जनताहरुमा कम्तीमा पनि आशा हुन्छ त्यो कुराहरु मैले राख्न चाहान्छु । र अर्को कुरा नेपाल सरकारका माननीय अर्थमन्त्रीज्यूले २०७७ जेष्ठ १५ गते संघीय संसदमा बजेट प्रस्तुत गरिरहदा खेरी बुदा नं.१६६ मा मेरो गम्भिर ध्यानाकर्षण भएको छ र यो मुलुककै ध्यानाकर्षण भएको छ भन्ने कुरा म राख्न चाहान्छु । सार्वजनिक शिक्षाको व्यवस्थापन र अनुगमनको जिम्मा नीजि शिक्षालाई दिने अथवा नीजि विद्यालयलाई दिने भन्ने खालको एउटा गम्भिर सरोकारको प्रश्न यो चाहि आम नागरिकहरुबाट आम सर्वसाधारणबाट शिक्षाको अधिकारबाट बञ्छित गरिने किसिमको बाटोमा यो जान्छ कि भन्ने किसिमको भय सरवत्र छ त्यस कारणले गर्दा खेरी शिक्षाको नियमन गर्ने कामहरु, शिक्षाको अनुगमन गर्ने काम र शिक्षाको आम सर्वसाधारणलाई शिक्षा दिने नागरिकको एउटा संविधानको नैसर्गिक अधिकारको निमित्त प्रदेश सरकारले पनि यसलाई गम्भिर निर्णय गरेर संघ सरकारमा पठाउनु पर्छ । नेपाल सरकारलाई दिनु पर्छ जस्तो मलाई लाग्दछ त्यता तर्फ ध्यानाकर्षण गर्न चाहान्छु । त्यसै गरिकन गौशाला व्यवस्थापनको निमित्त प्रदेश सरकारको नीति तथा कार्यक्रममा छुटेको छ हामीले गाइको एउटा चाहि विजोग अवस्था देखेका छौ । यो गाईको विजोग अवस्था भनेको हामीले घरमा दुध खादा सम्म पाल्ने प्रयोग गर्ने त्यस पछाडि गाईलाई घरैबाट लखेटेर जाने खालका कुराहरु हाम्रो धर्म संस्कृति हाम्रो मानवियता र हाम्रो बातावरण इत्यादीको लागि पनि एउटा सैह्य विषय होइन त्यसैले प्रदेशमा व्यवस्थित एउटा व्यवसायिक गौशाला निर्माण गर्नु पर्छ र त्यसमा पनि रोजगारी सृजना गर्ने मल इत्यादी ग्यास उत्पादन गर्ने ढंगले यसको व्यवस्थापन गर्नु पर्छ भन्ने कुरा म राख्न चाहान्छु र यो क्वारेन्टाइन व्यवस्थापनको कारणले गर्दा खेरी ११ जना मान्छेहरुले अहिले सम्म क्वारेन्टाइन भित्र मरेको अवस्था छ त्यसैले अब होम क्वारेन्टाइनतिर हामीले ध्यान दिनु पर्छ जस्तो लाग्छ । अब कोरोनासँग डराउने होइन कोरोनासँगै हामीले बाच्ने किसिमका अभ्यास गर्नु पर्ने भएको हुनाले स्वास्थ्य शिक्षालाई प्रभावकारी बनाउदै यसलाई चाहि हामीले व्यवस्थित बनाउनु पर्छ भन्ने मलाई लाग्दछ । अर्को कुराहरु यो विद्युत विकास बोर्ड गठन गरि १७ बर्ष करिव करिव पश्चिम सेतीको रटान गरिऔ पश्चिम सेती अहिले सम्म बन्न सकेन यो क्षेत्रका मान्छेहरुको समृद्धि र निरासामा यसले ठुलो चोट पुर्याएको छ । त्यसैले गर्दा खेरी मान्छे व्यक्ति समुहले उत्पादन गर्ने खालका स-साना जलिवद्युतहरुमा, हाईड्रोहरुमा पनि लगानी गर्ने ढंगले नीति आउनु पर्छ भन्ने मलाई लाग्दछ त्यसै गरिकन यो भ्रष्टाचारका विरुद्ध कडा रुपमा प्रदेश सरकार नीति तथा कार्यक्रममै प्रस्तुत हुनुपर्छ भन्ने कुराहरु मलाई लाग्दछ । अन्य प्रदेशले गरेका जनपक्षिय कामहरुको सीको समेत यो प्रदेशले लिनु पर्छ किनभने अन्तर प्रदेश सेयरिङका कुराहरु पनि हुनुपर्छ अरु प्रदेशले राम्रो के गरेका छन् । हाम्रो प्रदेशबाट पनि उनिहरुले सिक्ने र हामीहरुले पनि सिक्ने अवसर लिनुपर्छ भन्ने कुराहरु मलाइ लाग्छ । त्यस्तै गरिकन मैले अन्तिममा यो प्रदेशको गरिबी अभाव उपेक्षा सँग एउटा जुध्ने

खालको सम्बोधन गर्ने खालको नीति तथा कार्यक्रम परिमार्जन सहित आवस भन्ने कुराहरु राख्दै यो प्रदेशको नीति कार्यक्रममा मेरो पक्षधरता देखाउदै बीदा हुन्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका**

माननीय सभामुख महोदय, प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम २५३ पन्नाको अत्यन्त महत्वपूर्ण मेहनतका साथ विभिन्न नाराको उपजमा ल्याइएको छ तर म सरकारसँग निबेदन गर्न चाहान्छु । एन्जियोले डोनरलाई हालेको प्रपोजल जस्तै यो नीति तथा कार्यक्रम सरकार आफै एन्जियो बनेको छ आफै नै डोनर बनेको छ यसलाई कार्यान्वयन पक्ष सरकारले लागु गर्न सक्छ वा सक्दैन मलाई संकाको विषय त्यानिर हो । सरकारले गरेका नीति तथा कार्यक्रमहरुमा थुप्रै कुरा छन् लेखेका बकैदा साथ नाराका साथ उल्लेख गरेका छन् । म एउटा मात्र भन्न चाहान्छु । ०७६।०७७ को बजेटमा सभामुख महोदय यही रोष्टमबाट बोलेका कुराहरु आएका कुराहरु नीतिहरु बाटा घाटा त छोड्नुस सन्तरा, स्याउँ, ओखर, मुसुरो खेती, भट्ट खेती लाउने भन्या थियो म प्रदेश सरकारसँग निबेदन गर्न चाहान्छु सभामुख महोदय सन्तला कति बोट कुन लेकमा रोपिएका छन् । ओखर कति बोट रोपिएका छन् । त्यसमा कति जिवित छन् कति मरेर गएका छन् पहाडि भेगमा मुसुरो खेती कति कुन्टल त्यहा आम्दानी भो प्रदेश सरकार आउन भन्दा अगाडीको उपजनी र प्रदेश सरकार आइसकेपछिको उपजनी कति भो त्यसको जवाफ सरकारले दिनु पर्छ । गत सालका योजनाहरु मैले भन्न खोज्या के हो भने कुनै पनि सरकारले नीति बनाउदा खेरी प्रपोजल हाल्दा खेरी गत बर्षको मुल्यांकन प्रतिबेदन जब सम्म आउदैन प्रतिबेदनले सरकारको रिजल्ट देखाउछ त्यो अनुसारले नयाँ नीति बनाएर सरकार अगाडी बढ्छ । विगतका योजनाहरु नहेरीकन हामी यो गर्छु त्यो गर्छु सबै गर्छु भन्या छ यहा समस्या छ कोरोना महामारीको रोगबाट बचौ र भोकबाट बनाउ यहा सबै प्रदेश सरकारका माननीय मन्त्रीज्यू यहि हुनुहुन्छ । सरकार प्रमुख मुख्यमन्त्रीजी यही हुनुहुन्छ । हामी एकचोटी प्रत्येक ९ वटै जिल्लाका स्कुलहरु भरीपूर्ण भैसके भैसा नभएका बाझा गोठहरुमा मान्छे राख्न शुरु भैसके चेक नगरेर गैसक्या छन् । त्यसलाई औषधी उपचारका लागि रोगबाट बचाउन र भोकबाट जगाउनका निमित्त सरकारले ठोस नीति लिएर अगाडी आउनु पर्ने थियो कोरोना महामारीमा यो गर्ने छु भोकबाट बचाउछौ नाराले मात्र हुदैन त्यसका बजेटिङ अरु सरकारले नीति तथा कार्यक्रमबाट छुटेका कुराहरु बजेटमा ल्याउनु पर्छ भन्ने म माग गर्न चाहान्छु । यहाँ वडा नं.१३ मा दलित पनि उहि नै हालेको छ हलिया पनि त्यही नै हालेको छ, कमैया पनि त्यही हालेका छन्, मुक्तकमैया पनि त्यहीलाइ छन, कमलरी पनि त्यही छन् । १०७ बर्ष राणाले ठगेर खाए, ३० बर्ष पञ्चायतले ठगे, ४६ साल देखि ६३ साल सम्म बहुदल बादले ठगे ०६२/०६३ को देखि अब तपाइहरु ठग्दै हुनुहुन्छ । यो जिल्लामा कमलरी कति छन् हाम्रो सरकार आइसकेपछि हामीले कमलरीको यो उत्थान गर्यौं भन्ने बायोडाटा साथ सरकारले उपस्थिति हुनुपर्छ । सुदूरपश्चिम प्रदेशमा हलियाहरुको जनसंख्या ५०० थियो । ५०० हलियालाई हामीले उन्नती गर्यौं उनको गासबास कपास शिक्षाको व्यवस्था उन्नती प्रगति भा छ अब थप रहेका ५०० मा २०० को उन्नती गरौ त्यस्तो कुरो बोल्नु पर्छ नीति बनाउनु पर्छ । विना

योजना विहीनको नाराका साथ लेखिराखु भा छ । म प्रदेश सरकारलाई भन्न चाहान्छु । २१औ सताब्दीको सन्देश छुवाछुत माथिको बन्देज भन्ने नारा थप्नु पर्थ्यो मैले सुझाव दिए सरकारलाई त्यसको बार्षिक कार्यक्रममा ल्याउनु पर्छ । सँगै बसौ र सँगै खाऔमा थालनी गर्नु पर्छ । राज्यको संरचनाबाट, सामाजिक स्तरबाट, मठ मन्दीरबाट कुनै पनि बञ्छित हुन सक्दैन भन्ने कुरा छ । प्रदेश सरकारले छाउपडि प्रथाका लागि दिया छ । गोठ हिजो बस्ने गोठ त्यो भत्काएछन् म गित भन्न चाहान्छु ताखलाया दारीमा लाए सन्तलीका बोट .... छोरीबैनीहरुलाई अहिले गोठबाट ल्याउनु भा छ छाउपडि पर्था र छुवाछुत प्रथा अन्त्य गर्नका लागि कागजमा छुवाछुत अन्त हुदैन म छाउपडि प्रथा मान्दैन भन्दै खाउ न १० गिलास पानी खै त त्यो देउताको धामीलाई पनि सोधौ कति अड्याउदो रैछ । मागि खाने भाडाका रुपमा जुन नीति तथा कार्यक्रममा ल्याएको छ त्यसमा दलितहरुको सीपको आधुनिकरण म भन्न चाहान्छु प्रदेश सरकारलाई हाम्रो सरकार आइसकेपछि बाजुरामा सार्कीहरुको उन्नती कति भो, बझाङमा दमाईहरुको उन्नती कति भो, डोटीमा कामीहरुको उन्नती कति भो यि सबैको प्रगति साथ उन्नती हुन्छ । उनिहरुको सीपमुलक कार्यक्रम हुन्छ सीलाई कटाई कार्यक्रम तपाइहरु आफु ल्याउने आफ्नै कार्यकर्ताकोमा दिने उसले सीप सिक्या मान्छेले सीकेर प्रपोजल बनाएर नीति तथा कार्यक्रम बन्छ । बनाउनु राम्रो हो तर त्यसको कार्यान्वयन पक्ष ठिक छ वा बेठिक छ भन्ने कुरा मुल्यांकन गर्नु त्यसको अनुगमन गर्नु पर्छ । अहिले पनि थुप्रै कुराहरु नीति तथा कार्यक्रममा बकैदा सँग नाराका साथ ल्याइएको छ । म सरकारसँग निबेदन गर्न चाहान्छु जुन कुरा तपाईले मुल्य माहामारीका आधारमा मलाई त लाग्छ मेरो माननीयजीले भनिसक्नु भा छ डल्लो बजेटको बारेमा त्यो डल्लो बजेट फुटाएर भकालो बनाएर बाड्ने बेलाको खुसियालीमा सदबुद्दी आएन कि भन्ने म सरकारलाई निबेदन गर्न चाहान्छु । भकानो बनाएर बाडेका बजेटहरु चैत्र महिनाको कान्तिपुरमा देखि सक्या छौ हामीले ५३ जनाको नाम मिचि राख्ने समानुपातिक प्रदेश सभाका माननीयहरुलाई विभेद गरिराख्ने कति सम्म भजाएर खानु हुन्छ । म यहिनिर भन्छु बन तथा पर्यटन मन्त्रीज्यू उहाको पदउन्नती होस उहाले पोर साल पनि ५ लाख रुपैया दिनु भा थियो एउटा मन्दीरमा अहिले पनि ५ लाख दिनु भा छ उहालाई म धन्यवाद दिन चाहान्छु । रुप्पे दशै लाख हुन तर मेरो इज्जत मेरो सम्मान बचाइदिनु भा छ अर्को मन्त्रीजी यहा हुनुहुन्छ हाल्नु भा छ तपाइले कहिल्यै दिनु भा छ हामीलाई हामी आखामा आखा मिलाएर हेर्छौं । त विभेद एउटा दलित जातिको जनप्रतिनीधि माथि जनताको सेवकलाई शोषण दमन गरिन्छ भने गाउँमा बस्ने दमाई कामीको हालत के हुन्छ तपाइहरुको सरकारको नेतृत्वमा मेरो प्रश्न सरकारसँग हो । के भन्नु हुन्छ तपाईको क्षेत्रमा हाम्रो इष्ट मित्र छैन हामी तपाइको जिल्लामा गाउँमा गएर विरोध गरे के हुन्छ । त्यसैले अझै पनि म सरकारसँग निबेदन गर्न चाहान्छु । सबैलाई समान जनक रुपले तेरो मेरो नभनिकन राज्यको विकास निर्माणमा सबैको सहभागिता गरावस एउटा मुल्ला भन्थ्यो म बर्दिया बस्ने बेला सब की खैर सबकी भला जो दे उसका भि भला जो ना दे उसका भि भला दि हाल्नु हुन्छ तिम्रै नै भलो छ दिनु हुन्न भने तिम्रो नै भलो छ तर मानिसको बीचको चरित्रमा प्रदेश सरकार कति तानाशाह रहेछ कति सामन्तवादी रहेछ, कति शोषणवादी रहेछ, कति दुराचारी

सामन्तवादी सोच भएको सरकार रहेछ भन्ने कुरा यो संसदमा भएका सब माननीय समानुपातिक माननीयज्यूको आत्ममा बुझ्या छ तपाईको मुल्यांकन हामी पनि जनताका प्रतिनिधीबाट पार्टीको मतबाट आएका हो । साथ साथै हामी आफ्नो निर्वाचन क्षेत्रका माननीयज्यूलाई पनि दिया छौ तपाई कति गहिराइमा हुनुहुन्छ हामी सौतेलो नमान्नुस समान रुपमा सबैलाई समेटेर जाउ भन्ने निबेदन गर्दै बिदा हुन्छु हवस त धन्यवाद ।

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको बार्षिक नीति तथा कार्यक्रम सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख सर्मिला कुमारी पन्तज्यूले प्रस्तुत गर्नु भएको छ । विशेष गरि हाम्रो सुदूरपश्चिम प्रदेशमा माननीय प्रदेश प्रमुखज्यूले जुन प्रस्तुत गर्नु भयो प्रदेश प्रमुखज्यूलाई हृदय देखि आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु र सुदूरपश्चिम प्रदेशको चाहि नीति तथा कार्यक्रम हामीले हिजो देखि यसको छलफलमा छौ र यसमा दिने सुझाव र यसलाई चाहि बलियो बनाएर सरकारले कार्यान्वयनका लागि अगाडी बढाउनु पर्ने विषयबस्तुमा हामी गम्भिर भएर आफ्नो स्तरबाट छलफलमा जुटेका छौ । माननीय सभामुख महोदय, आर्थिक बर्ष ०७६।०७७ को समिक्षा सहितको नीति तथा कार्यक्रम जो आएको छ यसका लागि चाहि हाम्रो सुदूरपश्चिम प्रदेश सरकार साथै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई धन्यवाद दिन चाहान्छु । धेरै धेरै धन्यवाद दिन चाहान्छु आभार प्रकट गर्न चाहान्छु कि आफ्नो बजेट कार्यान्वयनको समिक्षा सहितको प्रगति विवरणको समिक्षा सहितको चाहि जो प्रस्तुत गर्नु भएको छ नीति तथा कार्यक्रम यसमा मलाई लाग्दछ केही योजनाहरुका हिसाबले केही योजनाहरु हामीले गर्न नसके पनि अधिकांस योजनाहरु हामीले कार्यान्वयनमा अगाडी बढाउन सफल भएका छौ विशेष गरी युवा लक्षित कार्यक्रमहरु, महिला केन्द्रीत भएर कार्यक्रमहरु, पिछडिएको बर्ग जाति देखि लिएर धेरै कार्यक्रमहरु लक्षित भएर हामीले कार्यक्रम गर्न सफल भएका छौ भनेर चाहि प्रस्तुत गर्नु भएको छ यसका लागि म धन्यवाद दिन चाहान्छु । हाम्रो विशेष गरि सुदूरपश्चिम प्रदेशको तत्कालिन हाम्रो चाहि विश्वमै एउटा खालको महामारीको रुपमा आएको कोरोना भाइरसको व्यवस्थापकिय हिसाबले पनि सुदूरपश्चिम प्रदेश सरकारले जसरी चाहि देशै भरीमा चाहि सबै भन्दा पहिला यसको व्यवस्थापन र यसका चाहि व्यवस्थापकीय सुदूरपश्चिमका जनताहरुलाई परेको अपठ्यारोलाई सल्टयाउनको निमित्त राहात वितरण देखि लिएर धेरै कार्यहरु चाहि तत्काल पनि गरेको देखिन्छ त्यसका लागि पनि मैले सुदूरपश्चिम प्रदेश सरकारलाई हृदय देखि आभार प्रकट गर्न चाहान्छु यो अनिवार्य आवश्यकता पनि हो र तत्कालै गरेका कामहरु र यसको चाहि समिक्षा र प्रगति विवरण गर्दै जादा खेरी धेरै राम्रा कार्यक्रमहरु चाहि यो आर्थिक बर्ष ०७७/०७८ का लागि पेश भएको छ मलाई के लाग्दछ भने केहि बुदा हटाइएको पनि मैले देखेको छु । मेरो नजरबाट पनि केही बुदाहरु हटाउने परिस्थिति र यसका निमित्त चाहि साहेद मलाई लाग्छ केही चाहि केन्द्रसँग नबाझिउन केही समन्वयकारी विषयबस्तुहरुमा सल्लाह बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले चाहि हटायो कि भन्ने मेरो बुझाइ

त्यस्तो छ र यसमा चाहि सुदूरपश्चिम प्रदेशको तर्फबाट जवाफ पनि आउने छ र कार्यक्रमका हिसाबले जो असाध्य लोकप्रिय कार्यक्रमहरु छन् निश्चितै रुपमा पनि लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेत समेटे। एउटा खालको शुरुमै व्यवस्थापकीय हिसाबले त्यहाका जनताहरुका लागि राहात देखि लिएर जुन खालको व्यवस्थापकीय हिसाबले त्यसलाई सम्बोधन गम्भिर ढंगले गर्नु पर्छ भनिएको छ यसमा पनि असाध्य स्वागतयोग्य छ । त्यसै गरी दुरदराजमा पनि यो सरकारले हेर्न सक्दो रहेछ भन्ने कुरा अनुभुति यसले गराएको छ र लोकसेवा आयोग जस्ता चाहि नीति तथा योजना आयोग लगायतका कामहरु पनि अगाडी बढाएको अनुसन्धान व्यूरो जस्ता कार्यक्रमहरुलाई अगाडी बढाएको यो कार्यक्रमले सम्बोधन गरेको छ विशेष गरि गड्डाचौकी देखि कर्णाली राजमार्गलाई स्तरोन्नती गरेर अगाडी बढाउने देखि लिएर यो अनिवार्य आवश्यकता पनि एउटा खालको देखिएको यसको चाहि क्षमता मापन हेर्दा यसको स्तरोन्नती गर्ने जुन खालका कार्यक्रम ल्याएको छ यसका लागि धन्यवाद दिन चाहान्छु । साथै जुन एउटा खालको चाहि एउटै सृष्टी सम दृष्टि भन्ने महिला हिंसा विरुद्ध देखि लिएर सबै जातजाति बर्ग लिङ्गलाई समेटेर यो कार्यक्रम बनाएको छ यसलाई पनि यो पनि असाध्यै स्वागतयोग्य र लोकप्रिय कार्यक्रम छ तर यसमा मैले एउटै सुझाव दिन चाहान्छु प्रदेश सरकारलाई कि यसमा चाहि यसको बजेट छुट्याउने बेलामा जनसंख्याको आधारमा यसको बजेट विनियोजन होस मैले चाहि यो खालको सुझाव दिन चाहान्छु प्रदेश सरकारलाई भने जुन निरन्तरता गरिएका कार्यक्रमहरु छन् ति निरन्तर कार्यक्रमलाई अगाडी बढाउने कुराहरुमा चाहि प्रदेश सरकारको ध्यान जाओस मैले निबेदन गर्न चाहान्छु र जनयुद्ध, जनआन्दोलन जनयुद्धका सहिद, घाइते बेपत्ता परिवार लगायतका असहाय असक्त द्वन्दपिडित वृद्ध वृद्धा सीमान्तकृत लोपउन्मुख जस्ता कार्यक्रमहरुलाई पनि यसले चाहि असाध्य महत्वपूर्ण साथ समेटेको कुरा पनि मलाई हृदय देखि के अनुभूति भैराखेको छ भने बास्तवमै जनयुद्ध एउटा खालको जनयुद्धको जगमा टिकेर चाहि यो महान कार्य गणतन्त्र प्राप्त सम्म एउटा हामीले परिवेश निर्माण गर्यौ जो यसले चाहि नयाँ उर्जा यो देशलाई पैदा गरेको छ । साहेद मलाई लाग्दछ जनयुद्धको चाहि यदी जनयुद्ध हुदैन थ्यो भने यसको परिणाम पनि हुन्थ्यो कि हुदैनथ्यो भन्ने कल्पना पनि गर्न सक्नु पर्दछ त्यसैले जो यो समेट्ने कोसिस गरेको छ प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेट्दा असाध्य सहजीकरण हुन्छ । यसले सबै हाम्रो पिडाहरुलाई सम्बोधन गरेको कुरा यसले हामी सबैका घाउहरुमा मलम लाएको कुराहरुलाई द्वन्दपिडित लगायत सबैलाई चाहि समेट्ने जो कोसिस गरेको छ यसको पनि असाध्य स्वागतयोग्य छ यो अनिवार्य आवश्यकता पनि हो धेरै धेरै हृदय देखि धन्यवाद दिन चाहान्छु । साथै उद्योगहरु लाइ चाहि साना उद्योगहरुलाई व्यवस्थापन गरेर अगाडी बढाउने भन्ने जो प्रदेश सरकारको नीति तथा कार्यक्रममा जो आएको छ यसका लागि अझै धेरै स्वागतयोग्य कार्यक्रमहरु छन् विशेष गरी मेरो विशेषज्ञ मेरै प्रदेशका लागि भन्ने महत्वपूर्ण कार्यक्रम युवाहरुका लागि जो राखिएको छ यसमा मलाई लाग्दछ प्रदेश सरकारले असाध्य अहिलेका युवाहरुलाई लक्षित कार्यक्रम राखेको छ यसका निमित्त मेन कुरा अब हामीले चाहि यि सबै कार्यक्रमहरुलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने कुराहरु धेरै छन् भन्नु पर्ने चाहि धेरै

विषयबस्तुहरु थिए अब हामी सबैले देखेका छौ नीति तथा कार्यक्रमहरु हामी सबैको हातहातमा छ त्यसैले ती धेरै कुरा सम्बोधन गरेको छ त्यसका लागि प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । साथै सुझाव दुइ तीन बुदाहरु मैले सुझाव पनि राखेको छु माननीय सभामुख महोदय, महिला सशक्ति कार्यक्रमलाई चाहि बजेटमा उल्लेखित होस म यसमा जोड दिन चाहान्छु । महिला जनप्रतिनिधीहरुलाई पनि सम्बोधन हुने गरी बजेट राखिनु पर्छ बजेटमा मैले यसमा पनि अनुरोध गर्न चाहान्छु । महिला स्वंयसेविका लाई पनि सम्बोधन हुने कार्यक्रम उनिहरुलाई परिचालन पनि गर्नु पर्यो सम्बोधन पनि गर्नु पर्यो यसमा पनि मैले निबेदन गर्न चाहान्छु । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी अहिले तत्कालीन अवस्थामा स्वास्थ्यकर्मी सुरक्षाकर्मी लगायतका जुन यो कोरोना भाइरसको व्यवस्थापकिय पक्षमा असाध्य महत्वपूर्ण ढंगले खटिएका छन् उनिहरुलाई पनि सम्बोधनको केही कार्यक्रम राखियोस मैले निबेदन गर्न चाहान्छु र यिनै सुझावका साथ अहिले चाहि हामी जो महामारीमा एउटा विशेष परिस्थितिमा छौ यसलाई हामीले सरल ढंगले अगाडी बढाउनका निमित्त यो नीति तथा कार्यक्रमलाई पनि यो ढंगले अगाडी बढावस समयमै यसलाई व्यवस्थापन गरोस सदनलाई लामो बनाउने भन्दा पनि यो सदनको चाहि हाम्रो यो नीति तथा कार्यक्रम बजेटलाई पारित गरेर हामीले चाहि मेन कुरा यसका लागि प्रदेश सरकारले हामी माननीयज्यूहरुलाई पनि परिचालन गरेर हाम्रा कार्यक्षेत्रहरुमा हामीलाई पनि एउटा खालको समावेश हुने खालको कार्यक्रम पनि प्रदेश सरकारबाट होस भन्ने कुराहरु शुभकामना दिन चाहान्छु साथै यो नीति तथा कार्यक्रम पूर्ण रुपले सफल हुने छ र यो सुखि नेपाली समृद्ध नेपालको चाहि जो हाम्रो चाहि परिकल्पना छ यो परिकल्पना र हामी सबैको जीवनस्तर चाहि उकास्ने खालको बातावरण रहने छ सुदूरपश्चिम प्रदेशलाई हामी नयाँ ढंगबाट नयाँ सिराबाट अगाडी बढाउने छौ भन्ने सुझाव राख्दै आफ्ना भनाई टुङ्ग्याउछु धन्यवाद ।

**माननीय दिव्यश्वरी शाह**

सभामुख महोदय, आर्थिक बर्ष ०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रमको प्रस्तुती छलफलमा छौ । महोदय अहिलेको विषम परिस्थितिमा सुदूरपश्चिमका जनतालाई रोग भोकबाट बचाउने हरेक क्षेत्रबाट प्रयास हुन जरुरी छ । औषधी नभएर कोरोना भित्र छटपटाइरहेका टाइम पुगेर पनि बसि राखेका व्यक्तिहरु रोही राखेका छन् । यो सरकारले संघीय सरकारसँग कर बल गरेर जसरी हुन्छ कोरोनाको किटहरु छिटो भन्दा छिटो मगाएर ती छटपटि रहेका व्यक्तिहरुलाई उद्धार गर्ने छ भन्ने मैले आशा गरेको छु । आज हरेक महोदय पिउने पानी छैन, खाने गास छैन, बजारको छेउछेउको टीनको तल यस्तो गर्मिमा साना साना बालबच्चाहरु राखेर बसिराख्या अवस्था छ त्यो कस्ले हेर्ने हो । हिजो मात्रै हाम्रो २ नं. वडाको भन्सार स्कुलमा बसेका १२-१४ जनाको नेगेटीभ देखिएर आफ्नो आफ्नो घरमा गएको अवस्था छ । यस्तै गरी त्रिनगरमा भारतबाट आएका प्रसस्त व्यक्तिहरुलाई राखिएको ठाउँमा काठमाण्डौबाट मौका पारेर आएकालाई पनि तिनिहरु सँगै राखिएको अवस्था छ र जाँचबुझ गरि अलिकति उनिहरुको चेकजाच गरेर उनिहरुलाई घरमा पठाइ

दिए राम्रो हुन्थ्यो की भनेर भन्या हु मैले नगरपालिकामा पनि मैले ती व्यक्तिहरुलाई चेकजाच गरेर तुरुन्त पठाइ दिनु त्यो कोरोना छ छैन भारतबाट आएका व्यक्तिहरुसँग त्यस्तो ठाउँमा नराखिदिनु भनेर रिक्वाइष्ट गर्या थिए । सभामुख महोदय, आजका विकास निर्माणका बारेमा भन्नेहो भने सरकारले गरेका काम जनताको विषयमा घाम जस्तै छरलंग छ यसको पनि जनताका प्रतिनीधिहरुलाई सम्मान गर्न नसके अपमान नगर्न सरकारलाई आग्रह गर्दछु । सरकारले यो भन्दा पहिले पनि २ पटक बजेट ल्याएकै हो यो भन्दा राम्रो बजेट थियो । सोह्र सृङ्गार गरेर प्रस्तुत भएको बजेट थियो सबै माननीय ज्यूले आशा र भरोसाका साथ यही रोष्टमबाट बजेटको स्राहानी गर्नु भएको थियो । त्यो बजेट कहा गयो मैले भन्न त मिल्दैन त्यसको पनि केही न केही लेखाजोखा हुनै पर्छ यो रोष्टमबाट पारदर्शी रुपले यो भन्दा पहिलेका बजेटहरु यसरी यो ठाउँमा खर्च भयो भनेर सरकारले बताउनै पर्छ । सभामुख महोदय दोस्रो मुलुकबाट आएका युवाहरुलाई विना धितो ऋण दिने भन्ने छ । सहकारी कार्य व्यवसायलाई प्रोत्साहन गरिने भन्ने छ अत्यन्त उचित छ सरसरती हेर्दा राम्रो नीति निर्माण प्रस्तुत भएको छ । कार्यान्वयन हुने नहुने पछि थाहा होला महोदय अब म द्वारिका देवी ठकुरानी चन्दज्यूको बारेमा अहिलेको अवस्थामा प्रदेश सरकार दुइ तिहाइ भन्दा पनि तीन तिहाइको सरकार छ जुन सुकै निर्णय पनि गर्ने अवस्था छ र यो सरकारले आफैले निर्णय गरेर दुइ बजेट कतातिर खर्च गर्नु भो त्यो हामी सदनलाई थाहा छैन र एउटा निर्णय अहिले म माग गर्छु द्वारिका देवी ठकुरानी एउटा नेपालकी ऐतिहासिक महिला हुन पन्त परिवारमा जन्मेर चन्द परिवारमा विवाह भएकी बालबच्चा नभएकी एउटा एकल महिला यो राजनिति गरेर यो प्रदेशमा स्वास्थ्य सहायक महिला मन्त्रि भएकी एउटा ऐतिहासिक महिला हुन अहिले उनको नाम लिएर हामी ऐसियाको जुनसुकै राजदुतावासमा गएर पनि उनको सम्मान हुन्छ । त्यस कारणले सम्मान गर्ने एउटा काम यो सरकारले गरिदिवस भन्ने मेरो आग्रह छ र अहिलेको स्थितिमा द्वारिका देवी ठकुरानीको नाममा कुनै पनि ठाउँमा एउटा क्वारेन्टाइन भन्ने लेखेर बनाउन सकिन्छ कि भन्ने मलाई आशा लागेको छ । हुन सक्छ भने कुनै स्वास्थ्य केन्द्र कुनै हस्पिटल सुदूरपश्चिम प्रदेशले द्वारिका देवी चन्द ठकुरानीको नाममा राख्ने प्रयास गरोस भन्ने मेरो आग्रह छ एउटा इतिहास भन्ने कुरा एकै चोटी हुने हो भोली हाम्रो पनि हाम्रा सन्ततीहरुले अहिले हामीले सम्मान नगरे हाम्रा सन्ततीले भोली हामीलाई सम्मान गर्ने छैनन भन्ने धारणा राख्छु म महिलाहरुको विषयमा सशक्तिकरणहरु आएका छन् । कार्यान्वयन हुन्छ हुदैन त्यसमा अहिले एकदमै सँग स्राहानीय गर्ने अवस्था छैन । सभामुख महोदय, प्रजातन्त्र प्राप्ति पश्चात मनमोहनजीको प्रधानमन्त्रीत्वमा आफ्नो गाउँ आफै बनाउ, गरिबसँग विशेश्वर भन्ने कार्यक्रमहरु आएका थिए । ती कार्यक्रमहरु जिल्ला जिल्लामा लागु भएका थिए । हामी त अहिले कुनै जिल्लाको सरकार छ कुनै पनि कार्यक्रम ९ जिल्लामा यो कार्यक्रम हामीले जिल्लामा लगिम भनेर भनिएको अवस्था म देख्दीन र सभामुख महोदय सुदूरपश्चिम प्रदेशलाई मदिरा निधेष सम्भव छैन नियन्त्रण गरौ जथाभावी बेचविखन घरघरमा घरमा बनाउने एकजना कमाउने १० जना गुमाउने अवस्था छ यसको नियन्त्रणको लागि केही न केही नीति बनावस यो सरकारले र ठोस नीति बनाएको खण्डमा नियन्त्रण अवस्य नी हुन्छ भन्ने

जस्तो लाग्छ मलाई ७ बजे देखि ८ बजे सम्म विक्री गर्न पाउँने, १६ बर्ष देखि सानो उमेरका बच्चालाई किन्न नपाउने, खाएर सडकमा अनियन्त्रित हिड्न प्रतिबन्ध लगाए आफै नियन्त्रण भो त अनि हिंसा पनि कम हुन्छ जुवा तास लागु औषध बेचबिखन गर्नेलाई सजाय र जरिवाना गर्ने यती निर्णय भए हत्या हिंसा बलात्कार चोरी जस्ता जघन्य अपराधहरु कम हुन्छन भन्ने मेरो अनुभव हो महोदय, मैले पहिली सबै सँग रिक्वेष्ट गरेर संघीय माननीय लेखराज भट्टज्यूलाई पनि रिक्वाइष्ट गरेको थिए । सभामुखज्यूको मा पनि आए, पर्यटन मन्त्रीज्यूको मा पनि आए एउटा बैश्नपुरको भारद्वाज धाम आश्रम भन्ने चौमालामा अधुरो मन्दीर छ बैष्णपुरहरुले बनाएको म तिर्थ जाद उहाहरुले म सँग बचन दिनु भएको थियो । आज म यो सभालाई अवगत गराउन चाहान्छु । गलत हो सही हो न्याय गर्नुहोला हामीलाई गुरुदक्षणा चाहिन्न गुरु दक्षिणाको सट्टा तपाइहरुले अधुरो रहेको मन्दीरलाई उद्धार गरिदिनुहोला गरिदिनुहोस तपाइ माननीय हुनुहुन्छ कुनै कुनाबाट पनि तपाइले अलिकति व्यवस्था गर्न सक्नु हुन्छ भनेर भन्नु भया थियो । हुन्छ गुरु गर्छु हौसिएर मैले के के न पाउँछु के के न गर्छु जस्तो लागेर म माननीय भए पछि हौसिने कुरै आउछ र सारा ठाउँ रिक्वाइष्ट गर्दा त्यो हुन सकेन बजेटमा मैले राख्या थिए । लेखराज जीलाई मैले एक्लै बोलाएर यस्तो यस्तो छ तपाईको कुनै योजना छ भने त्यसमा हालिदिनुहोस पिलिज मैले गुरुहरुलाई बचन दिएको खेरा जान लाग्यो रात गए अगरास पलाए भोलीको दिन कसले देख्या छ भनेर भन्दा हैन मम्मी अहिले दिने अवस्था छैन सबै बजेटहरु गैसक्या छन् मेरो बजेट पनि तपाइको निर्वाचन क्षेत्र होइन भन्दा हो मेरो निर्वाचन क्षेत्र हो मैले गर्नै पर्छ भनेर भन्नु भो तै पनि म अर्थ मन्त्रीज्यू कहा गएर कुनै ठाउँबाट डल्लो बजेटबाट निकालेर दिन सकिन्छ भने यसको लागि म कोसिस गर्छु भन्नु भो र उहाले पनि कुनै जवाफ दिनु भएन त्यस पछि फेरी म अर्थमन्त्री कहा गए मन्त्रीज्यू लेखराज भट्टज्यूले यस्तो भन्नु भा थियो मलाई तपाई कहा आया होला यो कुरा कुरा त आयो तर अहिले कुनै सम्भव नै छैन तपाईले आउदो बजेटमा नापजोख गरेर कति लाग्ने निर्णय गरेर पठाउनुहोला पर्यटन मन्त्रालयमा पठाउनुहोला र एकप्रति मलाई पनि दिनुहोला भन्नु भो र आउने त आयो योजना त आए मैले लेखेर पर्यटनमा दिएको छु र फेरी मैले अर्थमन्त्रीको मा गएर दिन चाहेन किन मन्त्रालय मन्त्रालय घुमी राख्नु पर्यो अहिलेको यो उमेरमा गएर मन्त्रीज्यू भनेर हात जोड्ने ठाउँ ठाउँमा त्यो मेरो नैतिकताले दिन्न हाल्नु हुन्छ ठिक छ हाल्नु हुन्न त्यो पनि ठिक छ यो योजना पारदर्शी हुन्छ ठिक छ हुदैन भने त्यस पछि यो उमेरमा पनि के गर्नु पर्छ मैले पनि सोच्नु पर्छ र अन्यथा नलिनुहोला म धेरै कुरा यहा भन्न चाहान्न र सबै कुरा आइसके धन्यवाद ।

**माननीय नेपालु चौधरी**

माननीय सभामुख महोदय, हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको आर्थिक बर्ष ०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम हिजोबाट छलफल भएको छ । सरकारले ल्याएको यो नीति कार्यक्रम एकदमै राम्रो छ स्वागतयोग्य छ । र यो नीति तथा कार्यक्रमको स्वागत गर्न चाहान्छु र शुभकामना पनि व्यक्त गर्न चाहान्छु । बास्तवमा अहिले हाम्रो प्रदेश सरकारले ४३ वटा बुदामा

गत बर्षका योजनाका सन्दर्भमा योजनाका साथ साथै केही गरेका र केही गर्न बाँकी रहेका योजनाका सन्दर्भमा विस्तृत रुपमा आएको हामीले पाएका छौ र बाँकी २५३ वटा बुदामा सरकारले ल्याएको नीति तथा कार्यक्रम बहुतै स्वागतयोग्य छ हामीले उठान गर्दै आएको यसै सभाबाट उठान गरेको प्रदेश लोकसेवा आयोग लगायत विभिन्न नीति तथा योजना आयोग लगायतका बाँकी रहेका सम्झौताको शिघ्र स्थापना गर्ने कुरा यो नीति तथा कार्यक्रममा आएको छ हामीले अपेक्षा गरेका छौ बास्तवमा अब छिटै नै प्रदेश लोकसेवा आयोग बन्ने छ यो आएपछि अन्य स्वरोजगार कोषहरु पनि बन्ने छन् भन्ने हामीले अपेक्षा लिएका छौ त्यस कारणले धेरै राम्रो छ र हामीले अहिले ठुलो कार्यक्रम गर्दा धनगढीमा ठुलो हल नपाउने भएको कारणले सरकारले दुइ हजार क्षमताको हल बनाउने पनि यो नीतिमा ल्याएको छ । बास्तवमा स्वागतयोग्य छ बास्तवमा अहिले मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम गत बर्ष हामीले संचालन गरेका थियौ र केही त्यसमा अलि अलि समस्या देखिएको कारणले यसपालि सरकारले त्यसमा आफुले यो कार्यक्रमलाई कसरी अगाडी बढाउने सन्दर्भमा अनुसन्धान र छानविनको प्रक्रिया अगाडी बढाएको छ र हामीले अपेक्षा गरेका छौ यस पटक मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रमलाई सरकारले निरन्तरता दिदै विपन्न परिवार दलित बस्तीमा यो कार्यक्रम यथाशक्य लागु गर्ने छ भन्ने हामीले अपेक्षा लिएका छौ । यसका साथै सुशासनलाई प्रवद्धन गर्दै भ्रष्टाचार नियन्त्रणको नीतिलाई कडाइका साथ लागु गर्ने भन्ने कुरा पनि आएको छ । र हामीले सुशासनका कुरा पनि पटक पटक उठाइराखेका छौ । सुशासन विधेयक पनि हामीले यसै सभाबाट पारित गरेका थियौ त्यस कारणले सुशासन भएन भन्ने कुरा आएको थियो हामीले अपेक्षा गरेका छौ सुशासनलाई प्रवर्द्धन गर्दै भ्रष्टाचारलाई न्यूनीकरण गर्ने कुरामा सरकार अगाडी बढ्ने छ भन्ने कुरा यो नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । त्यसै गरी गरीबी असहाय तथा पिछडिएका बर्गका लागि पिडित नागरिकलाइ निशुल्क कानूनी परामर्स तथा व्यवस्था गरिने छ भन्ने कुरा आएको छ बास्तवमा परामर्श सेवा र सहयोग मात्र होइन त्यस्तो असहायलाई सरकारले सके सम्म धेरै भन्दा धेरै सहयोग गर्ने व्यवस्था गरोस भन्ने कुरा म राख्न चाहान्छु र यो जनशक्तिलाई सीपमुलक तालिम दिइ स्वदेशमै रोजगारी दिने भन्ने कुराहरु उठान गर्दै आइरहेको कुरा पनि अहिले नीतिमा उल्लेख गरेको छ त्यस कारणले अहिले जुन भारतबाट फर्किनु भएको तमाम युवाहरुलाई तालिम दिइ अहिले रोजगारीमा सरकारले कृषि लगायत थुप्रै कार्यक्रममा लगाउने छ भन्ने कुराको अपेक्षा हामीले गरेका छौ । साथै साना तथा गरीब किसानहरुलाई कृषि ऋण उपलब्ध गराउने कुरा हाम्रो नीतिमा आएको छ र साथ साथै सम्भाव्यता अध्ययन गरी तरकारी खेती र फलफुल विशेष पकेट क्षेत्र घोषणा गर्ने कुरा ल्याएको कारणले हामीले अपेक्षा गरौ कृषिमा आत्मनिर्भर हाम्रो देश हाम्रो प्रदेश अब अगाडी बढ्ने छ कृषि क्षेत्र अगाडी बढ्ने छ भन्ने हामीले अपेक्षा गरेका छौ र त्यसका साथ साथै प्रदेशको खाद्य पोषण सुरक्षा निश्चित गर्ने नमुना गाउँ आफै बनाउ भन्ने कार्यक्रमलाई निरन्तरता दिने सहकारी तथा नीजि क्षेत्रलाई कृषि क्षेत्रमा प्रोत्साहित गर्दै जग्गाको चक्लाबन्दी कृषि व्यवसायीकरण र आधुनिकरण तर्फ आधुनिकीकरण मार्फत कृषि उत्पादकत्व वृद्धि कार्यक्रमहरु संचालन गर्ने कुरा धेरै स्वागत योग्य छ । यसको स्वागत गर्न

चाहान्छु र भूमि हिन र व्यवासयिक कृषकहरुलाई कृषि पेशामा सहयोग पुर्याउने, भूमि बैंकको स्थापना गर्ने कुरा आएको छ र सरकारले किशानहरुलाई ऋणको व्यवस्था गर्ने कुरा पनि गरेको छ त्यस कारणले अब किसानहरुले आवश्यक परेको बेला ऋण पाउने छन् भन्ने हामीले अपेक्षा गरेका छौ र साथ साथै कृषि क्षेत्रमा आधुनिक प्रविध र औजार उपकरणको विकास र उपयोग गरी कृषि व्यवसायलाई आधुनिकिकरण गर्न जोड दिने कुरा कृषि क्षेत्रका परम्परागत विधीलाई बैज्ञानिकरण र आधुनिकरण गर्ने कुरा नीतिमा आएको छ यी धेरै स्वागतयोग्य भएको कारणले हामीले धेरै अपेक्षा गर्नु पर्ने भएको छ हामीले कृषि विद्यार्थी कार्यक्रम सरकारले ल्याएको छ कृषि अध्ययन सँगै आय आर्जनको कुरा तथा कृषि पेशालाई थप टेवा दिने कुरा उल्लेख गरेको छ । बास्तवमा विद्यार्थीहरु पनि अब कृषक सँग जोडिने कुरा स्वागतयोग्य रहेको छ र अर्को कुरा दलित मुक्त, हलिया मुक्त कमैया मुक्त कमलरी र एकल महिला, द्वन्दपिडत र सुकुम्बासि र विपन्न समुदायका लाग आय आर्जन कार्यक्रम संचालन गर्ने कुरा छ साथै विगतमा मुक्तकमैया हलिया पुर्नस्थापन कार्यमा छुट हुन गएका परिवार पहिचान गरि लगत संचालन गर्ने कुरा आएको छ हामीले देखेका थियौ धेरै कमैयाहरु छुटयौ हाम्रो लगत संकलन भएन हामीले कमैयाको परिचय पत्र पाएनौ भन्ने कुरा आएको थियो र अहिले यो नीति तथा कार्यक्रम मार्फत सबै कमैयाहरु छुटेका हलिया पुनर्स्थापन कार्यमा छुट हुन गएका सबैको पहिचान गरि उहाहरुको लगत लिइ परिचयपत्र दिने कार्य हुन्छ भन्ने कुरा हामीले अपेक्षा गरेका छौ । त्यसै गरी दुर्गम क्षेत्रका बासिन्दा दलित महिला जनजाति सहिद परिवार घाइते अपांग बेपत्ता परिवार आर्थिक रुपले विपन्न बर्ग लोपउन्मुख वासि सिमान्तकृत समुदाय र अपांगता भएका बालबालिकालाई शिक्षामा पहुच पुर्याउन शिक्षामा सुनिश्चित गर्न छात्रवृत्ती संचालन गर्ने कुरा स्वागतयोग्य छ अहिले पनि हामीले विगतमा विद्यार्थी भर्ना अभियान चलाएका थियौ । विद्यार्थी भर्ना अभियान चलाउदा पनि धेरैका बालबालिकाहरु पढाइबाट बञ्छित हुनुपर्ने अवस्था थियो र सरकारले यो छात्रवृत्तीको कार्यक्रम ल्याएको छ मलाइ लाग्छ अहिले धेरैका बालबालिकाहरु जो शिक्षाबाट बञ्छित रहेको छ उनिहरुको बालबालिकाहरु पढ्ने अवसर पाउने छन् भन्ने कुरा यसले हामीलाइ उल्लेख गरेको छ र बास्तवमा यो एउटा सिकलसेल एनिमिया र थालसेमिया रोगको निदान भन्ने कुरा आको छ यसले अलिकति हिजोको दिनमा केही निश्चित ठाउँमा यसको परिक्षण गर्ने गरिन्थ्यो मलाइ लाग्छ जहा थारुहरुको बाक्लो बस्ती छ त्यो ठाउँमा पनि सरकारले यसको परिक्षणको व्यवस्थाका साथ साथै त्यसका परिक्षण गर्ने यन्त्रको पनि व्यवस्था गरोस म भन्न चाहान्छु त्यो कुरा नीति मार्फत आवस र मुख्यमन्त्री जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा जेष्ठ नागरिकको पहुच अभिवृद्ध गर्ने कुराहरु लगायत थुप्रै कुराहरु यो नीति तथा कार्यक्रममा उल्लेख भएको छ धेरै कुरा माननीयज्यूहरुले यहा कुरा उठान गरिसक्नु भएको छ हामीले आशा गरौ यो सालको नीति तथा कार्यक्रम एकदमै राम्रो आको कारणले सरकारलाई म धन्यवाद दिन चाहान्छु र हामीले यो नीति तथा कार्यक्रम अनुसार जसरी नीती र कार्यक्रम आएको छ त्यसरी नै हाम्रो बजेटमा पनि आउने अपेक्षा गर्दै म आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय डिल्लीराज पन्त**

सभामुख महोदय सुदूरपश्चिम प्रदेश सरकारले ०७७/०७८ को नीति कार्यक्रम प्रस्तुत गरेको छ । एउटा संवैधानिक प्रक्रिया हो गर्नै पर्ने हुन्छ सरकारलाई धन्यवाद दिन चाहान्छु । एउटा खाना पूर्ति जस्तो लाग्छ मलाई हरेक बर्ष आइरहनु पर्ने केहि न केहि लेखिरहनु पर्ने वावाइ सुनि रहनु पर्ने यस्तो खाना पूर्ति जस्तो लाग्छ गत बर्ष भन्दा यो बर्ष अझै नीति कार्यक्रम मलाई स्पाइसि लाग्यो खानलाई बडा मिठो हुने भन्न लाई सुन्नलाई बडा मिठो हुने केहि केही पच्ने कुराहरु पनि छन राम्रा कुराहरु पनि छन् नभएका होइन त्यो पनि छ त्यो स्पाइसि भित्र त्यो पनि आउछ तर धेरै स्पाइसि भए पछि पेट विग्रिने हो कि टाउको पो दुख्ने हो कि डक्टरको मै गैहाल्नु पर्ने हो कि भन्ने खालका कुराहरु पनि छन् । त्यसैले अघि माननीयज्यूबाट धेरै कुरा आथे कि जे कुरा गर्न सकिन्छ त्यो कुरा लेखौ नगर्न सक्ने कुरा नलेखौ भन्ने कुरा आएको थियो त्यो कारणले मैले यसलाई स्पाइसि भनेको हु । केही कुरा गर्न सकिने पनि छन् त्यस्तो नसकिने होइन तर लेख्या जति सबै भैहाल्नु पर्ने वा माननीयले भन्याजस्तो २०-२२ वटा नारा दिएका छन् नाराको भरमा देश चल्ने भैदिया भए पञ्चायती व्यवस्था पनि अहिले सम्म ढल्ने थिएन । नाराले शासन चल्दैन नाराले देश चल्दैन त्यसैले केही कुरा गर्न सकिन्छ केही नसकिने, नसकिने धेरै छन् किन भन्छु भने देखि विगतका दिनहरुमा जुन नीति कार्यक्रमहरु आए तिनिहरु पनि गर्न नसकिने खालका केही भएका बाँकी नभएका र जो यि ४३ बुदा विगतको समिक्षाका कुराहरु यहा आएका छन् त्यसको सम्बन्धमा अब यो कसरी मलाउन सकिन्छ कसरी गर्न सकिन्छ भन्ने एउटा पाटो भए पनि म के भन्न चाहान्छु भने देखि सरकारले गरेका विगतका कार्यक्रमहरुको समिक्षाको लागि नीति तथा कार्यक्रम अन्तरगत नल्याउने यसको समिक्षाको छुट्टै शेसन बनाउने, छुट्टै बैठक बनाउने त्यसलाई अलिकति फराकिलो रुपमा ल्याउने जस्तो म एउटा कुरा उदाहरण दिन्छु हामीहरुले यहा मुख्यमन्त्री स्वंयसेवक परिचालन कार्यक्रमहरु हामीले गर्यौ भनेर ल्याएको छ कहा कहा गर्यौ कति कति गर्यौ को कोलाई गर्यौ त्यो छैन । झुलुङ्गे पुल बनायौ सडक बनायौ जडिबुटी नर्सरी निर्माण गर्यौ ठाउँ ठाउँमा प्रशोधन केन्द्र स्थापना गर्यौ, कृषि नमुना गाउँ स्थापना गर्यौ एक चुनाव स्थानीय निकायमा मेरो क्षेत्रमा कहा भा छ त्यो मलाई थाहा छैन यि आदी इत्यादी कुराहरु धेरै छन् यस्ता फियरस्तहरु जो सरकारले यो सदनले प्रस्तुत गर्नु पर्ने छ कि कि हामीले यो यो ठाउँमा प्रस्तुत गर्नु पर्छ यो सारा छोटयाएर एक लाइनमा निम्ट्याउने होइन हामीले सोध्नु पर्ने सरकारले जवाफ दिनु पर्ने यो सरकारले पुरा फियरस्त हामीलाई पेश गर्नु पर्छ त्यो फिरस्त पेश गरेपछि अनि सरकार हुन्छ यहा त हामीले एउटा लाइनमा फियरस्त दिइदियौ सानो छोटकरी दिइदियौ त्यसलाई समिक्षा भनिदियौ समिक्षा त्यस्तो हुदैन त्यसैले यसको छुट्टै चलावस यसको छुट्टै एउटा व्यवस्थापन होस भन्ने मलाई लाग्छ र विगतका कुराहरु विगतका नीति तथा कार्यक्रममा आएका कुराहरु धेरै जस्ता छुटेका पनि छन् माननीयज्यूहरुले धेरै भनिसक्या धेरै छुटेका छन् र केही राख्नुपर्ने कुराहरु जो साल सालै निरन्तर दिनु पर्ने जस्तो सर्टिकको कुरा गर्छु हामीले २०३० साल सम्म यो नेपाललाई विकासिल मुलुकको

स्तरमा हामी राखेछौ भन्ने कुरा आएको थियो त्यो निरन्तरता आएन यस्ता धेरै कुराहरु छन् जोलाई हामीले हरेक साल दिनुपर्ने कुराहरु यि कुराहरु केहि पनि भएनन् र यो सदनमा यो प्रिबजेटका कुराहरु हुदा खेरी यहा माननीयहरुले आफ्नो भित्रको फलास धेरै पोख्या थियो साहेद मुख्यमन्त्री नआएर होला मुख्यमन्त्री आउन वित्तीकै सबै शान्त भो अहिले ती कुराहरु देखिएनन र जो कुरा अहिले यहा भन्न सक्या छैन यहा माननीयजीहरुले डाइरेक्ट इनडाइरेक्ट भनिराखु भा छ त्यो कुरा उतिबेला आइसक्या थियो त्यो कुरालाई पनि मनन गर्नु पर्छ र अहिलेको जो सुझावहरु छन् ती सुझावहरु आलोचना पनि हुन र जो आलोचना हुन ती सुझाव पनि हुन हामीले यसलाई बुझ्नु पर्ने हुन्छ । र सबै भन्दा ठुलो हाम्रो गुनासो भनेको माननीयहरुको कुनै पनि माननीयहरुको सम्मान भएको छैन न निर्वाचित माननीयको सम्मान भएको छ न समानुपातिक माननीयको सम्मान भएको छ योजना छनौटमा पनि योजना दिदाखेरि पनि बजेट दिदा खेरी पनि यहा सबैलाई भेदभाव गरिएको छ । अहिले हामीतिर पनि कुरा छोडौ यो सदनको सबै भन्दा वृद्ध माननीय दिव्यश्वरी शाह जो यहाको पहिलो सभामुख पनि हुनुहुन्थ्यो उहाको एउटा सानो रिक्वाइष्ट पनि यो सरकारले सुन्दैन भनेपछि हामीहरुजस्ता माननीयको के सुन्छ र म यो पर्यटन मन्त्रीजीलाई धन्यवाद दिन चाहान्छु उहाबाट म सँग एउटा पाच लाखको कार्यक्रम स्वीकृत भएको छ । म सम्पूर्ण सरकारलाई धन्यवाद दिन चाहान्छु यो बाहेक पनि योजनाको बाहेक पनि हामी सँग पोर पनि कुरा आको थियो हामीसँग कसैले योजना माग्दैन हामीसँग तपाइका यो योजना आएको छ भनेर हामीलाई कसैले भन्दैन तपाइको योजना कार्यान्वयन भैराछ है तपाइ जानुस हेर्नुस भनेर कसैले भन्दैन त हाम्रो भूमिका के हामीलाई किन यो सरकारले भूमिका विहीन बनाएको त्यसो मात्रै होइन अस्थि पनि कुराहरु उठेको थियो यत्रो कोरोनाको कहर छ त्रायमान फैलिएको छ । यहाको सरकार परिसान छ यहाका जनता परिसान छन् । स्थानीय निकाय परिसान छन् तर हामी माननीयहरुको कुनै भूमिका छैन किन छैन यो सरकारले ठाउँ ठाउँमा योजनामा होस अनुगमनमा होस खटिनुमा होस सबै ठाउँमा हामी सबै सभासदहरुलाई माइनस गरेको छ । हामीलाई भूमिका हिन बनाएको छ । म यो सरकारलाई अनुरोध गर्न चाहान्छु । हामी सबैलाई भूमिका दिनुहोस हामी पनि गर्छु तपाइलाई सहयोग गर्छु हामी हामीलाई दिएको योजना मेरो पार्टीलाई मात्र जाने होइन त्यहाका सम्पूर्ण जनतालाई जाने हो ती जनता जोले मलाई पनि भोट दिएका थिए र विपक्षिलाई पनि भोट दिएका थिए उनिहरुले पनि पाउने हुन सबैले पाउने हुन यस्तो भेदभाव किन गरिन्छ मेरो समझमा आउदैन र अर्को कुरा यो अब कोरोनाको कुरा आको छ अब कोरोना पनि मागिखाने भाडो जस्तो हुने म मानिराछु । कोरोना, कोरोना, कोरोना बडा ठुलो हावा फैलाई दियो अब यो मागि खाने भाडो यो सरकारले बनाउछ जस्तो मलाई लाग्छ यदी त्यस्तो होइन भने देखि यो कोरोनामा भै गरेका कामहरु यो सरकारले दिएका सहयोगहरु के कति भएको छ । कहा कति अपुग छ यो त्रायमान किन फैलिएको छ हामी सुनिराछौ विभिन्न एन्जियो आइएन्जीओहरुले यहा विभिन्न व्यक्तिगत रुपमा पनि विभिन्न ठाउँमा खाना खुवाइ राछन् यहा खाना पुगिराछैन पानी पुगिराछैन यहा औषधी पुगिराको छैन यहा किड पुगिराछैन यो किन पुगेको छैन हामीले त्यो गर्नु पर्छ भनेर

सरकारले अग्रसर हुनु पर्ने हो किन भैराछैन हामीलाई यसको जवफ चाहिन्छ । नत्र यो कोरोनाको विकराल रुप अझ फैलदै जान्छ अघि माननीयज्यूले भन्नु भा छ यो अहिले त भारतबाट मात्रै आछन् अरु मुलुकबाट त आउन बाँकी नै छ ती पनि यहा थपिए भनेपछि अनि यो सरकारलाई मात्र होइन एउटा कुरा यहा के छ भने देखि सरकारले मात्र गाली पाइराछैन यो हामी पनि गाली पाइराछौ । के हो माननीयजी के मुख हेरिराखु भा छ तपाइहरु भन्ने कुरा हामी पनि परिसान छौ । सरकार मौन छ हामीले फलानो ठाउँमा यति रुपैया दियौ, फलानो ठाउँमा यति रुपैया दियौ भन्ने कुरा मात्र भन्छ हामीले दिएको रुपैया कति सदुपयोग भो वा भएन अझ कहि अपुग भो कि के कति कारणले अपुग भो हामीसँग कति मान्छे आए त्यसको डाटा छैन सब भन्दा राम्रो त अहिले जो आएका छन् यि सबैको कति कति मान्छे कहा कहाबाट आएका हुन ती सबैको डाटा पनि हामीसँग छैन हामीले स्थानीय निकायलाई भन्या हौला तर हामीसँग छैन डाटा त्यो डाटा पनि हामीले कलेक्सन गर्नु पर्ने हुन्छ र सरकारलाई अनुरोध गर्न चाहान्छु कि कोरोनाको लागि स्पष्ट जवाफ हामीलाई चाहियो कि कहा कहा अपुग भएको छ के कति कारणले अपुग भएको छ हाम्रो उपस्थिति किन देखिएको छैन । सरकार किन आलोचित भएको छ यसको हामीलाइ पुरा चाहिन्छ र अर्को कुरा अब यहा कोरोनाको सँग सँगै बेरोजगारी सँग लड्नु पर्ने यो कुरा पहिला पनि आइसकेका हुन म फेरी यसलाई दोहोराउन चाहान्छु कि कोरोनासँग लड्दा लड्दै पनि बेरोजगारीलाई हामीले कसरी हटाउने भनेको पनि एउटा यहा हटाउने भनेर त लेख्या छ तर कसरी हटाउने यि कुराहरु यहा केहि पनि उल्लेख छैन त यसलाई हटाउनको लागि सरकारले के पहल गरेको छ भनेर हामीलाई जवाफ चाहिएको छ र हामी सरकारमा छौ हामी सत्तामा छौ हामी माननीय छौ हामी भोली यहाबाट हटेर जनताको सामन्यमा जानु पर्ने हुन्छ हामी पनि सामान्य जनता जस्ता हुनेछौ उतिबेला हाम्रो हकिकत के हुने छ तपाइ ५-५ बर्ष शासन गरेर आउनु भएको सत्तामा बसेर आउनु भएको माननीय भएर आउनु भएको तपाईले के गर्नु भो जनतालाई भनेर भनेपछि हामीले के भन्ने न हामीले योजना दिन सक्यौ न हामीले बजेट दिन सक्यौ न कोरोनामा गर्न सक्यौ एउटा माननीयजी माननीयजी भनेर नमस्कार मात्र लिन सक्यौ हामीले केही पनि गर्न सकेनौ सभामुखज्यू एकादेशमा एउटा प्रचलन रहेछ प्रचलन कस्तो रहेछ भनेपछि त्यहा एकजना मान्छेलाई समात्ने १० बर्षको लागि राजा बनाइदिने १० बर्ष पछि त्यसलाई हटाएर एउटा अनकन्टार टापुमा पुगाइदिने त्यहा उसलाई त्यहाका जंगली जनावरहरुले मार्ने खाइदिने र त्यसको ठाउँमा अर्को मान्छे समात्ने त्यसलाई पनि राजा बनाउने त्यसलाई पनि १० बर्ष शासन गर्ने फेरी टापुमा पठाइ दिने जहा उसलाई जंगली जनावरहरुले मार्ने खाने यो क्रम चलिराखेको रहेछ । एकपटक यस्तै मान्छेलाई उनिहरुले समातेछन् मलाई किन समात्यो भनेर सोध्दा खेरी हैन तपाइलाई त यहा राजा बनाउने हो तपाइ त यहा राजा हुनुपर्छ भनेर राजा हुन पाए पछि त उसलाई मजा आयो झन उ गयो राजा बन्नलाई जब राजा भै सक्यो अनि उसले थाहा पायो यो त १० बर्षको लागि मात्र हो त्यसपछि त त्यही टापुमा पुगाइ दिन्छ । ती जंगली जनावरहरुले मारिदिन्छन् अनि त्यो अलिकति चलाख रहेछ उसले के गर्यो भनेपछि आफ्नो ५ बर्षको कार्यकाल जुन ठाउँको राजा हो त्यहाको विकासमा लगायो र

बाँकीको ५ बर्ष उसले जहा उनिहरुले पठाउने हुन उनलाई जंगली जनावरहरुको बीचमा पठाउने हो उसले त्यहाको विकास गर्यो त्यहाको बस्ती बसाल्यो त्यहा विजुली बनायो त्यहा पानी लगायो, त्यहा उद्योग खडा गर्यो सबै थोक गर्यो अनि १० बर्ष पछी उसलाई त्यही पठाइदियो उ त्यहा पनि शासन गर्न थाल्यो । हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको सुदूरपश्चिम प्रदेशका सभासदहरुको यो भूमिका हामी कसरी बनाउने यो भूमिका हामी कसरी जाने कि नजाने यो सरकारले सोचोस यहा सभासदज्यूहरुले सोचुन र त्यो आधारमा हामीले बजेटहरुको कार्यान्वयनमा त्यस्तै नीतिहरु कार्यान्वयन गरौ भन्दै म आफ्ना भावना टुङ्ग्याउछु धन्यवाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७।०७८ को नीति बार्षिक नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुख सर्मिला कुमारी पन्तज्यू द्वारा प्रस्तुत यही १९ गतेको कार्यक्रममा मेरो तर्फबाट पूर्ण रुपमा समर्थन छ र यो कार्यक्रम सर्वसम्मत रुपमा पारित हुनु पर्दछ भन्ने मेरो आग्रह छ गरिमामय सभामा माननीय सभामुख मार्फत धेरै राम्रो कुराहरु यसमा हामीले पाएका छौ हामीले गत बर्षको नीति तथा कार्यक्रम भन्दा पृथक दुइवटा कुरा हामीले यसमा प्राप्त गरेका छौ । एउटा हाम्रो मुलुकको हाम्रो राष्ट्रको हाम्रो जन्मभूमिको सन्दर्भमा यो गरिमामय सदनमा यो कार्यक्रममा बुदा नं.४ र बुदा नं.४७ मा लेखिएको कुरालाई म अन्तरमन देखि यो गरिमामय सदनमा हार्दिक आभार प्रकट गर्न चाहान्छु । संघीय सरकार र प्रदेश सरकारलाई बुदा नं.४ मा लेखिएको छ हालै मात्रै नेपाल सरकारबाट यस प्रदेश अन्तरगत दार्चुला जिल्लामा पर्ने लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको नेपाली भूभाग समेटेर नक्शा जारी भएकोमा प्रदेश सरकार प्रदेश वासिको तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । हाम्रो देशको भूभागमा बाह्य अतिक्रमण समाप्त हुनु पर्छ र मातृभूमिको भौगोलिक अखण्डता सदृढ हुनुपर्छ भन्ने हामी सबैको एउटै धारणा रहेको छ । यो बुदा नं.४ मा र बुदा नं.४७ मा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा रहेको ब्यास गाउँपालिकाको विकासलाई ध्यानमा राखि त्यस क्षेत्रको जनताको जीवनस्तर उकास्न विशेष कार्यक्रम ल्याइने छ । अन्तराष्ट्रिय सीमा क्षेत्रमा बसोबास गर्ने जनसमुदायका लागि सामाजिक सुरक्षा र विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ यो बहुत महत्वपूर्ण र ऐतिहासिक छ । हाम्रो मुलुकको स्थापना भए देखि नै पृथ्वीनारायण शाहले नेपालको ऐकिकरण गरे पछिको यो महत्वपूर्ण यो एजेन्डा छ संघीय सरकारको र म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु । अब आउने बजेट असार १ गते आउने बजेटमा ब्यास गाउँपालिकालाई विशेष क्षेत्र घोषणा गरि प्रदेशकै विशेष क्षेत्र घोषणा गरी त्यहाको निर्वाचित माननीयज्यूले भनिसक्नु भएको छ माननीय ग्याल्बु बोहराले थोरै जनसंख्या रहेको उहाले यो सदनलाई जानकारी गराई सक्नु भएको छ । भूगोल धेरै ठुलो विकट रहेको पनि उहाले जानकारी गराउनु भएको छ । म त्यो क्षेत्रमा विद्यार्थी हुदा देखि विगतका आन्दोलनहरुमा कालापानीको कुरा हामी उठाउदै आउका छौ र त्यो क्षेत्रको भूगोल यति विकट छ त्यहा हामी भौगोलिक हिसाबले

पनि जान कठिनाइ छ भने त्यहा अहिले भारतिय सेनाले जान पनि दिदैंन रोकठोक गर्छ र त्यहाका जनताको जीवनस्तर ज्यादै दुखदायी छ । खानेपानीको समस्या छ, बाटोको समस्या छ उहाहरुले गर्ने व्यवसायिक भेडा पालन देखि लिएर पशु पालनको अवस्था नाजुक छ । खेतिपातीको अवस्था छैन त्यहा अन्न उत्पादन हुदैन सबै कुरा उहाहरुले भारतको भर पर्नुपर्दछ । उहाको स्थायी रोजगारी अस्थायी रोजगारी तै पनि त्यो जनता राष्ट्रियताको सवालमा आफ्नो सीर उचा गरेर त्यहा बसिरहेको छ र नेपाल सरकारले कुनै दिन हाम्रो खोज खबर गर्ला भनेर बसि रहेको जनतालाई अब तत्काल प्रदेश सरकारले विशेष बजेटको आयोजना विशेष बजेटको व्यवस्था गर्नु पर्दछ त्यसमा यो सदनको सर्वसम्मत समर्थन रहने नै छ । त्यो कुरा म यो नीति तथा कार्यक्रममा आएकोमा धन्यवाद दिन चाहान्छु सरकारलाई र अर्को कुरा विशेष आएको भनेको यो कोभिड-१९ जुन यो संक्रमण आएको छ यो विश्वमा आएको छ हामीलाई त सब भन्दा पछि आयो कतिपयको भाषामा यसलाइ भन्दछन कमजोर भाइरस आयो अहिले भाइरसकै आक्रमणले मरेको १९ जना करिब भित्र पनि अरु रोग नभएर भाइरस मात्रै भएको पनि देखिया छैन अरु कारण पनि छन् शरिरमा भएका अरु रोगका कारणले मृत्यूबरण हुन पुग्या छ । तर पनि यसको त्रासमा हामी छौ लकडाउनको पालना हामी गरिरहेका छौ । हाम्रा आर्थिक धरातल खस्किएका छन् यस्तो परिस्थितिमा यस विषयमा पनि यो प्रदेश सरकार बोलेको छ र म के भन्न चाहान्छु भने हाम्रो बेरोजगारीकै कारणले हामी चाहि संक्रमित हुन पुग्यौ हाम्रो देश भित्र रोजगारी भैदिएको भए अहिले भारतमा रोजगारी गर्न गएका व्यक्तिहरुबाट हामी संक्रमित भयौ हाम्रो अवस्थाले होइन हाम्रो बेरोजगारीको कारणले हामीलाई संक्रमणले च्याप्यो अहिले भारतबाटै आएका व्यक्तिहरुमा, क्वारेन्टाइनमै बसेका व्यक्तिहरुमा संक्रमण देखिएको छ सभामुख महोदय, अब तेस्रो मुलुकबाट आउने व्यक्तिहरुमा कति आउने हो यो चिन्ताको विषय छ त्यसैले यो कोरोनासँग जुद्दा हामीले यो उठिसकेका कुराहरुलाई मेरो समर्थन छ कि रोजगारीको व्यवस्था गरौ र सरकारले त्यो कुरा ल्याएको मैले देखे मैले बुदा नं.२० र बुदा नं.११५ कतिपय यो बुदाहरु संख्या बढी भा छ है यो २५३ बुदा भए पनि यो बुदा चाहि घटाउन सकिने स्थिति रहेछ यहा मैले ३-४ ठाउँमा चाहि एउटै कुरालाई पनि देखे यो नीति तथा कार्यक्रममा जस्तो मुख्यमन्त्री एकिकृत कृषि तथा पशु विकास कार्यक्रम यो ठिक छ । यो सितै सन्दर्भ जोडीएर ११५ नं. बुदा छ फेरी कृषक सँग कृषि विद्यार्थी कृषि विषय अध्ययन सँगै आय आर्जन तथा कृषि उत्पादन रोजगारीमुलक कार्यक्रम भनेर यसरी कृषिमा हामीले रोजगार सृजना गर्न खोजेका छौ । यो नीति तथा कार्यक्रममा बेरोजगारीलाई कृषिलाई र कोभिड-१९ लाई यो तीन वटै कुराको फ्यूजनबाट हामीले अगाडी बढ्ने कुरा हामीले खोजिरहेका छौ त्यो चाहि बार्षिक बजेटमा पनि आउनु पर्दछ । खास गरी पहिचान भएका आइडेन्टीफाइ भएका यो जुन क्वारेन्टाइनमा बसेका व्यक्तिहरु छन् नी ती त बेरोजगार व्यक्ति हुन भनेर परिचय भैसक्यो नि बेरोजगारीकै कारणले विदेश गएका हुन नि अब उनिहरुको परिचय पत्र दिदा हुन्छ बेरोजगारी परिचय पत्र र उहाहरुलाई कृषि क्षेत्रमा रोजगारीको सृजना गर्दा हुन्छ र उहाहरुको सीप के हो त्यो पहिचान गर्दा हुन्छ उहाले के सीप सिक्नु भा छ त्यो सीपको पनि सरकारले प्रयोग गर्दा हुन्छ त्यो

भन्दा बाहेक उहालाई चाहि स्वरोजगार कोष भन्ने धेरै चर्चा भैसक्यो त्यो स्वरोजगार कोष मार्फत उहालाई व्यापारमा व्यवसायमा लगाउदा हामीलाई प्रदेशलाई सजिलो हुन्छ त्यसैले यो कोभिड-१९ सित आउला आउला भनेर जुन त्रास थियो त्यो समाप्त भयो । अब आइसक्यो अब बाच्ने कसरी अब आउला भन्ने त्रास त हिजो सम्म थियो त्यो समाप्त भो र अब बाच्ने कसरी लकडाउन पनि नयाँ ढंगले खोल्नुपर्ने र क्वारेन्टाइन पनि नयाँ व्यवस्था हिजो कंचनपुर जिल्ला प्रशासनमा हामी बसेर निर्णय गर्यौं अब विद्यालयमा क्वारेन्टाइन होइन होम क्वारेन्टाइन अब घरमै क्वारेन्टाइन आप्नै घरमा छुट्टै बस्ने २१ दिन बस्ने कम्तीमा १४ दिन बस्ने ज्वरो आएन भने केही परिक्षण गर्नु पर्दैन सामान्य जीवन विताउने अब यो परिक्षण पनि हुने अवस्था छैन । अब परिक्षणको आसवासन पनि दिनु छैन त्यसरी यो नीति तथा कार्यक्रममा आएको छ यसलाई यो ढंगले भोली देखि नै यसलाई लागु गर्नु पर्ने भा हुनाले यसलाई छिट्टै पारित गर्नु पर्दछ । यो लम्ब्याउनु हुन्न यो नीति तथा कार्यक्रम यो छिट्टै पारित गरिनु पर्दछ र विगतका नीति कार्यक्रम जस्ता यो पास गरिसकेपछि घर्रामा हाल्ने काम पनि गर्नु हुन्न यसलाई अलि हेर्नु पर्छ सरकारले जो सुकै सरकार भए पनि यो नेपाल कम्युनिष्ट पार्टी नेकपाकै सरकार हो ५ बर्ष भनिसक्या छ । त्यसैले नेपाल कम्युनिष्ट पार्टीले पनि यसको जिम्मेवारी लिनु पर्छ यसको जिम्मेवारी यस चाहि कार्यान्वयन पनि लिनु पर्छ भन्ने पनि यहा उठि सक्या छ । किन भने हामी राजनितिक पार्टीका कारणले हामी यो सदनमा छौ । पक्ष छौ विपक्ष छौ विभिन्न हाम्रा साझ कुरा हुदा हुदै पनि यसको जस चाहि फेरी सत्तारुढले नै लिनु पर्छ अवजस पनि लिनु पर्छ फेरी दुइवटै कुरा भएकोले प्रि बजेटमा आएका कुरा पनि मैले पनि यहा बोलेका कुराहरुलाई ती कुराहरुलाई दोहोर्याइ रहनु पर्दैन ती कुराहरु सरकारले सुनि सक्या छ ती कुराहरु सबैले सुनि सक्या हुनाले त्यहा किन आए भन्दा विगतका नीति तथा कार्यक्रमहरु एक महिना चर्चा गरिए हेरिए पढीए सुनिए त्यस पछि ती १२ महिना थन्क्याइए हेरिएनन त्यो अनुसारको बजेट आएन भन्ने खालको गुनासो त्यो कुरालाई त हामी सत्तापक्षले स्वीकार गर्नै पर्दछ किन भने हाम्रो के के कारणले भयो ठिक छ कर्मचारी भएनन ठिक छ हामी नयाँ थियौ अनुभव भएन ठिक छ कतिपय व्यहोरा मिलेन सबै कुरा नयाँ थियो प्रदेश यि कुराहरु त अब सबै पुराना भै सके अब त कर्मचारी पनि व्यवस्थापन हुन नसकेको कुरा कर्मचारीको टाउकोमा हाल्न मिल्दै मिल्दैन त्यो राजनितिक नेतृत्वले त्यो जिम्मा लिनु पर्यो अनि हामी कहा कहा फस्या छौ कहा कहा हामी फस्दै छौ । यो कुरा पनि त हामीले मुल्यांकन गर्नु पर्यो अरुले देखाइदिएर त हुदैन आफै हामीले सो मुल्यांकन गर्नु पर्यो । हामी सत्तारुढ दलकै जिम्मेवारीमा छ जनताले त्यसरी नै बुझ्या छ त्यसैले हामीले राम्रा काम गरेका कुरालाई पनि हामीले यो सदन मार्फत भन्ने आट पनि गर्नु पर्दछ त्यो आटको लागि हामीले व्यवस्थित ढंगले एकतावद्ध भएर अगाडी बढ्नु पर्दछ हाम्रा आन्तरिक गृहकार्यहरु पनि गर्नु पर्दछ । हामीले बसेर छलफल पनि गर्नु पर्दछ । सरकार टाढा हुने अनि सांसद धेरै टाढा हुने सरकार र सांसदको बीचमा समन्वय नहुने, संघीय सरकार र प्रदेश सरकारको बीचमा कुराकानी नहुने, अनि प्रदेशका माननीयहरुलाई कामै नलाग्ने खालका हुन भनेर सोच राख्ने अनि कामै नलाग्ने बनाइदिने अब कुनै भूमिकाबाट जिम्मेवारी नहुने अनि धेरै कुरा त सरकारसँगै

हुन्छ नि त त्यसैले विगतका नीति तथा कार्यक्रमहरु पूर्ण रुपमा कार्यान्वयन हुन सके भनेर हामी चाहि निरधक्क प्रशंसा गर्न सक्ने अवस्थामा भएनौ त्यो त स्वभावै संसारकै नीति तथा कार्यक्रम पनि पूर्ण रुपमा हुदैन त्यो त हामीलाई पनि थाहा छ १०० मा १०० त कहि पनि हुदैन तर प्रतिवद्धता जाहेर गरेका प्राथमिकताका आधारमा अगाडी बढेका गर्छौं भनेर चाहि एकदम दृढता संकल्प गरेका कामहरु किन हुन सकेनन । यही आर्थिक बर्षमा पनि ०६७।०७७ मा पनि किन हुन सकेनन भन्ने प्रश्न त सरकारले गम्भिरता पूर्वक लिनु पर्दछ । सरकारले गम्भिरतापूर्वक समिक्षा गर्नु पर्दछ । त्यसको जवाफ पनि यही सदनमा दिनु पर्दछ । त्यो जवाफदेहीता हुने छ सभामुख महोदय त्यसैले यो नीति कार्यक्रम सफल होस, कार्यान्वयन होस यसले सुदूरपश्चिम प्रदेश बासिको धेरै जसो समस्यालाई समाधान गर्दछ । कतिपय बुदाहरुलाई यहा छुटेका छन् यहा ती छुटेका बुदाहरुलाई माननीयज्यूहरुले दिएका सुझावहरु ग्रहण गरेर यो अगाडी बढ्ने छ खास गरी भूमिको समस्या जो छ सुदूरपश्चिम प्रदेशमा भूमि प्राप्त नभएर कृषि कसरी हुन्छ । भूमिको स्वामित्व कसरी हुन सक्छ । भूमिमा स्वामित्व कृषकको कसरी कायम गरिदिनलाई विशेष ऐन ल्याएर भए पनि प्रदेशले पाएको अधिकार प्रयोग गरेर पनि प्रदेशको भूमिको स्वामित्व कायम गर्नु पर्दछ । किसानले भूमि पाउनु पर्दछ तर भूमि पाएकोले कृषि नगर्ने हो भने त्यसको पनि पहिचान हुनु पर्दछ । भूमि ओगट्ने तर खेति नगर्नेले अब भूमि ओगटी रहनु पर्दैन । अरु नै काममा उहा व्यवसाय हुनुहुन्छ भने किन भूमि चाहि आफ्नो नाममा राखिराख्नु पर्यो तर भूमि छैन तर उ किशान हो उ खेतिपाती गर्न चाहान्छु उसको सीप नै खेतिपाती छ हाम्रो प्रदेश भित्र उसले पुस्तौ देखि गर्या छ उसले सिक्या पनि छ । तरकारी कसरी लगाउने, केरा कसरी लगाउने, धान कसरी रोप्ने तर उ सँग भूमि छैन अनि उसलाई भूमि उपलब्ध गराउने सरकारको कर्तव्य हो । त्यसैले उसलाई चाहि लिजमा भए पनि अथवा स्थायी रुपमा भए पनि कतिपय त बसोबास पनि भएको भूमि पनि भएको स्वामित्व नभएको कुरा चाहि यहा आइसक्या छ त्यसलाई स्वामित्व दिने प्रक्रिया पनि तत्काल प्रदेश सरकारले पहलकदमी गर्नु पर्दछ र यो नीति तथा कार्यक्रमको सफलताको शुभकाना दिदै आफ्नो भनाई टुंग्याउछु धन्यवाद ।

**माननीय अम्मर बहादुर साउँद**

माननीय सभामुख महोदय, आर्थिक बर्ष ०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय सर्मिला कुमारी पन्तज्यूले यही गत १९ गते जुन सदनमा प्रस्तुत गर्नु भो यसका लागि उहाँलाई हार्दिक धन्यवाद दिन चाहान्छु । यो तयारी गरेर जुन समयमै गरिमामय सदनमा प्रदेश सरकार, माननीय मुख्यमन्त्रीज्यूको कार्यालयले जुन पेश गर्यो उहालाई पनि विशेष धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय सर्वप्रथम म एउटा यो नीति तथा कार्यक्रमको ४५ नं. बुदालाई एकचोटी यो गरिमामय सदनमा सबैको ध्यानाकर्षण गर्न चाहान्छु । नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता समानुपातिक प्रतिनिधित्व, समतामुलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र सबै

प्रकारका भेदभावको उन्मुलन नागरिक स्वतन्त्रता, मानव अधिकारको रक्षा, मौलिक हकहरुको प्रत्याभूति लगायत कानूनी राज्यको मुल्य र मान्यतालाई स्थापित गर्ने नीति प्रदेश सरकारले जुन अंगिकार गरेको छ भन्ने महत्वपूर्ण यो बुदा नं.४५ मा जुन उल्लेख भएको छ समग्र यसैलाई नै हाम्रो सुदूरपश्चिम प्रदेशको एउटा नीति महत्वपूर्ण नीतिको रुपमा हामीले बुझ्यौ भने सारा कुरा हामीले यि पछाडिका बुदाहर त्यति अध्ययन गरिरहन त्यसमा त्यती धेरै ठुलो गम्भिर छलफल गरिरहन त्यती आवश्यक पनि छैन जस्तो लाग्छ यो बुदाले समग्र सबै कुरालाई यो नीति तथा कार्यक्रमले समेटेको छ । अब बाँकी केही बुदागत रुपमा महत्वपूर्ण कार्यक्रमहरु प्रदेश सरकारले अघी सारेको पनि हामीले थुप्रै यहा भेटाएका छौ । त्यसका लागि विशेष गरि यो नीति तथा कार्यक्रमका लागि मेरो समर्थन र स्वागत गर्दै प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहान्छु र यसै सँग महत्वपूर्ण विदा हुन त सबै माननीयज्यूहरुले सबैको अभिव्यक्तिले प्रष्ट भैसकेको छ तै पनि हामीलाई विशेष महत्व र नयाँ खालको अनुभुति भाको विषयबस्तु लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र रहेको ब्यास गाउँपालिकालाइ विशेष क्षेत्र घोषणा गर्ने भन्ने जुन उल्लेख भा को छ र यसलाइ म मुख्यमन्त्री नमूना बस्ती भन्ने पनि हाम्रो नीति तथा कार्यक्रममा उल्लेख भा को छ सकभर हामी त्यही क्षेत्रबाट त्यही भूगोलबाट मुख्यमन्त्री नमूना बस्तीलाई अगाडी बढाएर समग्र यो प्रदेशको नमूना बस्ती त्यो लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र रहेको ब्यास गाउँपालिकालाई नै मुख्यमन्त्री नमूना बस्तीको रुपमा यही आर्थिक बर्षमा हाम्रो प्रदेश सरकारले बजेटमा पनि समावेश गरोस भन्ने म सुझाव दिन चाहान्छु । माननीय सभामुख महोदय, यसै गरि अहिलेको विशेष महत्वको हामीले सबै जनताको चासोको विषय यो कोभिड-१९ अथवा कोरोना भाइरसले सारा विश्व र समग्र देश साथै हाम्रो सुदूरपश्चिम प्रदेश पनि यसबाट अछुतो छैन । हामी सबै समग्र जनता देखि हामी सबै यसबाट त्रसित छौ र यसबाट ग्रसित छौ र यो नीति तथा कार्यक्रमले पनि यसलाई प्रमुख प्राथमिकताको रुपमा लिएको हामीले पाएका छौ र यसमा विभिन्न खालका स्वास्थ्य सँग सम्बन्धित महत्वपूर्ण कार्यक्रम पनि यो नीति तथा कार्यक्रममा समावेश गरेको छ । जस्तै रोगबाट बचौ भोकबाट जोगियौ यो पनि यसैलाई एउटा टेवा दिने खालको महत्वपूर्ण कार्यक्रम प्रदेश सरकारले समावेशगरेको छ । त्यसै गरि मुख्यमन्त्री स्वास्थ्य स्वंयसेवक परिचालन यसलाई मुख्यमन्त्री स्वंयसेवक मात्र होइन की स्वास्थ्य स्वंयसेवक परिचालन भन्ने अर्थमा हामी समग्रले बुझ्न जरुरी छ । तदनुसार यो मुख्यमन्त्री स्वास्थ्य स्वंयसेवक परिचालनको एउटा कार्यविधि बनेर यो अगाडी बढ्नु पर्छ र यसलाई यही अर्थमा बुझ्नु पर्छ भन्ने मलाई लाग्छ त्यसैले एक विद्यालय एक नर्स यो पनि यही स्वास्थ्यसँग जोडिएको विषय महत्वपूर्ण कार्यक्रम छ । यो विषय पनि एउटा स्वागतयोग्य र राम्रो कार्यक्रम छ । त्यसै गरी स्थानीय तहमा १५ सैयाको हस्पिटल निर्माण गर्ने कुराहरु यो नीति तथा कार्यक्रममा समेटिएका छन् । यो पनि स्वागतयोग्य छ । त्यसै गरी बालिका बीमा स्वास्थ्य बीमा कार्यक्रम छन् यो पनि स्वास्थ्यलाई नै टेवा दिने खालका कार्यक्रमहरु छन् यसले गर्दा खेरी म समग्र स्वास्थ्य क्षेत्रमा यो नीति तथा कार्यक्रमले एकदमै राखेको अर्थमा मैले बुझेको छु यसका लागि प्रदेश सरकारलाई विशेष धन्यवाद दिन चाहान्छु र यो

नीति तथा कार्यक्रमको समर्थन गर्न चाहान्छु । त्यसै गरी अर्को क्षेत्रमा कृषिलाई पनि यसले प्राथमिकतामै राखेको छ । अहिलेको जो बेरोजगारी समस्या छ विशेष गरि भारतबाट फर्किने हाम्रा मजदुर दाजुभाइहरुलाई समेट्ने एउटा भरपर्दो आधार भनेको हाम्रो कृषि क्षेत्र हो । त्यसैले यो नीति तथा कार्यक्रमले कृषिलाई पनि महत्वपूर्ण प्राथमिकताको रुपमा राखेको हामीले पाएका छौ कृषि उत्पादनमा वृद्धि, कृषिमा रोजगारी सृजना, कृषि नमुना गाउँ आफै बनाऔं, सामुहिक खेती, सहकारी खेती, भण्डारण क्षेत्रलाई व्यवस्थित गर्ने, बजारीकरणलाई प्रोत्साहित गर्ने, पशुपालनमा जोड दिने र विभिन्न कृषि उद्यमीहरु र व्यवसायीहरुलाई विभिन्न खालका अनुदानका प्याकेजहरु दिने खालको जुन नीति तथा कार्यक्रममा समेटिएको विषय पनि अत्यन्तै महत्वपूर्ण र राम्रो छ भन्ने मैले महसुस गरेको छु । त्यसै गरी अन्य क्षेत्रमा पनि पूर्वाधारका क्षेत्रमा, पर्यटनका क्षेत्रमा, उद्योगका क्षेत्रमा पनि यो नीति तथा कार्यक्रमले अत्यन्तै राम्रा महत्वपूर्ण कार्यक्रमहरु समावेश गरेको हामीले पाएका छौ र त्यसैले पनि हामीले एउटा महत्वपूर्ण नीति तथा कार्यक्रम विगतमा पनि राम्रा थिए अहिले पनि अझै महत्वपूर्ण र राम्रा छन् तर ती नीति तथा कार्यक्रमहरुलाई एउटा हाम्रो अर्थमन्त्रीज्यूको महत्वपूर्ण यहा शब्द हामीले बारम्बार हामीले नीति तथा कार्यक्रममा हरेक पटक सुन्ने गरेका छौ । यो कार्यक्रमको तादम्यता भन्ने जुन शब्द हो अब नीति तथा कार्यक्रम र हाम्रो बजेटको तादम्यता मिलाउने प्रक्रियामा हाम्रो प्रदेश सरकार र सबै मन्त्रालयहरु विशेष गरी तादम्यता मिलाउने कार्यमा राम्रो समन्वय होस र नीति तथा कार्यक्रमलाई कार्यान्वयका क्षेत्रमा अगाडी बढाउन सहज हुने खालको यो नीति तथा कार्यक्रमले बोले अनुसारको बजेट विनियोजन गर्ने कुरामा प्रदेश सरकार गम्भिर होस र हामी चाहान्छौं । प्रदेश सरकारलाई शुभकामना दिन चाहान्छौ । अहिले सम्मको हाम्रो जुन यो सरकारले केही पनि गर्न सकेन नीति तथा कार्यक्रम मात्रै राम्रो र बजेट कार्यान्वयन र अन्य कुराहरु अलिकति फितलो भन्ने विगतको हाम्रो एउटा गुनासो छ यो आर्थिक बर्ष देखि यो नीति तथा कार्यक्रम र आउदो बजेट देखि यि सबै कुराको समाप्ती अथवा यि कुराहरुलाई निस्तेज गर्दै अब एउटा राम्रो कार्यक्रम अथवा राम्रो बजेट सन्तुलित बजेट देखि लिएर अब देखि नै राम्रो एउटा कार्यको शुभारम्भ गर्ने अवसरको रुपमा यो सदनले हाम्रो सरकारले यसलाई ग्रहण गरोस र आत्मासात गरोस भन्ने शुभकामनाका साथै पुन यो नीति तथा कार्यक्रमको समर्थन गर्दै विदा हुन्छु धन्यवाद ।

**पिठासिन माननीय उपसभामुख, निर्मला बडाल जोशी**

**माननीय मान बहादुर सुनार**

माननीय सभामुख महोदय यो आर्थिक बर्ष २०७७।०७८ को नीति कार्यक्रम यो सरकारले ल्याएको छ । अत्यन्तै मेहनत अत्यन्तै राम्रो परिश्रम गरेर ल्याएको हुदा मुख्यमन्त्री लगायत प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु र यो नीति र कार्यक्रमको पूर्ण समर्थन गर्दछु । सभामुख महोदय कोरोना महामारीको रोकथामका विषयमा म केहि कुरा राख्न चाहान्छु । यो

कोरोनाले विश्वलाई थर्कमान बनाएको छ । विश्व आक्रान्त छ र त्यसै प्रकारले हाम्रो देश नेपाल पनि अछुतो रहन सकेन त्यसको लागि हिजो सम्म हामीलाई के लागेको थियो भने पछि यो कोरोना भाइरस भनेको अत्यन्तै भयाभव नराम्रो विमारी हो भन्ने सोचेका थियौ मलाइ के लाग्छ भने देखि हामी अलिकति सतर्क भयौ अलिकति हामीले सावधानीले हिड्यौ भने देखि यो कोरोना भाइरससँग जुज्न सक्ने, लड्न सक्ने र यसलाई हटाउन सकिदो रहेछ भन्ने लागेको छ । मलाई के लागेको छ भने सन्तुलित खानपान र हाम्रो योग व्ययाम इत्यादी गर्यौं हामीले राम्रो सँग हात धुने सेनिटाइजिङ गर्ने र त्यो डिस्टेन्सन दुरी गरेर हामी जुनसुकै काम जुनसुकै कुराहरु गर्दा पनि यो कोरोना भाइरसलाई हामी हटाउन सक्ने र यसलाई जित्न सक्ने भएको हुनाले यसलाई चाहि हामीले यसरी पनि हटाउनु पर्छ र अर्को कुरो हिजो भारतबाट आउने र अन्य राष्ट्रबाट आउने जुन मान्छेहरु थिए उनिहरु आउदा खेरी त्यतिबेला पहिले नै निर्णय गरेको भए यो अवस्था आउने थिएन अहिले ढीलै भए पनि हाम्रो सरकारले भारतबाट आउने मान्छेहरुलाई भित्राएको छ । भित्राएर अहिले चाहि बडरहरुमा चाप थियो त्यो चाप घटेर गएको छ र भित्रिय उसमा बढी चाप परेको छ भने पछि बर्डरमा घटेको छ यसको विधि म के भन्न चाहान्छु भने देखि यो हामीले अब यो क्वारेन्टाइनमा राख्न भन्दा अन्य कुराहरु गर्न भन्दा विकसित राष्ट्रहरुको एउटा मोडेल हामीले हेरेका छौ यस्ता व्यक्तिहरुलाई सिधै ल्याएर उहाहरुलाई होम क्वारेन्टाइनमा राखेर होम आइसोलेसनमा राखेर त्यो गरिम भनेपछि यो कोरोनाबाट हामी छुटकरा पाउन सक्छौ यसको रोकथाम हुन सक्छ यसमा यति नै भने अर्को चाहि कृषिको विषयमा थुप्रै सरकारले राम्रा कुराहरु, राम्रा योजनाहरु ल्याएको छ । त्यतिले मात्र पुगेको छैन यो कृषिलाई अब जति पनि आएर चाहि बाहिरबाट आएका हाम्रा भाइबैनीहरु छन्, विदेशमा गएका भाइबैनीहरु छन् तिनि भित्रिएका छन् । उनि कस्तो लागेको छ भने अब हामी भारतमा होइन विदेशमा होइन अब हामी नुन रोटी खाएर पनि आफ्नै देशमा केही गर्नु पर्छ हामी यही बस्नु पर्छ भन्ने सोच भएको छ । नुनभात खाएर पनि यही बस्ने भन्ने कुरोकानी भएको छ त्यसको लागि कृषि मन्त्रालयले कृषिलाई एकदमै फोकस गरेर ती आएका व्यक्तिहरुलाई हामी बाझो जग्गाहरु र अन्य जग्गाहरुलाई पनि उपयोगमा लिएर तिनिहरुलाई त्यसमा चाहि कृषिमा लगानी गरेर उनको जीवनस्तर उकास्तु पर्छ । उनलाई चाहि रोजगारीको अवसर दिनु पर्छ भन्ने त्यो पनि म राख्न चाहान्छु । त्यसका साथ साथै यो कृषिमा म एउटा कुरा के भन्न चाहान्छु भने पछि अहिले दोधारा चादनी अथवा मेरो क्षेत्रमा त्यहा चाहि तपाइको अत्यन्तै उखु खेती हुने अत्यन्तै तरकारी खेती हुने त्यस्तो भूभाग छ र मेरै पनि त्यहा आफ्नो चाहि १५-१६ विगाहा जग्गामा अहिले पनि हामीले उखु लगाएका छौ । अन्य खेति बालि लगाएका छौ । त्यहाका किसानले हामी किसान हौ मैले पनि कृषि मन्त्रालयबाट केही लिन पाएको छैन भने पछि अन्य किसानले पनि लिन पाएका छैनन् । यो चाहि संस्थागत गरेर आउने त्यसलाई मात्र दिने भन्ने कुरा छ । अहिले २५० रुपैया कुण्टलले हामी उखु बेच्यौ भने पछि यहा ५६५ रुपैया कुण्टलका हिसाबले उखु मिल भएका ठाउँमा यातायात भएका ठाउँमा त्यसै गरी त्यो भएको छ भने त्यो पनि आउदा दिनमा अब यो हाम्रो मन्त्रालयले ध्यान दिएर त्यो कृषिका विषयमा चाहि सबै क्षेत्रलाई सबै भूगोललाई एकै

किसिमको अनुदान दिने, एकै किसिमले बाडफाट गर्ने त्यो किसिमको पनि जावस र मलखाद पहिला भारतबाट आउथ्यो भने पछि अहिले भारतबाट आउने अवस्था छैन । मलखाद, बीउविजन इत्यादीको लागि कृषिमा ब्यापक रुपमा यो चाहि मन्त्रालयले यो संस्थागत रुपमा चाहि व्यक्तिगत रुपमा नभनेर व्यक्तिगत रुपले पनि संस्थाले पनि कृषिबाट लाभ लिनु पर्छ भन्ने म एउटा कुरा राख्न चाहान्छु । त्यस्तै गाईगोरुका विषयमा हामीले गाईगोरु जति पनि छाडा भएर हाम्रा दाजुभाइ दिदीबहिनीहरुले किशानहरुले रातभरी जाग्नु पर्ने त्यो गाइगोरुलाई धपाउनु पर्ने र आफ्नो खेतिवाली बचाउनु पर्ने जुन अवस्था थियो । अहिले धेरै मान्छेले गाइगोरु एकठाउँमा राखेर त्यहा उनलाई घास पनि नदिने, पानी पनि नदिने, दाना पनि नदिने भएको कारणले सारा गाइगोरु मरिसके अब केही बचेका छन् त्यो बचेकालाई हाम्रो प्रदेश सरकारले केहि न केही व्यवस्था गरेर त्यो गाइगोरुको व्यवस्था गर्नु पर्छ । मलाई के लाग्छ भने देखि जसरी अहिले भारतबाट आउने मान्छेहरुको एउटा गाइगोरु भन्दा पनि अपठ्यारो समस्या भएको थियो । त्यस्तै गाइगोरुको भएको थियो अब मान्छेको त्यति हामी उनलाई घर भित्राउदै छौ भने पछी गाइगोरुलाई पनि हामी हिन्दु भएका कारणले हिन्दुराष्ट्र भएका कारणले उनको पनि संरक्षण गर्नु पर्छ भन्ने म एउटा चाहि माग राख्न चाहान्छु । एउटा पर्यटनका विषयमा चाहि म के भन्न चाहान्छु भने पछि यो हाम्रो शुक्लाफाटा राष्ट्रिय निकुञ्ज देखि लगायर हाम्रो खप्तड देखि लगाएर हाम्रो मानसरोवरसम्म जाने सम्पूर्ण स्थितिलाई त्यो पर्यटनलाई बढावा बनाउनको लागि हामी हेलीप्याडको व्यवस्था गर्नको लागि सम्पूर्ण हामी त्यसमा पनि ध्यान दिनु पर्छ भन्ने मलाई लाग्दछ अनि तपाईको यो गड्डाचौकी त्यो क्षेत्र चिसापानी हुदै यो बाटो जुन स्तरोन्नती भएको छ । यो अत्यन्त स्नहानिय छ यसलाई छिटो भन्दा छिटो चाहि हामीले यो कार्यान्वयन गर्नु पर्छ भन्ने लाग्दछ । अनि यो गोदावरी राजधानीका विषयमा हामीले धेरै पटक कुरा उठाइ सकेका छौ धेरै कुरा भ को छ अहिले पनि पैसा आएको छ र यसलाई हामी यो सम्मानीत सदनले छिटो भन्दा छिटो त्यसलाई पनि अगाडी बढाएर हामी त्यसको काम पनि छिटो भन्दा छिटो गर्नु पर्छ भन्ने लाग्दछ । नमुना गाउँ आफै बनाऔ भन्ने जस्ता कुराहरु पनि आएका छन् । अत्यन्त राम्रा कुराहरु आएका छन् धेरै कुराहरु यहा पूर्ववक्ता माननीयज्यूहरुले बोलिसक्नु भएको छ यसलाई पनि कार्यान्वयन गर्नु पर्छ । त्यस्तै सुख्खा बन्दरगाहा दोधाराको चादनीको माहाकाली नगरपालिका कन्जुवरमा चाहि सुख्खाबन्दरगहा बन्ने भन्ने किसिमको कुराकानी भएको छ । सुख्खा बन्दरगाहा भनेको समग्र सुदूरपश्चिमको एउटा विकासको मुहान एउटा विकासको ढोका खुल्ने भएको कारणले यो सुख्खा बन्दगाहालाई हाम्रो संघ सरकारले नीति तथा कार्यक्रममा पनि ल्याएको थियो । बजेटमा पनि छुटयाएको छ अझै म के भन्न चाहान्छु भने यो हाम्रो प्रदेश सरकारले पनि यसलाई अझै त्यसलाई अगाडी बढाउनु पर्छ भन्ने धारणा राख्दछु । त्यस्तै किसिमले हाम्रो मजगाउँ विमानस्थल छ मजगाउँ विमानस्थललाई अगाडी बढाउनु पर्छ । मजगाउँ विमानस्थललाई हामीले अगाडी बढायौ भने हाम्रा पश्चिमका पहाडी जिल्लाहरुमा सबै ठाउँमा जान सक्ने मानसरोवर सम्म जान पर्यटनलाई पनि टेवा पुग्ने र त्यो पहिले चलिराखेको विमानस्थल भएका कारणले त्यसलाई सुचारु गर्नु पर्छ भन्ने किसिमले म हाम्रो सरकारलाई जोडदार माग गर्न

चाहान्छु र त्यसमा अझै केही पैसा विनियोजन गरेर त्यसलाई अगाडी बढोस भन्ने पनि कुरा राख्न चाहान्छु । त्यसै गरेर सरकारले ल्याएको ९ वटै जिल्लामा १५ सैयाको अस्पताल भन्ने कुरो आको छ १५ सैयाको नभएर त्यसलाई ५० सैयाको अस्पताल बनाएर अति आधुनिक इक्युपमेन्ट सहितको सम्पूर्ण अस्पतालहरु बने भनेपछि आगामी दिनमा त्यो काम आउछ त्यो भएको कारणले त्यसलाई अगाडी बढाउनु पर्छ । दोधारा चादनीमा रिङरोडको लागि डिपिआर भएको छ र त्यसलाई हामीले एउटा देखिने खालको प्रदेश सरकारले काम गरेको हो भन्ने खालको त्यो एउटा चाहि त्यहा रिङरोड बन्यो दोधारा चादनी वडा नं.८ मा विगत बर्षमा त्यहा क्रमागत रुपमा पैसा छुट्याएको छ । वडा नं.८ मा एउटा पुल छ त्यो बन्यो भने पछि भारतलाई उत्तराखण्ड उत्तरप्रदेश जोड्ने त्यो पनि हुने भएका कारणले त्यो पनि सरकारले ल्यायो भन्ने कुराहरु जावस र दलित मुक्त कमैया कमलरी भन्ने कुरा छ पूर्ववक्ता साथिहरुले पनि भनिसक्नु भएको छ । मलाई के लाग्छ भने यो दलित मुक्तकमलरी यो जति पनि कुराहरु छन् यो कागजमा मात्र नलेखेर यसलाई कार्यान्वयन होस र अर्को कुरा यो दलितका विषयमा अन्य विषयमा के भन्न चाहान्छु भने पछि मेरो निर्वाचन क्षेत्रमा म सम्पूर्ण हाउस लगायत सम्पूर्ण सुदूरपश्चिम प्रदेशका सम्पूर्ण चाहि जनताहरुलाई सभामखु महोदय मार्फत मेरो क्षेत्रमा आउनुहोस मेरो क्षेत्रमा प्रशिक्षण दिनुहोस मेरो क्षेत्रमा न दलित न क्षेत्री न बाहुन न ठकुरी कोही नभएर हामी एकजुट भएर हामी लागेका छौ मर्दा पर्दा सम्पूर्ण कुरा गर्दा हामी त्यसरी अगाडी बढ्ने भएका कारणले त्यो प्रकारले म सम्पूर्ण सिंगो सदनलाई के भन्न चाहान्छु भन्दा खेरी अब त्यो दोधारा चादनीबाट आएर यो दलित यो मुक्तकमैया जति पनि यसका समस्याहरु छन् विभिन्न जातजाति छन् त्यसलाई तीबाट सम्मान गर्नु पर्छ भन्ने सम्मान सिकेर जानु पर्छ भन्ने भनाइ राख्दछु र अब कुराहरु त धेरै थिए छोटो समय भएको कारणले यो सम्पूर्ण सभामुख मार्फत यो सम्पूर्ण सदनलाई यो सरकारलाई यो जसरी चाहि यो राम्रो छ र यो एकदम सबै सत्तापक्ष प्रतिपक्ष सबै एकजुट भएर यसलाई मिलेर यसलाई सुधार गरेर हामी पारितगरौ भन्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय अम्बी कुमारी थापा**

माननीय सभामुख महोदय, हामी आर्थिक बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम माथि छलफल गर्न गैरहेका छौ । त्यसको छलफल गर्दै गर्दा हामी ०७६।०७७ सालका केही बुदाहरु पनि नीति तथा कार्यक्रम भित्र आएका छन् । त्यसैले म यि बुदाहरुको बारेमा भन्न चाहान्छु । हामीले गत बर्ष दुइतिहाइको बहुमतले पास गरेको प्रदेश राजधानी पनि थियो त्यस प्रदेश राजधानीको बारेमा अहिले सम्म प्रदेश सभामा हामीले सुन्न पनि पाएका छैनौ एउटा प्रदेश सरकारले एउटा इट्टा पनि थप्न सकेको छैन भन्ने हामीले जानकारीमा आएको छ । त्यसको बारेमा के भैरहेको छ भन्ने कुरा मलाई जानकारी लिन मन लाग्यो र मैले यो प्रश्न उठाउन चाहेको हो । अर्को कुरा अहिले सम्म हामीलाई विद्यार्थीहरुलाई शैक्षिक प्रमाण पत्रका आधारमा ऋण दिने भन्ने कुरा पनि हामीले ल्याएका थियौ जस्तो लाग्छ मलाइ त्यसको बारेमा पनि मलाई के भन्न मन

लाग्यो भने अहिले सम्म कति जना विद्यार्थीलाई शैक्षिक प्रमाण पत्रको आधारमा ऋण दिएर ऋण लगानी गरेर विद्यार्थीले आफ्नो जीवनस्तर उन्नतीका लागि अगाडी बढाएको भन्ने कुराहरु पनि भन्न मन लाग्यो । एउटा प्रदेशको निर्वाचन क्षेत्र दुइवटा उद्योग भन्ने थियो त्यो उद्योग पनि अहिले सम्म कुनै जिल्लामा संचालन भएको देखिराखेका छैनौ । कतै यो उद्योग बझाङमा मात्रै छ कि भन्ने कुरा म भन्न चाहान्छु । अर्को एउटा स्थानीय तह सुपथ मुल्यपसल भन्ने थियो हामीले सुपथ मुल्यका पसलहरु पनि कहा संचालन गरेका छौ भन्ने कुराहरु म भन्न चाहान्छु जुन २१ नं. बुदामा लेखिएको छ । एक घर एक तालिम प्राप्त व्यक्ति कार्यक्रम अन्तरगत १० हजार कृषक व्यवसायिक तालिम प्रदान गरिने छ भनेर भनेका थियौ हामीले हामीले कति कृषकहरुलाई तालिम प्राप्त गरेर दक्ष बनाएका छौ भन्ने कुराहरु पनि मलाई जान्न मन लाग्यो र मैले यो क्वीसन गरेको हुँ । र थुप्रै कुराहरु हामीले लेखेका थियौ त्यही भएर मैले यो कुरा किन उठाएको हो भने गत सालको नीति तथा कार्यक्रममा आएका कुराहरु हामीले लागु गर्यौ कि गरेनौ । कति कुराहरु कार्यान्वयनमा गएका छन् कि छैनन भन्ने कुराहरु हामीले यसको समिक्षा गर्न जरुरी छ र अहिले सालको नीति तथा कार्यक्रममा ल्याउदै गरेका कुराहरु पनि हामीले भोली बजेटमा ल्याउन सक्ने कि कि नसक्ने भन्ने कुरा मुल कुरा हो भन्ने मलाई लाग्छ त्यसैले हामीले अहिले ल्याएको नीति तथा कार्यक्रम हामी सत्तापक्षका माननीयले एकदम हन्ड्रेडमा हन्ड्रेड प्रशेन्ट स्वागतयोग्य छ भन्दै गर्दा यो भोली लागु भएन भने हामीले हन्ड्रेड प्रशेन्ट ल्याउन त सफल भयौ तर लागु गर्न सफल हुन्छौ कि हुदैनौ भन्ने क्वीसन उठ्न सक्छ भन्न चाहान्छु । हामीले दलितका लागि कार्यक्रम पोरसालका लागि पनि छुट्याएका थियौ किन दलितहरुलाई छुवाछुत गरिन्छ त अझै पनि दलितका लागि कार्यक्रम छुटयाएका छौ । लक्षित बर्ग सँग किन कार्यक्रम पुग्दैन भन्ने कुराहरु म भन्न चाहान्छु । जुन बास्तविक पिडित दलित हुन तिनिहरु सम्म किन कार्यक्रम पुग्दैन । महिलाका लागि कार्यक्रम छुट्याएका छौ महिलाका लागि कार्यक्रम गर्दा हाम्रा छाउगोठमा महिलाहरु मरेको हामीले भोगेका छौ र हामी देखिरहेका छौ र हामी सुनिरहेका छौ र हामी सदनबाटै बोलीरहेका छु किन महिलाका लागि कार्यक्रम छुट्याएर लक्षित बर्ग सम्म त्यो कार्यक्रम गएर किन चेतनाका लागि कार्यक्रम गर्न सकिराखेका छैनौ बजेटको नाममा हामीले कार्यकर्तालाई पोस्याउने खालका बजेट मात्रै ल्याएका छौ कि भन्ने कुरा म भन्न चाहान्छु । एउटा यो मुख्यमन्त्री स्वंयसेवक भन्ने कार्यक्रम छ यो मुख्यमन्त्री स्वंयसेवक भन्ने कार्यक्रम यो एकदम कार्यकर्ता पाल्न र पोस्याउन मात्र ल्याएको कार्यक्रम जस्तो लाग्छ मलाई गत बर्ष पनि यो कार्यक्रम थियो । यो कार्यक्रमबाट भएका उपलब्धीहरुका लागि सुन्न मन लाग्यो र यहा यो रोष्टमबाट हामी सबैलाई जानकारी होस भन्न चाहान्छु किन भने प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रधानमन्त्रीको नाममा पनि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लागु भएको छ त्यो प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लागु हुदै गर्दा मान्छेहरु पहेला पहेला जकेट लाएर त्यो सडकका झारपात उक्काइरहेको हामीले देखेका छौ उखेली राखेको देखेका छौ त्यसैले यो मुख्यमन्त्री स्वंयसेवक कार्यक्रम देख्न पाएनौ त्यसको पनि हामीलाई जानकारी चाहिन्छ । अर्को कुरा मलाई के भन्न मन लाग्यो भने यो सुझाव कै रुपमा हाम्रो यो सुदूरपश्चिम

प्रदेशले मदिरा तास र जुवातास जस्ता बस्तुलाई हामीले नियन्त्रण गर्नु पर्छ र यसको नियन्त्रण गर्नको लागि प्रदेश सरकारले पूर्णरुपमा एउटा नीतिमै ल्याउनु पर्छ । र यसको लागि प्रदेश सरकारले यसलाई नियन्त्रण गरेर अगाडी बढावस भन्ने माग गर्न पनि चाहान्छु । अर्को कुरा सहकारीका कुराहरु छन् सहकारीका कुराहरु गर्दै गर्दा सहकारीमा प्रत्यक्ष महिलाहरु जोडिएका हुन्छन त्यसैले सहकारीका कार्यक्रम ल्याउदै गर्दा हामीले सहकारी मार्फत अनुदानका कार्यक्रम पनि ल्यायो भने महिलाहरुलाई राहात पुग्छ म भन्न चाहान्छु । अर्को कुरा मलाइ अलिकति भन्न मन लाग्यो पोर साल अघि नै हाम्रो माननीयज्यूले पनि भनिसक्नु भो हामीले सोध्यौ माननीयज्यूहरु बार्तामा जानु भयो र हामीले पटक पटक सोध्यौ अहिले पनि सोधी राछौ उहाहरुलाई के हो यो माननीयज्यू भनेर सोध्दा उच्च स्तरको बार्ता भयो अब कहिले आउछ परिणाम अहिले सम्म परिणाम आउन सक्या छैन अझ पनि उहाहरुलाई क्वीसन गर्छु हाम्रो दलको माननीयहरुलाई ३ जना माननीयज्यूहरु जानु भएको थियो र रा.ज.पा.को १ जना लगायर ४ जना माननीयहरु जानु भएको थियो के हो त त्यो उच्चस्तरको बार्ता त्यो बार्ताको परिणाम अहिले सम्म नआउनाको कारण के हो त्यो कहि यि ४ जना मिलेर त्यहा भित्र केही गरेर त आएनन भन्ने कुराहरु हामीले दलकै माननीयहरु पनि क्वीसन गरिरहेका छौ । त्यही भएर उच्च स्तरको बार्ता गर्दै गर्दा यि सबै माननीयहरुलाई जानकारी होस कि हामीले के गर्न सकेनौ बार्तामा त हाम्रो मुख्यमन्त्री, हाम्रो कानून मन्त्री, हाम्रो अर्थमन्त्री बसेका थिए हामीले सुन्न पाएका थियौ र यो बार्ताको निश्कर्ष केही आएन यो बार्ता के का लागि भन्ने कुरा पनि आयो हामीले बुझ्न सकेनौ पत्रकारहरुले लेखे पत्र पत्रिकामा छापे प्रतिपक्षले पनि अहिले बार्ता गर्यो योजना पायो र चुपचाप बस्यो भनेर लेखे तर केही पनि पाएको जस्तो मैले देखिराको छैन । हाम्रो सत्तापक्षका माननीयहरुले भने कम्मल ओडेर घ्यू खायो प्रतिपक्षले भने त्यो घ्यू सट्टा त हामीले पानी पनि खाएको जस्तो लाग्दैन त्यही भएर यो के भैराको हो भन्ने कुरा हामीले बुझ्न सक्या छैन कि त यस्ता बार्ताहरु गर्नु हुदैन गरेपछि केही कुराहरु कार्यान्वयनमा ल्याउनु पर्छ भन्ने कुराहरु मैले राखे र हामी महिला सशक्तिकरणका कार्यक्रम गर्दै गर्दा महिला स्वंयमसेविकालाई पनि हामीले ध्यानमा राख्नुपर्छ म भन्न चाहान्छु । किन भने महिला स्वंयसेविकाहरु त्यहाका प्रत्यक्ष महिलाहरु सँग जोडिएका हुन्छन् । त्यहा गाउँमा भएका गाउँपालिकाहरुसँग जोडिएको हुनाले महिला स्वंयसेविकालाई पनि केही विशेष व्यवस्था होस भन्न चाहे अर्को कुरा जुन यो बालविकासका शिक्षिकाहरु छन् बालविकासका शिक्षिकाहरु पनि हुन त ४ घन्टा मात्रै हो सरकारले तोकेको टाइम तर विद्यालयमा १०-४ नै पढाइरहेका हुन्छन त्यसैले तिनि महिलाहरुका लागि पनि केही प्रदेश सरकारले केही कुराहरु सोचोस भन्न चाहान्छु । धेरै कुरा नभनी नीति कार्यक्रम एकदमै राम्रो आएको छ भन्दै गर्दा तपाइहरुले उठाएका कुराहरु राम्रो छ एकदम राम्रो छ स्वागत योग्यछ भन्दै गर्दा यो कार्यान्वयनको पाटोमा अगाडी बढोस भन्ने कुराहरु म भन्न चाहान्छु र यत्ती भन्दै म विदा हुन्छु धन्यवाद ।

**गेल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय आज हामी आर्थिक बर्ष २०७७।०७८ को प्रदेश सरकारबाट पेश भएको नीति तथा कार्यक्रमको छलफलमा छौ । सर्वप्रथम त म यस कोभिड-१९ को विशम परिस्थितिमा पनि अति मेहनतका साथ जुन यो नीति तथा कार्यक्रम आएको छ त्यसको लागि म मुख्यमन्त्रीज्यू लगायत सम्पूर्ण मन्त्रीपरिषद्लाई हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय नीति र कार्यक्रम भन्न वित्तीकै मलाई लाग्दछ त्यसले चाहिने हाम्रो यो सिंगो प्रदेशको एउटा भविष्य र त्यसको विकास र त्यसको आगामी लक्ष्य र योजना भन्ने जनाउछ जस्तो मलाई लाग्दछ । त्यसैले सिमित साधन र स्रोतका बावजुत पनि जुन हाम्रो यो प्रदेश सरकारले नीति र कार्यक्रम ल्याएको छ त्यसको पूर्ण समर्थन पनि गर्न चाहान्छु । माननीय सभामुख महोदय आज हामी कोभिड-१९ को महामारीमा उभिएका छौ । यसैलाई लक्षित गरेर मलाई लाग्दछ अहिलेको प्रदेश सरकारले केही कार्यक्रम ल्याएको म देख्दछु । किन भने अहिले हामी मित्रराष्ट्र भारत लगायत तेस्रो मुलुकबाट आएका नेपाली दाजुभाइ दिदीबहिनीहरु जुन अहिले गाउँघरमा बेरोजगार अवस्थामा छन् । तिनिहरुको व्यवस्थापनको शिलशिलामा हुन सक्दछ । रोजगारीको अभिवृद्धि गर्ने कार्यक्रम देखि लिएर रोगबाट बचौ भोकबाट जोगाऔ र यस्तै सीप अभिवृद्धिका कार्यक्रम र उद्योग धन्दाका कार्यक्रमहरु पनि यो नीति तथा कार्यक्रममा समावेश भएको देख्दछु । त्यस्तै यो पुरुष प्रदान समाजमा जहा छोरी जन्मिदा एक किसिमको हाम्रो हेर्ने दृष्टि नै एउटा फरक हुने अवस्था र कहिले काही यति सम्मकी गर्भमा पनि भ्रुण हत्या जस्ता जघन्य अपराध हुने गरेको अवस्थामा जुन प्रदेश सरकारले छोरी जन्मिए पछिको जुन एउटा बीमाको व्यवस्था गरेको छ त्यो पनि एउटा स्रहानिय कार्य हो जस्तो मलाई लाग्दछ । त्यस्तै यो सरकारले जुन नीति तथा कार्यक्रममा दिगो विकासका लक्ष्य योजना तर्जुमा देखि लिएर लगानी अभिवृद्धि गर्ने कार्यहरुलाई पनि समावेश गरेको म देख्दछु । त्यस्तै मुलुकलाई संघीय गणतान्त्रिक लोकतन्त्रको अवस्था सम्म पुर्याउने महत्वपूर्ण योगदान पुर्याउने जनआन्दोलन जनयुद्धका सहिद, घाईते, बेपत्ता परिवार असहाय, असक्त जनजाति, दलित लोपन्मुख एकलमहिला बेरोजगार विपन्न बर्गलाई पनि लक्षित कार्यक्रमहरु मैले यस नीति तथा कार्यक्रममा पाएको छु । त्यस्तै एउटै सृष्टि सम दृष्ट भन्ने मुल नाराका साथ महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा जातिय भेदभाव उन्मुलनका कार्यक्रमहरु पनि समावेश गरेको देख्छु । सगसँगै यस प्रदेश सरकारले हरेक क्षेत्रमा चाहे कृषि क्षेत्रमा होस चाहे स्वास्थ्य क्षेत्रमा होस चाहे खेलकुद क्षेत्रमा होस चाहे त्यो सहकारीका क्षेत्रमा होस त्यसलाई पनि समेट्ने कोसिस गरेको म पाउदै छु र सँगसँगै जेहेन्दार विद्यार्थीहरु जुन आर्थिक अभावको कारणले उच्च शिक्षा अथवा मेडिकल पढ्नबाट बञ्छित भएका थिए त्यस्ता विद्यार्थीहरुका लागि पनि छात्रवृत्तिको व्यवस्था गरिएको मैले पाएको छु त्यसैले म धेरै कुराहरु भन्न चाहादैन समग्र रुपमा धेरै कुराहरु आएको छ तथापी अहिले एउटा प्रदेश मातहतका कार्यालयको हकमा सामाजिक विकास कार्यालय खोल्ने त्यो पनि आवश्यकता भन्ने लेखिएको छ मलाई जहा सम्म लाग्छ अहिलेको हाम्रो प्रतिपक्ष दलको गुनासो कार्यान्वयन पक्षमा

मात्र हामी फितलो छौं अन्य नीति तथा कार्यक्रम राम्रो भन्ने बुझिएकोले कार्यान्वयन पक्षलाई पनि मजबुद बनाउनको लागि हामीले पक्कै पनि आउदा दिनमा प्रत्येक जिल्लामा हाम्रा मातहतका कार्यक्रम र कार्यालयहरु स्थापा गर्नु पर्छ जसले गर्दा हाम्रा कार्यक्रमहरु निरविवाद रुपमा संचालन गर्न सजिलो हुन्छ भन्ने मैले विश्वास लिएको छु । त्यस्तै एउटा विद्यालय एउटा नर्स यो कार्यक्रम जसले गर्दा मानवको एउटा स्वस्थ हुने जुन नैसर्गिक अधिकार छ त्यसलाई पनि सम्बोधन गर्दछ जस्तो लाग्दछ र यस्तै किसिमले जुन अहिले हामी कुनै पनि अपराधिक कुराहरु कन्ट्रोल गर्नमा एक किसिमको अन्योलता छ कसैले प्रदेश प्रहरी प्रदेश अन्तरगत छैन अथवा संघीय मातहतमा छ एक आपसमा दोसारोपण गर्ने कुराहरु पनि आइरहेको अवस्थामा प्रदेश प्रहरीको अवधारणा लगायत प्रदेश अनुसन्धानका कार्यक्रम छ त्यो पनि एउटा स्वागतयोग्य कार्यक्रम छ । त्यस्तै प्रदेशका गाउँहरुलाई उज्यालो बनाऔं भन्ने कार्यक्रम जस अन्तरगत दुर्गम क्षेत्रमा एउटा बैकल्पिक उर्जाको सँगसँगै हाम्रो यो सुदूरपश्चिम प्रदेश हाइड्रोको क्षेत्रमा धेरै सम्भावना भएको क्षेत्र भएको हुनाले त्यस क्षेत्रमा पनि यो प्रदेश सरकारले बीचार गर्नु पर्दछ भन्ने मलाई लाग्दछ । यो सँगसँगै पर्यटकिय क्षेत्रको विकासको लागि चाहे हामीले त्यो धार्मिक पर्यटक हो चाहे सांस्कृतिक प्रयटन होस त्यो क्षेत्रमा पनि प्रवेश गरेको छ । त्यस्तै यस क्षेत्रका आदीवासि राना मुस्लिम राउटे सौकार लगायतका जनजातिहरुका लागि विशेष कार्यक्रम आएको छ सभामुख महोदय म अलि टाइम के लिन चाहान्छु भने देखि अहिलेको जल्दो बल्दो इस्यू अहिले जुन गर्व गर्ने विषय यो अतिक्रमित भूमीको बारेमा प्रदेश सरकारले बोलेको छ जसमा हाम्रो यो प्रदेश सरकारले त्यस क्षेत्रका बासिन्दाहरुलाई एक विशेष प्याकेज दिने भन्ने घोषणा भएको छ । त्यसका लागि म हृदय देखि नै स्वागत गर्न चाहान्छु र त्यस क्षेत्रको भूगोलको बारेमा भन्ने हो भने देखि त्यो एउटा मात्र गाउँपालिका त्यसक्षेत्रको वडा ब्यास गाउँपालिका वडा नं.१ जसको क्षेत्रफल ५६१ बर्गकिलोमिटर भएको म जानकारी गराउन चाहान्छु र सँगसँगै जो अहिले अतिक्रमित भूमिको जुन नजोडेको अवस्था हो जुन ३७२ किलोमिटरलाई पनि जोड्ने हो भने देखिन यो भूगोल धेरै ठुलो हुन आउछ त्यसैले म एउटा के पनि अनुरोध गर्न चाहान्छु भनेदेखि विगत लामो समय देखि त्यस क्षेत्रका बासिन्दाहरुले एउटा विना बर्दिको पुलिस अथवा सुरक्षाकर्मीको रुपमा त्यस क्षेत्रको रक्षा र बचाउ गरेकोले पक्कै पनि यो संघीयता पछि मान्छेले के पाउँछ भन्ने कुरा एउटा उदाहरणको रुपमा यो प्रदेश सरकारले सम्बोधन गरेको छ जस्तो मलाई लाग्दछ किन भने देखि आज पनि त्यो क्षेत्रका जनतालाई आफ्नै पालिका गाउँमा जानको लागि पनि मित्रराष्ट्र भारतको बाटो प्रयोग गर्नु पर्ने भएको हुनाले ढीलै भए पनि जुन त्यस किसिमको सम्बोधन भो त्यसको लागि पुन सुदूरपश्चिम प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिदै आउदा बर्षहरुमा हामीले पनि विगतका जुन कमीकमजोरीहरुबाट पाठ सिक्दै पक्कै पनि केही कमीकमजोरीहरु हाम्रो कार्यान्वयन पक्षमा भएको छ ती कार्यान्वयन पक्षलाई विगतबाट पाठक सिक्दै आगामी दिनमा ती कार्यान्वयन पक्षलाई सबल बनाउदै जुन हामीले सोचेको सुन्दर सुदूरपश्चिमको परिकल्पनालाई साकार हुने छ भन्ने कुरा राख्दै पुन यस नीति

तथा कार्यक्रमको समर्थन र यस सुदूरपश्चिम प्रदेशको उज्जल भविष्यको कामना गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सुशिला बुढाथोकी**

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रममा हामी छलफलको क्रममा छौ सभामुख महोदय यस नीति कार्यक्रममा सरसरती अध्ययन गर्दा खेरी २५३ बुदा र ४३ बुदा समिक्षाको बुदाहरु रहेको छ । सभामुख महोदय ती मध्यका सम्पूर्ण बुदाहरु अध्ययन गर्दा यस पालिको नीति तथा कार्यक्रममा असाध्ययी राम्रो जुन हाम्रो यस प्रदेशले परिकल्पना गरेको थियो । त्यो अनुसारको नीति तथा कार्यक्रममा समावेश भएको छ र धेरै बुदाहरु जस्तै कृषिमा धेरै राम्रो आएको छ । गत बर्ष पनि कृषिमा राम्रो नीति कार्यक्रम आएको छ । कार्यान्वयन पनि भएको छ र प्रत्यक्ष जनताहरु सँग प्रत्यक्ष सरोकार भएको कार्यक्रम भएकोले गर्दा स्वास्थ्य र शिक्षामा चाहि धेरै राम्रो बुदाहरु मैले भेटेकी छु । अरु बुदाहरुमा पनि राम्रो अहिलेको नीति कार्यक्रममा समावेश भएको छ । म यो मानेमा सरकारलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु र म यस नीति तथा कार्यक्रमको समर्थन पनि गर्न चाहान्छु । र मैले केही २-४ ओटा कुरा भन्न पनि चाहान्छु । यस नीति तथा कार्यक्रममा समावेश नभएको जस्तो मलाई महसुस भएको छ । जस्तो हाम्रो सातै वटा प्रदेशमा सबै भन्दा पहिले राजधानीको विषयमा नामाकरण र राजधानी तोकिएको थियो र यस नीति तथा कार्यक्रममा मैले कहि पनि नदेखेको हो या नभेटेको हो यो कुरा भन्न चाहान्छु । महिलाहरुको विषयमा हामी महिला जनप्रतिनिधीहरुको विषयमा नीति तथा कार्यक्रममा आएको छ तर समग्र रुपमा एकै ठाउँमा मिसिएर आएको छ त्यस कारणले गर्दा यो सबै प्रदेश भरीको सबै महिलाहरुको एकै खालको समस्या नभएको कारण यो बजेट आउदाखेरि महिलाहरुलाई छुट्टै छुट्टै जस्तै महिला दलित बालबालिका सबै एकै ठाउँमा आएको कारणले गर्दा कुन जिल्लामा कस्तो खालको महिलाहरुको समस्या छ त्यसलाई बर्गिकरण गरेर आयो भने राम्रो हुन्छ भन्ने मैले भन्न चाहान्छु र कृषिको हकमा मैले एउटा के सुझाव दिन चाहान्छु भने कृषकहरुलाई कृषि मिटर सँग जोड्नु पर्छ किन भने कृषकहरुलाई कृषि मिटरको आवश्यकता छ त्यस कारणले गर्दा कृषि मिटर चाहि उपलब्ध नभएको कारणले गर्दा किशानहरुलाई एकदम गारो भएको छ र कृषि मिटर सँग जोड्न सकियो भने अझै किसानहरु लाभांवित हुन्छ भन्ने कुरा राख्न चाहान्छु र अर्को कुरा महिला स्वास्थ्य स्वंयसेविकाहरुको कुरा पनि जड्न चाहे महिला बालबालिका भनिन्छ र महिला बालबालिका र स्वास्थ्य सँग प्रत्यक्ष समुदायमा घरदैलोमा जाने महिला स्वास्थ्य स्वंयसेविकाहरु हो उहाहरुलाई कुनै पनि सम्बोधन नगरिएको भेटीएको छ त्यस कारण महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई प्रोत्साहन स्वरुप हाम्रो यो प्रदेशले संघले त गरेको मैले देखे र प्रदेशले नगरेको कारणले गर्दा त्यसमा पनि ध्यान पुगोस भन्ने म राख्न चाहान्छु र यो महिलाहरुको कार्यक्रम पहिला निरन्तर गत सालको कार्यक्रम भएको र अहिले द्वारिका देवी ठकुरानी भन्ने कार्यक्रम छुटेको छ यसमा पनि ध्यान जावस भन्ने कुरा म राख्न चाहान्छु । एउटा यो नयाँ

कार्यक्रम आएको छ नया जन्मेको बालिकालाई जीवन बीमा भनेर आएको छ यो कार्यक्रम असाध्यै राम्रो छ यसले गर्दा खेरि जुन हाम्रो समुदायमा पेट भित्र भ्रुण हत्या गर्ने जस्तो स्थिति छ त्यसलाई न्यूनीकरण गर्न मद्दत पुग्ने छ यसलाई जस्तै २ नं. प्रदेशले बेटी बचाऔ भन्ने कार्यक्रम ल्याए जस्तै गरेर यसलाई निरन्तर रुपमा लैजाने र ती अबोध बालिकाहरु पेट भित्रै मर्ने अवस्था छ त्यसलाई पनि रोक्ने किसिमको कार्यक्रम ल्याउनु हुने छ भन्न चाहान्छु र महिलाहरुको विषयमा महिला जनप्रतिनिधीहरु धेरै छौ महिलाहरुलाई चाहि जनप्रतिनिधी बनाएर अहिले वडाको हिसावमा भन्नु हुन्छ भने दुइवटा महिलाहरु एउटा दलित महिला र एउटा खुला महिला हुनुहुन्छ उहाहरुको त्यति भूमिका नभए जस्तो उहाहरुले कुनै किसिमको क्षमता विकास हुने कुनै कार्यक्रमहरु मैले नदेखेको कारण हामीले त्यस्ता पालिकाहरुलाई त्यस्ता कार्यक्रम जनप्रतिनिधीहरुको क्षमता विकास हुने खालका कार्यक्रमहरु बनाएर पठाउन सक्यौ भने राम्रो हुने छ र आगामी बर्षहरुमा पनि उहाहरुलाई राजनितिमा क्षमता अभिवृद्धि हुने र हौसला बढ्ने छ भन्ने कुरा म राख्न चाहान्छु । र यो लिपिलेक कालापानीको कुरा एकदम हाम्रो सबैको सरोकारको विषय भएको हुनाले त्यहाको ब्यास गाविसलाई स्वास्थ्य शिक्षा रोजगारी सँग जोडेर त्यहाको जनतालाई चाहिने किसिमको हरेक सुविधा सम्पन्न बनाउनको लागि पनि म यो सरकारलाई अनुरोध गर्न चाहान्छु । यो नीति तथा कार्यक्रममा त्यो खुलेर आवस त्यहाका सबैलाई हुने गरी र त्यहाको जनताले दुख नपाउन भारतिय सँग पिडा भोग्न नपरोस र अर्काको भूमि प्रयोग गर्न नपरोस आफ्नै भूमिबाट बाटो बनोस र आफ्नै भूमिबाट हिड्न पाइयोस भन्ने कुरा पनि म यहा राख्न चाहान्छु र यो नीति तथा कार्यक्रममा सबै कुराहरु एकदमै राम्रो छ यसलाई कार्यान्वयनको मात्रै कमी छ र हामीले कार्यान्वयनमा निगरानी गर्नु पर्छ र खबरदारी गर्नु पर्छ भन्ने कुरा राख्दै नीति तथा कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै समर्थन गर्दै बिदा हुन्छु धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय प्रदेश सरकारको ०७७।०७८ को नीति तथा कार्यक्रम यो गरिमामय सभामा टेवल भएको छ । यो छलफलका लागि अगाडी बढाइयोस भनेर माननीय मुख्यमन्त्रीज्यूले यो प्रस्ताव अगाडी बढाउनु भा को छ यो प्रस्तावको नीति तथा कार्यक्रमको म समर्थन गर्न चाहान्छु । माननीय सभामुख महोदय यो प्रदेश सरकारले अहिले लिएको नीति अहिलेको तत्कालिन परिवेश भूगोल बर्ग क्षेत्रलाई मध्यनजर गरेर विशेष गरेर अहिले विश्वमै फैलिएको महामारीको रुपमा फैलिएको कोरोना भाइरसलाई मध्यनजर गरेर यो भाइरसबाट पर्न गएको क्षतिलाई पूर्ति हुने गरेर जुन नीति लिएको छ जुन कार्यक्रम सोचिएको छ । यो अत्यन्तै राम्रो छ स्वागतयोग्य छ यस कार्यक्रमको सम्पूर्ण माननीयज्यूले एकढीक्का भएर स्वागत पनि गरेका छन् र यो कार्यक्रमले लिएको नीति र प्रदेश सरकारले लिएको नीति प्रदेश सरकारले तय गरेका कार्यक्रमहरु अहिलेको समय सापेक्ष परिवेशलाई हेरेर भूगोल बर्ग र क्षेत्रलाई हेरेर हाम्रो विकासको गति कहा अवरुद्ध छ कहा ढीलाई भइराखेको छ कहा कठिनाइहरु छन् कुन समुदायलाई माथि उठाउनु पर्ने छ कुन

भूगोललाई माथि उठाउनु पर्ने छ भन्ने कुराहरुलाई प्राथमिकरण गरेर प्रदेश सरकारको बजेट आउने छ भन्ने कुराहरु विश्वास गरेको छु र सुझाव पनि दिन चाहान्छु । प्रदेश सरकारले अहिले धेरै खालका केही नयाँ महत्वपूर्ण कार्यक्रम नीतिहरुलाई अगाडी सारेको छ कार्यक्रमको रुपमा पनि ल्याएको छ यो साच्चीकै स्वागत योग्य छ कतिपय नाराहरु लिएका छन् यि नाराहरु चाहि कार्यक्रममा परिणत गरेर महत्वपूर्ण कार्यक्रमका रुपमा राखेर चाहि नारा लाई साकार गर्ने खालका कार्यक्रमहरु तया हुने छन् बजेटहरु त्यसरी आउने छ भन्ने कुराहरुको विश्वास पनि गर्न चाहान्छु माननीय सभामुख महोदय धेरै वटा बुदाहरु अति राम्रा छन् यसको जति ब्याख्या गरे पनि अझै कमि हुन्छ किन भने अहिले केही कुराहर चाहि गत बर्ष लिएका नीतिहरुको समिक्षा गरिएको छ ती समिक्षा गर्दा खेरी कतिपय गत सालमा लिएका नीतिहरुलाई निरन्तरता दिनु पर्ने कुराहरुलाई पनि निरन्तरताको रुपमा ल्याएको छ । केही नयाँ कुराहरु अहिलेको परिवेश सुहाउदा केही नयाँ कुराहरु गर्नु पर्छ भनेर पनि सरकारले केही नयाँ नीतिहरु केही नयाँ नाराका साथ अगाडी सारेको छ त्यसका लागि धन्यवाद दिन चाहान्छु प्रदेश सरकारलाई म एक दुइवटा कुराहरु मात्रै अलिकति सुझावको रुपमा दिन चाहान्छु । केही कुराहरु त धेरै राम्रा कुराहरु आएका छन् गत बर्ष यो पछाडि पारिएको बर्ग समुदाय सिमान्तकृत बर्गको कुराहरु गत बर्षको नीति कार्यक्रममा आएको थियो हामीले आशा गरेका थियौ अब यो बर्षबाट शुरुवात गरेको अर्को बर्षबाट घटेर आउछ भन्ने कुराहरु अपेक्षा गरेका थियौ । यो सीमान्तकृत बर्गलाई एकै ठाउँमा राखेर सोलोडोलोमा ल्याइएको छ म सरकारलाई अझ पनि सुझाव दिन चाहान्छु धेरै राम्रो नीति लिनु भाको छ । किन भने सुदूरपश्चिम प्रदेश भनेको एउटा विभेदको प्रदेश र चिनिने पनि गरेको छ त्यसले गर्दा खेरि हाम्रो सभाको गरिमा घटाएको छ र हाम्रा जुन उच्च ओहोदामा बसेका जनप्रतिनिधीहरुको चाहि सीर निहुरिने गरेको छ त्यस कारणले गर्दा सबै प्रकारका भेदभाव अन्त्य गर्ने नीति चाहि सरकारले प्रमुख नीतिको रुपमा अझै कार्यक्रमको रुपमा अगाडी सार्यो यसलाई सोलोडोलोको रुपमा अगाडी राख्न मिल्दैन किन भने महिलाहरुको आवश्यकता एकातर्फ छ भने दलित समुदायको आवश्यकता अर्को तर्फ छ । बालबालिकाका कुराहरु अर्को तर्फ छन् अपांग घाइते र बेपत्ता भएका समुदायको आवश्यकता एक खालको छ त्यसो भएको कारणले गर्दाखेरि दलित समुदायको तत्कालको आवश्यकता के हो अहिले के चाहि हामीले अन्त्य गर्न सक्छौ कहासम्मको छुवाछुतलाई हामी अन्त्य गर्न सक्छौ । अहिले हामी सार्वजनिक स्थलको छुवाछुतलाई मात्रै अन्त्य गर्ने हो कि अथवा सीप कला र व्यवसायलाई मात्रै हामीले चाहि आधुनिकिकरण गरेर उनिहरुको आर्थिक वृद्धि गर्ने हो कि राजनितिकमा उनिहरुको मुल धारमा राजनितिको मुलधारमा ल्याएर उनिहरुलाई निर्णायक तहमा पुर्याउने हो कि के गर्न सकिने हो त्यो कुराहरु चाहि ठोस रुपमा आउनु पर्छ । त्यसै गरेर महिलाहरुको हकमा पनि महिला सशक्तिकरण कार्यक्रमहरु गत साल आएको थियो । त्यो कार्यक्रमहरु छुटेको छ त्यो छुटाउनु हुदैन फेरी पनि यो महिला सशक्तिकरण कार्यक्रमलाई अझ प्याकेजको रुपमा अगाडी ल्याउनु पर्छ महिलाहरुको अब तालिम दिने कुरा मात्र होइन किन भने हिजोका दिन देखि धेरै संघ संस्थाहरुले महिलाहरुलाई तालिमहरु दिएका छन् । सीलाई कटाइको

तालिम नदिने कुनै संस्थाहरु चाहि छैन त्यसो भएको कारणले गर्दा अब तालिम दिने मात्र होइन कि तालिम प्राप्त दक्ष जनशक्तिलाई उद्योग र व्यवसायसँग कसरी जोड्न सकिन्छ यस्ता अनुदानका कार्यक्रमहरु दिएर उनिहरुलाई आत्म निर्भर कसरी बनाउन सकिन्छ । आर्थिक रुपमा बलियो बनाएर निर्णायक तहमा महिलाहरुलाई कसरी ल्याउन सकिन्छ । नेतृत्व गर्ने भूमिकामा महिलाहरुलाई कसरी ल्याउन सकिन्छ त्यतातिर नीति अझै कार्यक्रमहरु चाहि टुक्राएर अगाडी बढ्नु पर्छ जस्तो मलाई लाग्छ । अर्को कुरा महिला स्वास्थ्य स्वंयम सेविका विद्यालयका परिचर र बालविकास केन्द्रका सहजकर्ताहरुलाई जुन न्यून पारिश्रमिकमा उहाले चाहि खटेर काम गरिराख्नु भा को छ । जो प्रत्यक्ष जनतासँग ठोकिनु हुन्छ त्यो कार्यक्रम अत्यन्तै महत्वपूर्ण कार्यक्रम प्रदेश सरकारले लिएको नयाँ कार्यक्रम यो हो भनेर हामीले पहिलो बर्ष यो कार्यक्रम ल्याउदा खेरी हामीले भनेका थियौ र यो कार्यक्रमलाई पनि प्रोत्साहन भत्ता दिने कार्यक्रम जो छ यसलाई पनि निरन्तरता दिनु पर्छ अहिले प्राथमिकतामा राख्नु पर्छ छुट्नु हुन्न भन्ने कुरा म राख्न चाहान्छु । अर्कोकुरा सहकारीको कुराहरु छ हामी समाज रुपान्तरणको एउटा मात्र सहकारी पनि हो किन भने अधिकांस ऋण जनताहरु बैंक सँग जोडिएका छैनन बैंक खाताहरु छैन धेरै जसो अधिकांस महिलाहरु र अधिकांस सिमान्तकृत समुदाय भनेको सबै जोडिने भनेको त्यो सहकारी हो त्यो सहकारीबाट ऋण लिने र ऋण लगानी गर्ने र ब्याज असुली गर्ने कुराहरु छैन सामाजिक कुरितिका कुराहरु त्यो सहकारी मार्फत गर्न सकिन्छ । आत्म निर्भरका कुराहरु छ त्यो सहकारी मार्फत गर्न सकिन्छ त्यसो भएको कारणले गर्दा यो सहकारीसँग समाजिक आन्दोलनका कार्यक्रमहरु अगाडी बढाउनु पर्छ । जाति छुवाछुतको कुरा गर्ने हो भने यसको अघि पनि मैले भने माननीय टेक बहादुर रैका ज्यूले जुन भन्नु भएको छ एउटा नारा यो नारा पनि छुट्नु हुदैन किन भने अरु कार्यक्रमको थुप्रै नाराहरु चाहि बनाएको छ । अहिलेको यो एक्काइऔ शताब्दीको सन्देश जातिय छुवाछुत भनेर यो प्रदेशको नारालाई अगाडी बढाउनु पर्छ भन्ने कुरा राख्न चाहान्छु । त्यसै गरेर यो महिलाहरुलाई मात्रै लाग्ने एक खालको समस्या भनेको पाठेघर खस्ने समस्या हो । मैले शुरुको बर्ष नै यो रोष्टमबाट भनेको छु । सुदूरपश्चिममा २५ प्रतिशत महिलाहरु चाहि पाठेघर खस्ने समस्याबाट पिडित छन् अझै भन्ने हो भने महिलाहरुको समग्र जनसंख्याको एकतिहाइ महिलाहरु चाहि यो समस्याबाट पिडित छन् पाठेघर भनेको महिलाहरु सँग मात्रै हुन्छ त्यो समस्या महिलाहरुलाई मात्रै आउछ त्यसो भएको कारणले गर्दा जो अस्पतालहरु अहिले हाम्रा प्रादेशिक अस्पतालहरु छन् जो सुविधायुक्त अस्पतालहरु छन् जहा गर्न सकिन्छ त्यो खालको अस्पतालहरुमा चाहि एउटा उपचारको कुराहरु निशुल्क हुनु पर्छ भने अर्को रोकथाम मुलक यो के कारणले गर्दा खेरी पाठेघर खस्ने समस्या हुन सक्छ कसरी यसबाट बच्न सकिन्छ भन्ने खालका चेतनामुलक कार्यक्रमहरु पनि यसमा समावेश गर्नु पर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । अर्को कुरा प्राथमिकरण चाहि गर्नु पर्छ अहिलेको ५ नं. प्रदेशको कुरा चाहि सुदूरपश्चिम प्रदेशमा नहुन सक्छ सुदूरपश्चिम प्रदेशको समस्या कर्णाली प्रदेशमा नहुन सक्छ त्यसो भएको कारणले गर्दा यो संघीयताको मर्म पनि यही नै हो यो भूगोल क्षेत्र बर्ग र जनसंख्याको आधारमा गरिने जुन विभेद छ यसलाई प्राथमिकताका साथ राखेर

चाहि कार्यक्रम अगाडी बढाउनु पर्छ भन्ने कुराहरु राख्न चाहान्छु । सोलोडोलोमा आएको कार्यक्रमले सरकारले ल्याएको नीति पुरा हुन सक्दैन यसलाई टुक्राएर कार्यक्रममा प्याकेजको रुपमा चाहि अगाडी बढाउनु पर्छ भन्ने कुराहरु यसमा थप गर्नु पर्छ भन्ने कुरा राख्न चाहान्छु । अन्तमा माननीय सभामुख महोदय, अहिलेको कोरोनाले एकदमै त्रसित भैराखेको बेलामा क्वारेन्टाइनको कुरा जुन गरेका छन् यो क्वारेन्टाइन पालिकाले बनाएको छ यसले चाहि सरकारलाई धान्न सक्दैन यसले थप संक्रमण हुने र धेरै जसो कोरोना संक्रमितबाट भन्दा पनि त्यहा डर र त्रासले गर्दा त्यहा मान्छेहरु ज्यान गुमाउइ राखेका छन् । त्यसो भएको कारणले होम क्वारेन्टाइनलाई चाहि प्राथमिकता दिने र आइसोलेसन जिल्ला अस्पतालमा आइसोलेसन बेडहरु बढाउनु पर्छ । यसको साथ साथै अछामको अझै बयलपाटा अस्पताल भनेको अहिले राम्रो सेवा सुविधा दिने अस्पतालको रुपमा चिनिएको छ । राम्रो पनि गरिराको छ त्यसो भा को हुनाले एउटा विकल्प त्यहा हुन सक्छ बयलपाटा अस्पताललाई कोरोना उपचारको अस्पताल बनाईयोस भन्ने कुराहरु राख्दै आफ्नो भनाई यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय माया तामाङ्ग बोहरा**

माननीय सभामुख महोदय, प्रदेश सभा सुदूरपश्चिम प्रदेश छैटौ अधिवेशनको सातौ बैठकमा प्रदेश प्रमुख माननीय सर्मिला पन्तज्यूले आर्थिक बर्ष ०७७।०७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ । म प्रदेश प्रमुख र प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय आगामी बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम सम्बन्धमा हामी छलफल गरीरहेका छौ । छलफलको क्रममा पूर्ववक्ता माननीय ज्यूहरुले राखु भएको विचार प्रति म समर्थन व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय सुखि नेपाली समृद्ध नेपालको उद्देश्य बोकेर आएको नीति तथा कार्यक्रम जनताको आवश्यकतालाई परिपूर्ति गर्दै जनताको अपेक्षा अनुरुप विकासको लक्ष्य सृजना गर्दै प्रदेश सरकारलाई विकासको नयाँ उच्चमा पुर्याउने छ भन्ने म विश्वास व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय हाम्रो समाजमा हाम्रो प्रदेशमा हाम्रो स्थानीय तहमा दिन प्रतिदिन बढी रहेको कोरोना भाइरस कोभिड-१९ भन्दा महामारीले रुप लिइरहेको छन् । त्यो रुप हो हाम्रो समाजमा भ्रष्टाचार यसको निमित्त भैरहेको छ । यसलाई हामीले जडैबाट उखाल्ने नीति तथा कार्यक्रम समावेश गरि जनतामा सुशासनको प्रत्याभूति महसुस हुने गरि नीति तथा कार्यक्रममा ल्याएको छ । यसको लागि म प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, नीति तथा कार्यक्रममा हामीले हेर्दा खेरी २५३ वटा बुदाहरु समेटिएको छ । मलाई लाग्छ कि अहिले चाहि सबै भन्दा नारा चाहि रोगबाट बचौ भोकबाट बचाऔ भनेर जुन हामीले त्यो नाराहरु समेटेका छन् यसमा चाहि विशेष गरि एउटा नारा चाहि यसमा समेटि दिएको भए रोजगारीको सृजना थपिदिएको भए यो चाहि एकदम यो नीति तथा कार्यक्रममा काफि हुन्थ्यो माननीय सभामुख महोदय हामीले विगतका दिन देखि विगतका कार्यक्रमहरुमा चाहि नीति तथा कार्यक्रममा छुटेका पनि छन् यसमा चाहि विशेष गरी द्वारिका

ठकुरानी भनेर महिला सम्बन्धी कार्यक्रम राखेका थियौ यसलाई चाहि छुटेको छ यसलाई मैले पहिले देखि नै भन्दै आएको छु यसलाई हामीले ९ वटै जिल्लामा द्वारिका ठकुरानीको नाममा सेफ हाउसको स्थापना गर्न सकियो भने यसमा चाहि एकदमै महिलाहरुको लागि राहात हुने छ भन्ने सभामुख मार्फत यो निबेदन अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय विशेष गरि हामीले चाहि नयाँ नीति तथा कार्यक्रममा तीन वटा बुदाहरु थपिएको छन् । एउटा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र रहेको ब्यास गाविसलाई विशेष टेवा पुग्ने गरी कार्यक्रम ल्याउने छ भनेर यहा राखु भएको छ । म प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । अर्को नयाँ भर्खरै नयाँ जन्मिएका बालिकाको लागि एउटा जीवन बीमाको लागि कार्यक्रम ल्याउनु भएको छ यसका लागि पनि म प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । अर्को कुरा चाहि हाम्रो समय र परिस्थितिको आधारमा हाम्रो महामारी विश्वभरी फैलीरहेको कोरोना भाइरसलाई यसलाई व्यवस्थापन गर्नको लागि, यसको नियन्त्रण गर्नको लागि चाहि यो बुदा थप्नु भएको छ यसको लागि प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । अर्को कुरा चाहि हामीले थप्नु पर्ने बझाङ जिल्लामा महत्वपूर्ण जडिबुटी यार्सागुम्बा संरक्षण गर्न नीति तथा कार्यक्रममा विशेष कार्यक्रम ल्यावस भन्ने म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय, अर्को बझाङ जिल्लामा तामा, लोहा फलामहरुको चाहि खानीहरु पहिचान गरेर नीति तथा कार्यक्रममा ल्याएर यसको प्याकेजमै ल्याएर विशेष कार्यक्रम ल्यावस भन्ने म माग गर्न चाहान्छु धन्यवाद ।

**माननीय चुन कुमारी चौधरी**

माननीय सभामुख महोदय, यो सुदूरपश्चिमको नीति तथा कार्यक्रमको समर्थन गर्न चाहान्छु । यो नीति तथा कार्यक्रमले धेरै समेटेको छ । राम्रो पनि छ धेरै कुराहरु हाम्रो नेपालमा कालापानी लिम्पियाधुरा तथा हाम्रो भूभागलाई नेपाल सरकारले संघीय सरकारले नयाँ नक्शाको रुपमा एउटा नक्शा सार्वजनिक गर्नु भा छ यति मात्र हुदैन हाम्रो सुदूरपश्चिममा सबै भन्दा भूभागमा कंचनपुर, कैलाली लगायतका जिल्लाहरुमा सीमाना विभिन्न किसिमले मिचिएको छ । म आदणीय सभामुख महोदय हाम्रो कंचनपुर सीमानामा गोविन्द गौतम एउटा राष्ट्र र भूभागको लागि थुप्रै ज्यान बलिदान र घर त्याग गरेर जो संसारबाट विदाइ हुनु भयो उहाले देश र जनताको लागि गर्नु भयो मैले यति मात्रै भन्छु प्रदेश सरकारलाई एउटा गोविन्द गौतम यो हाम्रो नेपालको नक्शा र प्रदेशको यो हाम्रो प्रदेशको परेको हुनाले सीमाना एउटा नक्शाको रुपमा एउटा गौरवको तारवार र पर्खाल योजना नीति तथा कार्यक्रममा समेटे पछि अत्यन्तै राम्रो हुने छ भन्ने मैले अनुरोध गरे किन कि यता खकरौला कैलालीको मिचिरहेको अवस्था छ यता चाहि कंचनपुरको सीमाना मिचिएको छ उता दार्चुलाका यदि हामी आफ्नो राष्ट भूमि र देश र जनताको लागि यदि हामी सोचेनौ भने राजनिति कुन ठाउँमा गर्ने त्यही भएर यो सोच्नु पर्ने स्थिति छ यो राष्ट्रको एजेन्डा पहिला सुरुमा नै समेट्नु पर्ने देखिएको छ । आदणीय सभामुख महोदय हाम्रो सुदूरपश्चिमको जतिबेला पनि नीति तथा कार्यक्रम गत सालको पनि धेरै राम्राहरु आए तर एउटा महत्वपूर्ण अत्यन्तै अहिले जो नेपाल

सरकारको नक्शा सीमान्कन गर्नु भो त्यस्तै हामी पनि सुदूरपश्चिम प्रदेश सरकारले नयाँ राजधानीको नामाकरण गर्यौं सबै जनताले धेरै धन्यवाद दिए प्रसंशा गरे तर खोइ त्यो राजधानी गत साल ५ करोड रुपैया छुट्याायो त्यो के भयो मैले प्रश्न गर्न चाहान्छु कि दोहोरिराछ नीति तथा कार्यक्रममा यो अहिले सम्म एउटा गुरुयोजना बनाउनु त कहा गो डिपिआर यो एउटा इट्टा थप्ने कुरा साथिहरु गर्नु भो हाम्रो ५ बर्षको कार्यकाल अब मात्र २ बर्ष देखिन्छ । आदणीय सभामुख महोदय म सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु हामी कुन अनुहारले फर्किनु पर्ला । एउटा राम्रो काम राजधानी बनाएर जाऔ यहा राम्रो कुरा राख्नु भा छ बन्यजन्तु हरियाली एउटा करिडोरको रुपमा स्थापना गर्ने निर्माण म धेरै खुशी छु बन काट्ने होइन कि जहा संरचना बनाउने त्यही मात्रै निकाले र संरचना बनाउदा धेरै राम्रो छ त्यही भएर यो नीति तथा कार्यक्रम अत्यन्तै राम्रो छ तर यो किताबमा छ नि हामीहरुको चलन हामी जतिबेला नी धेरै विधेयकहरु पास गर्यौं विगत अधिवेशनमा पनि कार्यान्वयन तिर हामी एकदम फितलो छु अर्को तिर हामी योजना ल्याउछौं राम्रा योजनाहरु ल्याउछौं नीति तथा कार्यक्रममा आफै धेरै राम्रा छन् मर्यादित राम्रो बनाको अवस्था छ तर यो कार्यान्वयनको पाटो हामीसँग धेरै फितलो हुनाले मैले अब सभामुखज्यू मार्फत यो सम्मानीत सभामा अबको दिनमा आउने बजेटमा ०७७।०७८ को बजेटमा डल्लो बजेट नगरिकन हामी एउटा सबै माननीयको सम्मानको रुपमा रातो बुकमा निकालिदिनको लागि हार्दिक अनुरोध गरे किन कि अहिले हामी विगतमा जटिलताको रुपमा कुदिरहेको अवस्था छ । सरकार मन्त्री र माननीय र सम्बन्धीत निकायका कर्मचारी अहिले सम्म असार र जेष्ठ लास्ट सकिन लाग्यो योजनाको नाममा हामी घुमिरहेको अवस्था छ यदि हामी डल्लो बजेटलाई किताबमा छापिदिए पछि आफ्नो ढंगले प्राविधिक सर्वे गरेर काम अगाडी बढाइने छ यो टेन्सनबाट सरकार पनि दुर रहने छ र हामी पनि जनतालाई जवाफ देही हुन सक्नेछौं नत्र जनतालाई जवाफ दिने ठाउँ हुनेछैन भने मैले सरकारलाई ध्यानाकर्षण गराए । एउटा यहादेखी महिला दलित जनजाति अल्पसंख्यक राना थारु यो कार्यक्रम धेरै राम्रो छ अल्पसंख्यक थारु दलित महिला लगायतका कार्यक्रम छ त्यसैमा पनि कार्यक्रम मैले के अनुरोध गरे त्यसैमा पनि थारु यो ठाउँका २ वटा जिल्लामा थारु छन् गरिब विपन्न कमैया विभिन्न किसिमका थारुहरु छन् उहाहरुको लागि पनि एउटा क्षमता विकास सशक्तिकरण कार्यक्रम तथा लोकसेवा कार्यक्रम नीति तथा कार्यक्रममा राखिदिनका लागि मैले हार्दिक अनुरोध गरेर यो एउटा पुरा भयो दोस्रो हाम्रो कार्यक्रम टिकाराम पार्की, द्वारिका देवी ठकुरानी त्यस्तै कार्यक्रममा पनि धेरै साथिको कुरा उठ्यो तर यो कार्यक्रममा यो किन निरन्तर चलाइरहेको अवस्था छैन त्यसैमा पनि थारुहरुको कार्यक्रम पनि समावेश यो ठाउँमा थुप्रै ज्यान बलिदान गुमाएको अवस्था छ । चक्र डगौरा देखि थुप्रै सहिद नेताहरु छन् उनका नाममा एउटा कार्यक्रम बनाएर यो सबैलाई समावेशी हिसाबले लैजानु पर्छ भन्ने मैले अनुरोध गरे यो कार्यक्रम आफै राम्रो छ । आदणीय सभामुखज्यूलाई केही मिनेट थपिदिनको लागि अनुरोध गरे अब मानव रुपमा रहेको नेपालमा अहिले विश्वमा कोरोना भाइरस रोग चलिरहेको अवस्थामा स्वास्थ्यकर्मी सुरक्षाकर्मी लगायतका सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहान्छु र यो हरेक कैलाली जिल्ला मात्र नभएर सुदूरपश्चिम ९ वटै जिल्लामा

एउटा क्वारेन्टाइनमा बसेर भरिभराउ भएका सम्पूर्ण आम दाजुभाइ दिदि बहीनीहरुलाई आत्मसात आत्मबल बढाएर बस्नुस भन्ने मैले अनुरोध गरेर त्यही भएर यो सरकारलाई किटको लागि धेरै आवश्यकता परेको देखे जतिपनि क्वारेन्टाइनमा बसेका जनताहरुले हामीलाई क्वारेन्टाइमा मात्र राख्ने हो कि उपचार पनि गर्ने हो भनेर प्रश्न गर्दै हुनुहुन्छ । त्यसैले यो किटको पनि व्यवस्थापन गरिदिनको लागि हार्दिक अनुरोध गरे । यो सचिवालयमा हामीसँग जति पनि छ कर्मचारी साथिहरु विहान हामी ८ बजे देखि आउछौ उहाहरु त्यो भन्दा अगाडी आइसक्नु हुन्छ उहाहरु प्रति पनि हामी सरकारले अलि गम्भिर भएर जानु पर्छ र हामी सँगसँगै एउटा देशको चौथो अंग मिडिया संचारकर्मीहरुको पनि यहा नीति तथा कार्यक्रममा समेट्ने देखिन्छ किन कि उहाहरु पनि विभिन्न नाकामा गएर अहिले जोखिम अवस्थामा थुप्रै दौडिएर जादा पनि एउटा क्यामेरा बोकेर भन्दा हरेक ठाउँमा समस्याका बावजुत पनि एउटा सुचना निकालेर जो कार्यक्रमहरु रिपोर्ट निकालेको अवस्था छ त्यो पर्ति हाम्रो ध्यानाकर्षण हुनु पर्छ भन्दै म विदा हुन्छु हवस धन्यवाद ।

३. **माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७७।०७८ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मिति २०७७ साल जेष्ठ २३ गते शुक्रबार बिहान ८.०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।